DNL 109

Level 2

नेपाली पत्रकारिता र अनुवाद

(Nepali Journalism and Translation)

उत्तराखण्ड मुक्त विश्वविद्यालय

मानविकी विद्याशाखा

क्षेत्रीय भाषा

फोन नम्बर:०५९४६-२६११२२, २६११२३

टोल फ्री नम्बर: १८००१८०४०२५

इ-मेइल:info@uou.ac.in

http://uou.ac.in

ISBN: ---------------------
प्रकाशन वर्ष—अप्रेल 2025
कपिराइटः उत्तराखण्ड मुक्त विश्वविद्यालय
संस्करणः पहिलो
प्रकाशकः कुलपति, उत्तराखण्ड मुक्त विश्वविद्यालय, हल्दवानी-263139, उत्तराखण्ड

(यो सामग्रीको कुनै पनि अंश उत्तराखण्ड मुक्त विश्वविद्यालयको लिखित अनुमतिबिना कुनै पनि रूपमा अथवा मिमियोग्राफी एवम् चक्रमुद्रणद्वारा वा अन्य उपायले पुनः प्रस्तुत गर्ने अनुमति छैन)

अध्ययन परिषद्

प्रो. रेनू प्रकाश निर्देशक, मानविकी विद्याशाखा उत्तराखण्ड मुक्त विश्वविद्यालय	डा. राजेन्द्र सिंह क्वीरा सहायक प्राध्यापक पत्रकारिता एवं मीडिया अध्ययन विद्याशाखा उत्तराखण्ड मुक्त विश्वविद्यालय
प्रोफेसर दिवाकर प्रधान विभाग प्रमुख, भारतीय भाषा विभाग काशी हिन्दू विश्वविद्यालय	डा. अनिल कार्की सहायक प्राध्यापक, हिन्दी विभाग मानविकी विद्याशाखा उत्तराखण्ड मुक्त विश्वविद्यालय
डा. राज कुमार छेत्री सहायक प्राध्यापक, नेपाली विभाग दार्जिलिङ सरकारी महाविद्यालय, दार्जिलिङ, पश्चिम बङ्गाल	प्रो. खगेन्द्र जोशी प्राध्यापक, सुदूर पश्चिमाञ्चल विवि महेन्द्रनगर, नेपाल

विषयवस्तु विशेषज्ञ

डा. खगेन शर्मा गुवाहाटी विश्वविद्यालय

पाठ्यक्रम संयोजन

डा राजेन्द्र सिंह क्वीरा **सहायक प्राध्यापक** **पत्रकारिता एवं मीडिया अध्ययन विद्याशाखा** **उत्तराखण्ड मुक्त विश्वविद्यालय**

पाठ्यक्रम सम्पादन

डा. खगेन शर्मा गुवाहाटी विश्वविद्यालय

एकाइ लेखक र अनुक्रम

विषयवस्तु	क्रेडिट	लेखक	पृष्ठ
पत्रकारिता अनि यसका विशेषता र प्रकार	२	डा पारसमणि दङ्गाल	५
नेपाली पत्रपत्रिका तथा समाचारपत्रको इतिहास	२	डा पारसमणि दङ्गाल	४१
अनुवादको पृष्ठभूमि र महत्त्व	२	डा गोविन्दराज भट्टराई	५९
नेपाली अनुवादको इतिहास र प्राथमिक चरणको अनुवाद	२	डा खगेन शर्मा	७७

नेपाली डिप्लोमा कोर्स'को प्रशासनिक अनुमोदन

उत्तराखण्ड मुक्त विश्वविद्यालय, हल्दबानीले सन 2021 देखि नेपाली सर्टिफिकेट कोर्स प्रारम्भ गरेको थियो र सन 2025 देखि दोस्रो सेमेस्टर पनि पनि थपेर पूर्णाङ्ग रूपमा 'नेपाली डिप्लोमा कोर्स' बनेको छ। नियमित रूपमा कक्षामा उपस्थित रहन नसक्ने विद्यार्थीहरूका लागि तथा नेपाली भाषा, साहित्य, कला र संस्कृतिको प्रारम्भिक ज्ञान हासिल गर्न यो कोर्स मददगार हुन्छ। नेपाली भाषाको संरक्षण र विकासका लागि गरिएको यो प्रयास महत्वपूर्ण भएको छ।

यो डिप्लोमा कोर्स जम्मा 80 क्रेडिटको हुन्छ, जसलाई एक वर्षको अवधिमा दुई सेमिस्टरमा विभाजित गरिएको छ, प्रत्येक सेमिस्टरको अवधि छ-छ महिनाको हुन्छ र प्रत्येक सेमिस्टरमा 40–40 क्रेडिट निर्धारण गरिएको छ। प्रत्येक सेमिस्टरमा 4 वटा पत्रमा 8 क्रेडिट गरी जम्मा 32 क्रेडिटको लिखित परीक्षा र 8 क्रेडिटको मौखिक तथा व्यावहारिक अनुबन्ध रहने गर्दछ।

कक्षा 12 उत्तीर्ण गरेका विद्यार्थीहरू 'नेपाली सर्टिफिकेट कोर्स' मा भर्ना लिन सक्नेछन्, र 'सर्टिफिकेट कोर्स' उत्तीर्ण गरेका विद्यार्थीहरू 'नेपाली डिप्लोमा कोर्स' मा भर्ना लिन योग्य हुनेछन्। अर्थात्, पहिलो सेमेस्टर उत्तीर्ण गर्नेले 'नेपाली सर्टिफिकेट कोर्स' को डिग्री प्राप्त गर्नेछन् भने दुवै सेमिस्टर सफलतापूर्वक उत्तीर्ण हुनेले 'नेपाली डिप्लोमा कोर्स' को प्रमाणपत्र प्राप्त गर्नेछन्।

एकाइ एक
पत्रकारिता अनि यसका विशेषता र प्रकार

एकाइको संरचना

१. प्रस्तावना

२. उद्देश्य

३. पत्रकारिताको अर्थ

४. पत्रकारिताको परिभाषा

५. पत्रकारिताको महत्व र विशेषता

६. पत्रकारिताका प्रकार

६.१. सञ्चालन प्रकृतिका आधारमा पत्रकारिता

६.२. प्राविधिक आधारमा पत्रकारिता

६.३. अवधिगत आधारमा पत्रकारिताका प्रकार

६.४. विषयवस्तुका आधारमा पत्रकारिताका प्रकार

६.५. भौगोलिक आधारमा पत्रकारिताका प्रकार

७. निष्कर्ष

८. अभ्यास प्रश्न

९. थप अध्ययनका लागि सन्दर्भ सामग्री

१. प्रस्तावना

प्रस्तुत पाठ्यांश पत्रकारिताको अर्थ, परिभाषा, पत्रकारिताको महत्व र विशेषता अनि यसका विभिन्न प्रकारमा केन्द्रित रहेको छ। यसमा विशेषतः पत्रकारिताका विभिन्न प्रकार र भेदको संक्षिप्त परिचय दिइएको छ।

२.उद्देश्य

प्रस्ततु पाठ्यांशका निधारित पाठ्यवस्तुको अध्ययनपछि विद्याथीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन्-

क. पत्रकारिताको अर्थ अनि परिभाषाका सन्बन्धमा जानकारी लिन,
ख. पत्रकारिताको महत्व र विशेषता बुझ्न,
ग. प्रकारिताका विभिन्न प्रकारका बारेमा जानकारी लिन,
घ. विषयवस्तुगत आधारमा पत्रकारितालाई बुझ्न
ङ. समाजमा पत्रकारिताको भूमिकाबारे जानकारी लिन।

२. पत्रकारिताको अर्थ

सामान्य रूपमा पत्रकारिता भन्नाले समाचारपत्र तथा पत्र-पत्रिकामा लेख्ने-छपाउने कार्य बुझिन्छ। तर व्यापक अर्थमा पत्रकारिता भन्नाले सूचना, सन्देश, खबर अथवा जानकारीका सङ्कलन, लेखन, सम्पादन आदि कार्यपश्चात् प्रकाशन वा प्रसारण गर्ने व्यवस्था विशेषलाई पनि बुझाउने गर्दछ। नेपाली बृहत् शब्दकोशले पत्रकारिताको अर्थ खुलाउँदै पत्रकारले गर्ने काम, पत्र-पत्रिकासम्बन्धी धन्धा वा क्रियाकलाप, पत्रकारहरूको काम, कर्तव्य, उद्देश्य आदिको विवेचन हुने विद्या भनी उल्लेख गरेको छ।

पत्रकारिता शब्दको व्युत्पत्ति संस्कृतको 'पत्र' शब्दबाट भएको हो र 'पत्र' शब्द चाहिँ 'पत्' धातुमा 'ष्ट्रन' प्रत्यय लागेर बनेको शब्द हो। 'पत्'-को अर्थ झर्नु हो। रूखको पात भुइँमा झर्नुलाई 'पत्' भनिएको पाइन्छ। प्राचीनकालमा, जब कागजको आविष्कार भएको थिएन, त्यस बेला मानिसले

आफ्नो सन्देश, समाचार आदि प्रायः रूखका ठुल्ठुला पातमा लेखेर पठाउने गर्थे। त्यसैले ‘पत्र’ शब्द चिट्ठीको पर्यायवाची बनेको छ। ‘पत्र’ शब्दको अर्थ वृक्षको पात, पत्ती, पर्ण अथवा त्यो कागज हो, जसमा कसैलाई पठाएको वा लेखिएको सन्देश अथवा समाचार हुन्छ, त्यसलाई चिट्ठी वा पत्र भनिन्छ।

भारतीय साहित्य सङ्ग्रहमा *‘पत्रकारिता’* शब्दको व्युत्पत्ति *‘पत्र’* शब्दमा *कृ+णिनि+तल्+टाप* जोडिएर व्युत्पन्न भएको देखाइएको छ। यसको अर्थ हुन्छ पत्रकार भएको अवस्था अथवा भाव। यसैमा पत्रकारको काम अथवा त्यो विद्या जसमा पत्रकारको कार्य, कर्तव्य, उद्देश्य आदिको विवेचन हुँदछ। नेपाली, हिन्दीजस्ता आधुनिक भारतीय आर्य भाषामा प्रयुक्त ‘पत्रकारिता’ शब्द अङ्ग्रेजी भाषाको ‘जर्नालिज्म’ (journalism) शब्दको रूपान्तरण हो। ‘जर्नालिज्म’ शब्द फ्रान्सेली भाषाको ‘जर्नल’ शब्दबाट विकसित भएको हो। जर्नलको अर्थ दैनन्दिनको काम अथवा दैनिकी भन्ने बुझिन्छ। ‘जर्नल’ शब्द चाहिँ ल्याटिन भाषाको ‘डिअरनलिस’ (diurnalis) बाट विकसित भएको हो, जसको अर्थ पनि दिन वा दैनिक नै हो। यसरी हेर्दा अङ्ग्रेजीको ‘जर्नालिज्म’ शब्द ल्याटिन र फ्रान्सेली शब्दबाट विकसित भएको देखिन्छ।

अतः पत्रकारिता वा जर्नालिज्म शब्दले दैनिक सूचना, सन्देश, समाचार, खबर, जानकारी आदि दिने कार्यसित सम्बन्धित व्यवसाय वा पेसा भन्ने अर्थ दिँदछ।

३. पत्रकारिताको परिभाषा

पत्रकारितालाई विभिन्न विद्वान्ले विभिन्न रूपमा परिभाषित गरेका छन्, जसमध्ये केही प्रमुख परिभाषालाई तल प्रस्तुत गरेर हेर्न सकिन्छ-

- लालदेउसा राईका अनुसार पत्रकारिता भनेको ताजा घटनाका विवरण सङ्कलन गर्नु र त्यसलाई सम्पादन गरी अखबार वा रेडियो वा टेलिभिजन आदिका माध्यमबाट पाठक, श्रोता वा दर्शकसमक्ष सरल सम्प्रेषणीय भाषामा सञ्चार गर्नु हो।
- श्रीराम खनालअनुसार समाचार माध्यमबाट समाजमा भएका वा भइरहेका घटना, घटनासम्बन्धी विचार, सूचना, दृष्टिकोण एवम् दृश्यहरू सङ्कलनका साथै लेखन, सम्पादन, प्रकाशन वा प्रसारण गर्ने कला नै पत्रकारिता हो।
- सिक्किमका पत्रकार विजय बान्तवाका अनुसार पत्रकारिता एउटा त्यस्तो विषय हो, जसमा अध्ययन, मनन र चिन्तन गर्न सकिन्छ। पत्रकारिताले मानिसको दैनिक जीवनका घटनाक्रम र समसामयिक विचारधारा र सामाजिक चिन्तनका कुरा बोकेको हुन्छ।
- ए बी कोइरालाका अनुसार पत्रकारिता भनेको शब्द, ध्वनि वा चित्रका माध्यमबाट प्रस्तुत गरिने दैनिक घटनाक्रमको विवरण हो, जसका माध्यमबाट हामीले समाचार, विचार, शिक्षा, ज्ञान, मनोरञ्जनजस्ता सामग्री पाउँदछौं।
- डी आर घिमिरेका अनुसार पत्रकारिता भनेको सूचना वा सञ्चार माध्यमसँग सम्बन्धित उद्योग वा व्यवसाय हो। खासगरी जनसञ्चारका साधन पत्रकारिता, रेडियो, टेलिभिजनलगायत अन्य विभिन्न साधनहरूका लागि कार्यक्रम उत्पादन, सामग्री सङ्कलन र तिनको व्यवस्थापन गर्ने कार्य यसभित्र पर्दछ।
- सी जी मुलरका अनुसार पत्रकारिता सामयिक ज्ञानको व्यवसाय हो, यस व्यवसायमा आवश्यक तथ्यको प्राप्ति, सावधानीपूर्वक तिनको मूल्याङ्कन तथा उचित प्रस्तुतिकरण पर्दछ।
- डेविट वेन राइटले भनेका छन्, पत्रकारिता जनसञ्चार हो। यसले विश्वमा भइरहने नवीन जानकारी लिन उत्सुक मानवीय जिज्ञासालाई सन्तुष्ट पार्नका लागि, दैनिक घटनालाई शब्द, ध्वनि वा तस्वीरका माध्यमबाट प्रस्तुत गर्छ।

- अल्फ्रेड ए क्रोवेलले पत्रकारिता जनसञ्चारका माध्यमद्वारा प्रस्तुत गरिने समसामयिक अभिरूचिका सामग्रीको सङ्कलन र सम्पादन कार्य हो भनेका छन्।
- जिवर्ज फक्स मटले पत्रकारिताको परिभाषा दिँदै भनेका छन्, पत्रकारिता जनताका बारेमा जनताकै लागि विकसित सञ्चार माध्यम हो। जनताका ज्ञानका लागि रचनात्मक सेवा र सूचना प्रदान गर्ने महत्त्वपूर्ण साधन पनि पत्रकारिता हो।
- साहित्यशास्त्री मेथ्यु आर्नल्डका अनुसार पत्रकारिता हतारिएको साहित्य हो।
- डेनिस मक्वाइलका अनुसार पत्रकारिता भनेको सार्वजनिक सरोकारका समसामयिक घटनाका सन्दर्भमा जनसञ्चारका माध्यम (श्रव्यदृश्यसमेत)-का लागि लेखिएको भुक्तान लेखन (पेड राइटिङ) हो।
- फिलिप ग्राहमका मतमा पत्रकारिता इतिहासको पहिलो पाण्डुलिपि हो।
- भारतीय विद्वान् कृष्णबिहारी मिश्रका अनुसार पत्रकारिता त्यस्तो विद्या हो, जसमा पत्रकारको काम, कर्तव्य र उद्देश्यको विवेचना गरिएको हुन्छ। आफ्नो युग र सम्बन्धमा लेखिने कुरा नै पत्रकारिता हो।
- ए आर डङ्गवालका मतमा मूलतः पत्रकारिता समाचारको सम्प्रेषण हो, तर यसमा पाठकका मनोरञ्जनका लागि केही सामग्री पनि हुनसक्छन्, पत्रकारिता घटनाको यस्तो विवरण हो, जसलाई तत्कालै लेखिन्छ। यो कुनै अन्तिम दीर्घकालीन अध्ययन होइन। यसमा सामयिकता अत्यन्त महत्त्वपूर्ण हुन्छ।
- हरिमोहनका मतानुसार पत्रकारिता नवीनतम घटनाका जानकारी एवम् विचारलाई सावधानीपूर्वक छानेर तिनको मूल्याङ्कन गरी आवश्यकताअनुसार विश्लेषण वा समीक्षा गर्दै कुनै पनि तरिकाले सञ्चार माध्यम (छापा वा विद्युतीय)-मार्फत् जनतासमक्ष पुऱ्याउने प्रक्रिया हो।
- बी एन अहुजाका मतअनुसार पत्रकारिता सामाजिक क्रियाकलापको एउटा त्यस्तो माध्यम हो, जसले समाजका बारेमा समाचार र विचारको प्रसारण वा वितरण गर्ने गर्दछ।

समग्रमा पत्रकारिता भनेको त्यो सामाजिक सञ्चार हो, जसले समाजलाई सदैव सचेत र सुसूचित राख्ने काम गर्दछ। अर्का शब्दमा भन्ने हो भने पत्रकारिताले समाजलाई जीवन्त बनाउनमा सक्रिय भूमिका

निर्वाह गरेको हुन्छ। वास्तवमा विश्वमा भइरहने दैनिक घटनाक्रमलाई सर्वव्यापीकरण गरेर जनसमुदायसमक्ष पुऱ्याउने सञ्चार माध्यमको सशक्त रूप नै पत्रकारिता हो ।

४. पत्रकारिताको महत्व र विशेषता

पत्रकारिता एउटा सामाजिक क्रियाकलाप हो, जसले समाजलाई सदैव सचेत र सुसूचित राख्ने काम गर्दछ। विश्वमा भइरहने दैनिक घटनाक्रमलाई सर्वव्यापीकरण गरेर सर्वसाधारणसमक्ष पुऱ्याउने एउटा सशक्त सञ्चार माध्यम पत्रकारिता हो। विज्ञान र प्रविधिका विकासले पत्रकारितालाई सँगसँगै गतिशीलता प्रदान गरिरहेको छ।

पत्रकारिता सभ्यसमाजको शिक्षक, समालोचक र पहरेदार हो, जसले समाज परिवर्तन र सुधारमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। पत्रकारिता असक्षम र कमजोरवर्ग तथा जनताको आवाज हो जसले समाज भएका विकृति र विसङ्गतिहरूलाई प्रकाशमा ल्याएर सर्वसाधारण नागरिकको पक्षमा वकालत गर्दछ । पत्रकारिताले शासक र शासित वर्गबीचको भेदलाई कम गर्दै आपसी संवाद, सहमति, र सहकार्यको वातावरण सिर्जना गर्दछ । यसले समाजमा लुकेर गरिने भ्रष्टचारलाई पर्दाफास गर्दै सभ्य समाज निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

ओझेलमा परेका पछाडिएका, हेपिएका विकासको मुलधारमा नसमेटीएका सर्वसाधारण नागरिकलाई सशक्तिकरण गर्ने माध्यम नै पत्रकारिता हो । पत्रकारिताको महत्वलाई प्रकाश पार्दै अङ्ग्रेजी लेखक तथा पत्रकार ओस्कर वाईल्डले भनेका छन् “अमेरिकामा राष्ट्रिपतिले पाँच वर्षसम्म शासन गर्छन्, तर पत्रकारिताले त सधै सधै शासन गरिरहेको हुन्छ ।” पत्रकारिताको महत्व र विशेषता बुझाउन ओस्कर वाईल्डको यो भनाई नै पर्याप्त छ ।

५. पत्रकारिताका प्रकार

ज्ञान-विज्ञान र कलाका अन्य शाखाका तुलनामा पत्रकारिताको उद्‌भव धेरै पछिबाट भएको भए तापनि यसको विकास भने द्रुतगतिमा भएको पाइन्छ। वैज्ञानिक उपकरणका विकासले यसका स्वरूप र प्रकारमा उत्तरोत्तर परिवर्तन र वृद्धि हुँदै गइरहेका छन्। समयको गति र मानव समाजको विकास तथा सभ्यता सँगसँगै पत्रकारिता विभिन्न प्रकार-भेदमा विभाजित भइरहेको छ। आधुनिक पत्रकारिता नयाँनयाँ वैज्ञानिक उपकरणका विकाससित जोडिन पुगेको छ, फलस्वरूप पत्रकारिताका नयाँ स्वरूप र प्रकारमा वृद्धि भइरहेका छन्।

पत्रकारिताका प्रकारलाई सञ्चालन प्रकृति, प्राविधिक, अवधिगत, विषयवस्तुगत र भौगोलिक प्रकृतिका आधारमा पनि विभाजन गर्न सकिन्छ।

६.१. सञ्चालन प्रकृतिका आधारमा पत्रकारिता

सञ्चालन प्रकृतिका आधारमा पत्रकारितालाई (क) व्यावसायिक पत्रकारिता र (ख) अव्यावसायिक पत्रकारिता गरी दुई भेदमा विभाजन गर्न सकिन्छ-

६.१.१. व्यावसायिक पत्रकारिता : साधरणतः व्यावसायिक पत्रकारिता भन्नाले व्यवसायमा आधारित दक्ष मानव संसाधनद्वारा सञ्चालित पत्रकारिता बुझिन्छ। बीसौँ शताब्दीको आरम्भदेखि नै पत्रकारिताको व्यवसायिकीकरणमा दक्ष मानव संसाधनको आवश्यकता अनुभव गरिन थालिएको हो। समाचारपत्रमा स्थायी एवम् पूर्णकालिक रूपमा सक्रियताका साथ कार्य गर्ने पत्रकारलाई नै व्यावसायिक पत्रकार भनिन्छ। त्यस्ता व्यावसायिक पत्रकारले पत्रकारिताका विभिन्न पक्षमा दक्ष हुनाका लागि सम्बन्धित संस्थानबाट प्रशिक्षण लिएर प्रामाणित हुनुपर्छ।

पत्रकारिता शुद्ध मुनाफा आर्जनका निम्ति गरिने व्यापार नभएर व्यवसाय भएको भए तापनि यसको दैन्दिन खर्च, कर्मचारी एवम् पत्रकारका वेतन, प्राविधिक खर्च, खबरकागज एवम् मुद्रण खर्च

आदि जुटाउनको निम्ति विज्ञापन सङ्ग्रह गरी समाचारपत्रको बिक्रीवितरण गरिन्छ।यसको दीर्घकालीन सञ्चालन एवम् नियमितताका निम्ति यसको आयस्रोत बलियो हुन आवश्यक हुन्छ। समाचारपत्रको अव्यावसायिकीकरणले यसको आयस्रोतमा प्रतिकूल प्रभाव पर्दछ। पाठकलाई रूचिअनुसार अनि बजारका मागअनुसार सामग्री दिनु नै पत्रकारिताको धर्म हो। यदि कुनै कारणवश समाचारपत्रको सञ्चालनमा व्यावसायिक कमजोरी देखापरे त्यसको बिक्री वितरण र विज्ञापनमा समेत प्रतिकूल प्रभाव पर्दछ। त्यसो हुँदा धैरैजसो समाचारपत्र आर्थिक सङ्कटमा परेका छन्। अतः दक्ष मानव संसाधनद्वारा व्यवसायका रूपमा पत्रकारिता सञ्चालन गर्नु नै व्यावसायिक पत्रकारिता हो।

व्यावसायिक पत्रकारिताअन्तर्गत अखबारी पत्रकारिता अथवा समाचार पत्रकारिता पर्दछ। समाचारपत्रमा कार्यरत सम्पादक, प्रबन्ध सम्पादक, सह-सम्पादक, सहायक सम्पादक, वरिष्ठ संवाददाता, संवाददाता आदि सबै नै व्यावसायिक पत्रकारका श्रेणीमा पर्दछन्।

६.१.२. अव्यावसायिक पत्रकारिता : अव्यावसायिक पत्रकारितालाई चिन्तनपरक पत्रकारिता (Think Tank Journalism) मुनाफारहित पत्रकारिता (Non-profit journalism/not-for-profit journalism) पनि भनिन्छ। लोकहित एवम् जनकल्याणार्थ जनसरोकारका विषयलाई कुनै प्रकारको आर्थिक लाभको कामना नगरी सञ्चालन गरिने पत्रकारितालाई अव्यावसायिक पत्रकारिता भन्दछन्। यसमा समाचारपत्रका प्रबन्धनमा हुने लागत खर्चको परिपूर्तिका निम्ति व्यक्तिगत चन्दा एवम् कुनै संस्थान अथवा निकायबाट अनुदान लिइएको हुन्छ। यस्ता पत्रकारिताले जनसरोकारका विषयलाई उठान गरी जनहितको भाव वा विचार सिर्जना गर्ने कार्य गर्दछ।

अव्यावसायिक पत्रकारिताअन्तर्गत शैक्षिक संस्थान, सरकारी निकाय, विश्वविद्यालय, गैरसरकारी सङ्गठन आदिबाट जनहितका भावना, प्राज्ञिक समाजका निम्ति अथवा लक्षित पाठकका लागि प्रकाशित पत्र-पत्रिका, जर्नल आदि पर्दछन्।

६.२. प्राविधिक आधारमा पत्रकारिता

पत्रकारिता प्राविधिक विकास सँगसँगै विकसित हुँदै जाने एउटा गतिशील सञ्चार प्रक्रिया हो। ईशापूर्व कालमा रोम साम्राज्यमा दैनिक घटनाक्रमलाई कपडामा लेखेर सार्वजनिक स्थानमा राखिन्थ्यो, जसलाई *एक्टा डिउरना* भनिन्थ्यो। त्यसै बेलादेखि आजसम्म अनेक प्राविधिक विकाससितै पत्रकारिताको स्वरूप परिवर्तन हुँदै आइरहेको छ। रोम साम्राज्यमा *एक्टा डिउरना*, चीनमा काठमा अक्षर कुदेर ब्लक छपाई, जर्मनीमा मुद्रणयन्त्रको आविष्कार गरी यान्त्रिक छपाई, टेलिग्राफ, फोटोग्राफ, लेटर प्रेस, अफ्सेट प्रेस, रेडियो, टेलिभिजन, भूउपग्रह आदिका विकासले पत्रकारिताका स्वरूपमा क्रान्तिकारी एवम् युगान्तकारी परिवर्तन ल्याइसकेको छ। वर्तमान अवस्थामा प्राविधिक आधारअन्तर्गत मुद्रण अथवा छापा पत्रकारिता, विद्युतीय पत्रकारिता र डिजिटल पत्रकारिता गरी पत्रकारिता तीन प्रकारका छन्।

६.२.१. मुद्रण अथवा छापा पत्रकारिता : आधुनिक मुद्रण अथवा छापा पत्रकारिताको थालनी 18औँ शताब्दीको औद्योगिक क्रान्तिको आरम्भसितै भएको हो। समाचारपत्र प्रकाशन हुन थालेपछि पत्रकारिताको विकासमा तीव्रता आयो। पत्रकारिताको विकाससितै छापा पत्रकारिताको पनि स्वरूप परिवर्तन हुँदै गयो र पत्रकारिताका प्रकारका सङ्ख्यामा क्रमशः वृद्धि हुनथाले। फलस्वरूप आजसम्मको स्थितिमा मुद्रण अथवा छापा पत्रकारिताका स्वरूप प्रमुख रूपमा पाँच प्रकारका देखिएका छन्, ती हुन्- अखबार वा समाचारपत्र, पत्र-पत्रिका, न्युजलेटर, पम्पलेट वा पर्चा र पुस्तिका हुन्।

पत्रकारिताको सबैभन्दा सशक्त माध्यम समाचारपत्र हो। *समाचार* र *पत्र* दुईवटा शब्दको संयोगबाट बनेको समाचारपत्र खबर वा समाचार बोकेर सर्वसाधारणसमक्ष पुग्ने एउटा सञ्चार माध्यम हो। समाचारपत्र खबरमा आधारित प्रकाशन हो, जसमा विभिन्न समाचारका अतिरिक्त समसामयिक

घटनाक्रम, राजनीति, खेलकुद, ज्ञानविज्ञान, चलचित्र, गीत-सङ्गीत, साहित्य, कला, जीवनी, संस्कृति, विकास, कारोबार, धर्म-कर्म, परम्परा, नियम-कानुन आदि अनेकन विषयमाथि विविध विचार, लेख-रचना, विज्ञापन एवम् अन्य पाठ्यसामग्री समाविष्ट हुन्छन्। मूलतः समाचारपत्र दैनिक रूपमा पाठकसमक्ष पुग्ने भए तापनि यसको स्वरूप अर्द्धसाप्ताहिक एवम् साप्ताहिक रूपमा पनि प्रकाशित हुने गर्दछ। विशेष प्रकारको कमसल कागत (न्युजप्रिन्ट)-मा प्रकाशन हुने समाचारपत्र सुपथ मूल्यमा पाठ्यसामग्री लिएर पाठकसमक्ष पुग्ने गर्दछ। समाज र राष्ट्रमा भइरहेका दैनिक घटनाक्रम जनसाधारणसमक्ष पुऱ्याउनु नै अखबार वा समाचारपत्रको विशेषता हो र सन्तुलित रूपमा खबर दिनु यसको धर्म हो।

६.२.२. विद्युतीय पत्रकारिता : समाचारपत्र एवम् पर्चा आदि जस्ता पारम्परिक पद्धति र सञ्चार माध्यमका अतिरिक्त विद्युतीय पद्धतिद्वारा समाचारलगायत सूचना सर्वसाधारणसमक्ष प्रसारण गर्ने प्रक्रिया नै विद्युतीय पत्रकारिता हो। रेडियो, टेलिभिजन एवम् इन्टरनेटका माध्यमद्वारा पत्रकारिता गरिनुलाई नै विद्युतीय पत्रकारिता भन्दछन्। विद्युतीय पत्रकारिताको थालनी 19 औँ शताब्दीमा नै भएको भए तापनि बीसौँ शताब्दीको आरम्भदेखि यसले तीव्रता प्राप्त गरेको हो। सन् 1830-मा स्यामुअल मोर्सले टेलिग्राफको आविष्कार गरेपछि नै विद्युतीय सञ्चारको थालनी भएको थियो। टेलिग्राफको विकाससितै संसारका कुना-कुनामा छिटो खबर पुऱ्याउने पद्धतिको विकास भएको हो। सन् 1895-मा मार्कोनीले सफलतापूर्वक रेडियोको आविष्कार गरी त्यसका माध्यमबाट प्रसारण गरेपछि सञ्चारक्षेत्रमा नयाँ आयाम थपियो। सन् 1920-का दशकमा संसारका विभिन्न राष्ट्रमा रेडियो प्रसारण आरम्भ भयो भने सन् 1936 बाट टेलिभिजनको प्रसारणसितै पत्रकारिताका क्षेत्रमा विद्युतीय सञ्चार (ई मिडिया)-ले युगान्तकारी क्रान्ति ल्यायो।विद्युतीय पत्रकारिताअन्तर्गत रेडियो पत्रकारिता, टेलिभिजन पत्रकारिता एवम् डिजिटल पत्रकारिता पर्दछन्।

६.२.२.१. रेडियोपत्रकारिता : मार्कोनीले सन् 1895-मा रेडियो प्रसारणको सफलतापूर्वक परीक्षण गरेपछि 24 दिसम्बर, 1906-का बेलुकी कनाडाका वैज्ञानिक रेगिनाल्ड फेसेन्डेनले भायलिनको धुन रेडियोद्वारा बजाएर संसारमा सबभन्दा पहिला रेडियो प्रसारणको आरम्भ गरेका थिए। सन् 1920 देखि रेडियोबाट समाचार प्रसारण हुन थालेदेखि नै रेडियो पत्रकारिताको थालनी भएको हो। सन् 1920-को 31 अगस्तका दिन अमेरिकाको डेट्रोइट मिचिगडस्थित रेडियो डेट्रोइटले पहिलोपल्ट समाचार प्रसारण गरेर रेडियो पत्रकारिताको बीजारोपण गर्‍यो।

रेडियो पत्रकारिताका सन्दर्भमा भारतमा 23 जुलाई, 1927-का दिन बम्बईबाट पहिलोपल्ट रेडियो समाचार प्रसारण भएको थियो। निजी कम्पनी इन्डियन ब्रोडकास्टिङ कम्पनीको बम्बई रेडियो स्टेसनबाट भारतवासीले पहिलोपल्ट रेडियोसेटमा समाचार सुनेका थिए। यसको एक महिनापछि 26 अगस्त, 1927-मा कलकत्ता स्टेसनबाट बङ्गला भाषामा समाचार प्रसारण आरम्भ भयो। सन् 1935-सम्ममा अङ्ग्रेजी, हिन्तुस्तानी र बङ्गला भाषामा गरी तीनवटा समाचार बुलेटिन प्रसारित भए। अगस्त 1937-मा केन्द्रीय समाचार सङ्गठन (सीएनओ)-को गठन भएपछि भारत स्वतन्त्र हुँदाका अवसरमा दिल्ली, बम्बई, कलकत्ता, मद्रास, तिरूचिरापल्ली र लखनऊमा गरी 6 वटा रेडियो स्टेसन सञ्चालनमा आए। त्यस समय अल इन्डिया रेडियोले केवल 2.5 प्रतिशत भारतीय भूभाग र 11 प्रतिशत जनसङ्ख्यालाई आफ्ना सेवा क्षेत्रभित्र समेट्न सकेको थियो। सन् 1948-मा सीएनओलाई दुईवटा प्रभागमा विभाजन गरियो; समाचारसेवा प्रभाग (एनएसडी) अनि वैदेशिक सेवा प्रभाग। हाल सन् 2016-सम्ममा अल इन्डिया रेडियो आकाशवाणीका 262 वटा स्टेसन कार्यरत छन्, जसले देशका प्रायः जनसङ्ख्यालाई आफ्ना सेवाक्षेत्रमा समेटेका छन्। अल इन्डिया रेडियोबाट आज 23 वटा भाषा र 146 वटा भाषिका (डाइलेक्ट)-मा कार्यक्रम प्रसारण हुँदैछन्।

सन् 1964 सम्ममा भारतका विभिन्न प्रान्तमा भारतीय भाषामा रेडियोका माध्यमबाट समाचार बुलेटिन प्रसारण हुने गर्थे। 1971-मा नेपाली र 30 जुन, 1974-मा संस्कृत भाषामा पनि आकाशवाणीद्वारा राष्ट्रिय समाचार बुलेटिन प्रसारण गर्न थालियो]। भारतका विभिन्न आकाशवाणी केन्द्रले समाचार बुलेटिनका अतिरिक्त समाचारकेन्द्री अन्य कार्यक्रम पनि प्रसारण गर्ने गरेका छन्, जसमा *मार्केट मन्त्रा, स्पोटर्स स्केन, आज सबेरे और परिक्रमा, सिक्किम परिक्रमा* आदि प्रमुख हुन्।

जहाँसम्म नेपाली भाषामा रेडियो समाचार प्रसारणको प्रश्न छ, त्यस सन्दर्भमा सन् १९४९ मा नेपालको विराटनगरमा स्थापना भएको आकाशवाणीले सन् १९५०-देखि नेपाली भाषामा रेडियो समाचार प्रसारण आरम्भ गऱ्यो भने भारतमा २ जुन, १९६२-मा पश्चिम बङ्गालको खरसाङमा आकाशवाणी खरसाङ र 2 अक्टुबर, १९८२-मा सिक्किमको राजधानी गान्तोकमा आकाशवाणी गान्तोक केन्द्रको स्थापना भयो।

६.२.२.२. टेलिभिजन पत्रकारिता : अमेरिकाको सेन फ्रान्सिस्कोमा ७ सितम्बर, १९२७ को दिन विद्युतीय टेलिभिजनको प्रथम प्रदर्शन भएपछि जनसञ्चारको क्षेत्रमा नयाँ युगको थालनी भएको हो। रेडियोमा समाचार प्रसारण आरम्भ भएको एक दशकपछि सन् १९३० देखि टेलिभिजनमा पनि समाचार प्रसारण गर्न थालियो, यद्यपि यो प्रायोगिक रूपमा नै रहेको भए पनि पहिलोपल्ट संयुक्त राज्य अमेरिकाको एनबीसी नेटवर्क रेडियोले टेलिभिजनमा समाचार प्रसारण गरेको थियो, जसलाई लोवेल थोमसले वाचन गरेका थिए। टेलिभिजनका माध्यमद्वारा देश विविदेशका विभिन्न घटनालाई आम मानिससम्म पुऱ्याउनु नै टेलिभिजन पत्रकारिता हो।

६.२.२.३. डिजिटल पत्रकारिता : सन् १९९० का दशकदेखि पत्रकारिताका क्षेत्रमा डिजिटल प्रणाली विकास भएको पाइन्छ। डिजिटल पत्रकारितालाई अनलाइन पत्रकारिता, साइबर पत्रकारिता, वेभ पत्रकारिता, इन्टरनेट पत्रकारिता, नयाँ मिडिया अथवा न्यु मिडिया आदि नामले पनि चिनिन्छ।

वेबसाइटको विकास सँगसँगै विभिन्न वेबसाइट, ब्लग, एप आदिको विकासले पत्रकारितालाई डिजिटल बनायो। इन्टरनेटको सहयोगद्वारा एकैपल्टमा विश्वभरिनै सूचनाको आदान-प्रदान गर्ने यो सबैभन्दा सस्तो अनि सजिलो माध्यम बनेपछि लोकप्रिय बन्यो। सार्वजनिक रूपमा सूचना प्रवाह गर्न, पत्र-पत्रिका पढ्न, रेडियो सुन्न, टेलिभिजन हेर्न वा म्यूजिक भिडियोमा रमाउन इन्टरनेट वा वेबसाइट सजिलो माध्यम बनेको छ।

डिजिटल पत्रकारिताको विकासले मुद्रण एवम् छापा पत्रकारिता, रेडियो एवम् टेलिभिजन पत्रकारिता समेतलाई चुनौती दिएको पाइन्छ। रेडियो तथा टेलिभिजनसमेत अनलाइन हुनुपर्ने चुनौती यसले ल्याइ दिएको छ।

अर्कातिर मोबाइल फोनको विकासले डिजिटल समाचारलाई लोकप्रिय बनाएको छ।

सन् १९९० का दशकका उत्तरार्द्धमा भारतमा पनि डिजिटल पत्रकारिताले प्रवेश गऱ्यो। सन् १९९५ मा द हिन्दुले अनलाइन संस्करण आरम्भ गरेपछि भारतमा डिजिटल पत्रकारिताको प्रवेश भएको हो। एक वर्षपछि रेडिफ डट कम नामक समाचार तथा सूचनायुक्त अनलाइन साइट प्रारम्भ भयो। सन् १९९८ सम्ममा भारतका प्रायः ४८ समाचारपत्र अनलाइन भइसकेका थिए। यी समाचारपत्र केवल अङ्ग्रेजी भाषामा मात्र नभएर भारतीय भाषा जस्तै हिन्दी, मराठी, मलयालम, तमिल, गुजरातीमा पनि प्रसारित थिए। यसैक्रममा इन्डिया टुडे, आउटलुक अनि द वीक पनि इन्टरनेटमा अनलाइन बने।

इन्टरनेटका माध्यमबाट समाचार सम्प्रेषण गरिने, नियमित रूपमा अपडेट गरिने एवम् निरन्तर प्रकाशन भइरहने पत्रकारितालाई डिजिटल पत्रकारिता भनिन्छ। छापा तथा विद्युतीय माध्यमभन्दा बेग्लै किसिमको गुण भएकाले यसलाई न्यू मिडिया अथवा अनलाइन मिडिया र यसबाट गरिने पत्रकारितालाई न्यू मिडिया पत्रकारिता अथवा अनलाइन पत्रकारिता पनि भनिन्छ। डिजिटल पत्रकारिताले परम्परागत पत्रकारितामा व्यापक परिवर्तन ल्याएको छ। उपलब्धता र प्राप्तिका दृष्टिले

डिजिटल पत्रकारितालाई छापा माध्यम, रेडियो र टेलिभिजन पत्रकारिताभन्दा प्रभावकारी मान्न थालिएको छ। संसारका प्रत्येक कुनाबाट इन्टरनेटको प्रयोग गरी अनलाइन हेर्न र समाचार सामग्री अपलोड गर्न सकिन्छ। कुनै पनि घटना हुनासाथ त्यसको जानकारी तत्काल विश्वव्यापी बनाउन अनलाइन न्युजपोर्टल अत्यन्त प्रभावकारी माध्यम बनेको छ। अनलाइन न्युजपोर्टलमा समाचार अपलोड गर्न केवल एउटा पासवर्ड भए पुग्छ। छापा माध्यममा जस्तो कागजको सीमा या टिभी-रेडियोमा जस्तो समय बन्धनका कारण सामग्री छोट्याउनुपर्ने वा हटाउनुपर्ने बाध्यता अनलाइनमा हुँदैन।

डिजिटल पत्रकारिताको विशेषता मल्टिमिडिया सामग्री ग्रहण गर्नमा निहित छ। अनलाइन न्युजपोर्टलमा अखबारमा जस्तै अक्षर र फोटो हेर्न सकिन्छ। रेडियोमा जस्तै ध्वनिअङ्कित सामग्री सुन्न सकिन्छ भने टीभीमा जस्तै भिडियो हेर्न पनि सकिन्छ। डिजिटलका यी विशेषताका कारण पाठकमाझ सामग्री अन्य मिडियाका तुलनामा बढी प्रभावकारी ढङ्गले द्रुतगतिमा सम्प्रेषण गर्न सजिलो हुन्छ। अनलाइन न्युजपोर्टलको विशेषता भनेको आफूले चाहेका समयमा चाहेका सामग्री पढ्न वा हेर्न पाउनु हो। रेडियो वा टीभीमा जस्तो समाचार वा अन्य कार्यक्रम सुन्न वा हेर्नको लागि कार्यक्रम प्रसारण हुने निश्चित समयको प्रतीक्षा गरेर बस्नु पर्ने बाध्यता अनलाइन न्युजपोर्टलमा हुँदैन र साथै अखबार पढ्नका लागि अर्का दिनको प्रतीक्षा नै गर्नुपर्दैन। वेबसाइट डिजिटल पुस्तकालय जस्तै हुन्। यसमा पुराना प्रकाशित सामग्री पनि सहजै खोज्न सकिन्छ।

सूचना सम्प्रेषणको तरिका फरक भए तापनि अनलाइन पत्रकारिता अन्य पत्रकारिताभन्दा भिन्न छैन। अनलाइन पत्रिकामा पनि संवाददाता हुन्छन्। यसमा पनि सम्पादकको आवश्यकता पर्दछ। समाचार सङ्कलनदेखि समाचार सम्पादनकार्यसम्म र त्यसपश्चात् पनि यसलाई सम्प्रेषणयोग्य बनाउने प्रक्रिया अनलाइनमा पनि उस्तै हुन्छ। यसमा पनि विज्ञापन प्रकाशित हुने गर्दछन्।

डिजिटल पत्रकारिता नौलो प्रविधिमा आधारित पत्रकारिता भएका हुनाले यसमा आबद्ध पत्रकारमा थप विशिष्ट प्राविधिक क्षमता हुनु आवश्यक छ। अनलाइनका पाठकका रूचि भिन्दै प्रकारको भएका हुनाले परम्परागत सोचले पत्रिकालाई रूचिकर बनाउन सकिँदैन। हाल आएर डिजिटल पत्रकारिताका पनि विभिन्न स्वरूप विकसित हुँदैछन्। जति-जति सूचना प्रविधिको विकास हुँदै जाँदैछ उति-उति डिजिटल पत्रकारिताका स्वरूप पनि विविध बन्दै जाँदैछन्।

डिजिटल पत्रकारिताको विकसित रूपलाई ध्यानमा राख्दै यसलाई समाचारपत्र वेभसाइट, रेडियो एवम् टेलिभिजन समाचार वेभसाइट, समाचार पोर्टल एवम् स्वतन्त्र समाचार वेभसाइट, हाइपर लोकल न्युज साइट, नागरिक पत्रकारिता साइट एवम् सामाजिक मिडिया साइट, ब्लग र मोबाइल समाचार सेवागरी साधारणतः सात श्रेणीमा विभाजन गर्न सकिन्छ।

६.३. अवधिगत आधारमा पत्रकारिताका प्रकार

पत्रकारितामा समयको महत्त्व सर्वाधिक हुने गर्दछ। विद्युतीय एवम् छापा दुवै किसिमका सञ्चार माध्यममा समयकै आधारमा पत्रकारिता सञ्चालन हुन्छ। पत्रकारिताको कार्य निश्चित अवधिमा पूर्ण गर्नुपर्ने हुँदा यसलाई हतारिएको साहित्य पनि भनिएको छ। रेडियो अथवा टेलिभिजनमा निश्चित अवधिमा बुलेटिन प्रसारित हुन्छन् भने छापा माध्यमका पत्र-पत्रिका निश्चित अवधिमा प्रकाशित हुन्छन्। अनलाइन र टेलिभिजन पत्रकारितामा आफ्ना पाठक-दर्शकसमक्ष नयाँ खबर छिटो पुऱ्याउने हतार सदैव रहेको हुन्छ भने छापा माध्यमले पनि अहिले आएर खबर अनलाइन पत्रकारिताका माध्यमद्वारा आफ्ना पाठकसमक्ष पुऱ्याउने गरेको छ। अतः विभिन्न प्रकाशन अवधिका आधारमा प्रकाशित हुने पत्र-पत्रिका र तत्सम्बन्धी पत्रकारिता निम्नप्रकार रहेका छन्-

६.३.१. दैनिक : दैनिक भनेको प्रत्येक दिन प्रकाशित हुने पत्रिका हो। आधुनिक पत्रकारिताको सशक्त पक्ष नै दैनिक समाचारपत्रको प्रकाशन हो। प्रत्येक दिन नयाँ अनि ताजा विभिन्न घटनाक्रमका समाचार

एवम् अन्य रोचक सूचनामूलक जानकारी, विज्ञापन र लेखादि, साहित्य, कला, सङ्गीत र संस्कृतिसितै ज्ञानविज्ञानका विविध पाठ्यसामग्री लिएर पाठकसमक्ष पुग्ने पत्रिका विशेषलाई दैनिक पत्रिका वा दैनिक समाचारपत्र भनिन्छ।

दैनिक समाचारमा समाचार, समाचारका विश्लेषणात्मक अध्ययन, राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, साहित्यिक विषयका लेख एवम् सिर्जनात्मक रचना, खेलकुद, कला, मनोरञ्जन, ज्योतिष, धर्म-संस्कृति, परम्परा, फोटोलगायतका सामग्री प्रकाशित हुने गर्दछन्।

६.३.२. अर्द्धसाप्ताहिक : सप्ताहमा दुईपल्ट प्रकाशित पत्रिकालाई अर्द्धसाप्ताहिक पत्रिका भनिन्छ। मूलतः समाचारप्रधान रहने अर्द्धसाप्ताहिक पत्रिका टेबलोएट आकारमा प्रकाशित हुन्छन्। यसमा पनि दैनिक पत्रिकामा जस्तैजस्तै सामग्री प्रकाशित हुने गर्दछन्।

६.३.३. साप्ताहिक : सप्ताहमा एकपल्ट प्रकाशित हुने पत्रिकालाई साप्ताहिक भनिन्छ। यो टेबलोएट आकारका साथै पत्रिका आकारमा पनि प्रकाशित हुने गर्दछ। साप्ताहिक समाचारपत्र दैनिकभन्दा बढी विश्लेषणात्मक हुन्छ अनि यसमा खोजी पत्रकारितालाई उच्च प्राथमिकता दिइन्छ। घटनाको गहन छानबीनसहित त्यसको अन्तःतहसम्म पुगेर खबर सम्प्रेषण गर्नु नै साप्ताहिक पत्रिकाको धर्म हो। साप्ताहिक पत्रिकाले दैनिकले दिन नसकेका र नभ्याएका अनेकन विषयवस्तुलाई गहन, रोचक एवम् पठनीय रूपमा प्रस्तुत गर्दछ। आधुनिक पत्रकारिताको थालनी साप्ताहिक समाचारपत्रबाट नै भएको हो।

६.३.४. पाक्षिक : महिनामा दुईपल्ट अर्थात् १५ दिनमा प्रकाशित हुने पत्रिकालाई पाक्षिक पत्रिका भनिन्छ। पाक्षिक पत्रिका टेबलोएट अनि पत्रिका दुवै आकारमा प्रकाशित हुने गर्दछन्। यो समाचारप्रधान पत्रिकाका अतिरिक्त समाचारइत्तर विषय जस्तै अनुसन्धानप्रधान, विज्ञानप्रधान, खेलकुद, चलचित्र, साहित्यिक आदि केन्द्रित पनि हुने गर्दछन्। समाचारप्रधान पाक्षिकहरू विश्लेषणात्मक एवम्

अनुसन्धानात्मक प्रकृतिका हुन्छन्। सिक्किमबाट सन् 1961-देखि थालिएको कञ्चनजङ्घा नेपाली पाक्षिक पत्रिकालाई उदाहरणका रूपमा हेर्नसकिन्छ।

६.३.५. मासिक : मासिक पत्रिका भनेको महिनामा एकपल्ट नियमित रूपले प्रकाशित हुने पत्रिका हो। यो समाचारप्रधान प्रकृतिको हुँदाहुँदै पनि यसमा विज्ञान, अर्थशास्त्र, व्यापार वाणिज्य, साहित्य, कला, सङ्गीत, संस्कृति, लोकसाहित्य, बालसाहित्य, पारिवारिक, स्वास्थ्य, चिकित्सा विज्ञान, राजनीति, अनुसन्धान, इतिहास, चलचित्र आदि अनेकन विषयमा मासिक पत्रिकाका खोराक हुने गर्दछन्। यो बढी सिर्जनात्मक, विश्लेषणात्मक एवम् समालोचनात्मक हुने गर्दछ।

६.३.६. द्वयमासिक : दुई महिनामा एकपल्ट प्रकाशित हुने पत्रिकालाई द्वयमासिक पत्रिका भनिन्छ। द्वयमासिक पत्रिका पनि मासिक पत्रिकाकै विशेषताले परिपूर्ण हुन्छ।

६.३.७. त्रैमासिक : तीन महिनामा एकपल्ट प्रकाशित हुने पत्रिकालाई त्रैमासिक भनिन्छ। अङ्ग्रेजीमा *क्वाटरली* शब्द प्रचलित छ भने त्यसैको समानार्थी *त्रैमासिक* पत्रिका मूलतः समाचारइत्तर विषयकेन्द्रित हुन्छन्। विज्ञान, अर्थशास्त्र, व्यापार वाणिज्य, साहित्य, कला, सङ्गीत, संस्कृति, लोकसाहित्य, बालसाहित्य, पारिवारिक, स्वास्थ्य, चिकित्सा विज्ञान, राजनीति, अनुसन्धान, इतिहास, चलचित्र आदि विषयकेन्द्रित त्रैमासिक प्रकाशित हुने गर्दछन्।

६.३.८. चौमासिक : चार महिनामा एकपल्ट प्रकाशित हुने चौमासिक पत्रिका पनि त्रैमासिक जस्तै समाचारइत्तर विषयकेन्द्रित रहन्छ।

६.३.९. अर्द्धवार्षिक : वर्षमा दुईपल्ट अर्थात् ६ महिनामा एकपल्ट प्रकाशित हुने अर्द्धवार्षिक पत्रिका पनि मूलतः समाचारइत्तर विषयकेन्द्रित हुन्छन्। यस्ता पत्रिका सङ्घ-संस्थाका मुखपत्र पनि हुने गर्दछन् भने अनुसन्धानात्मक पनि हुने गर्दछन्।

६.३.१०. वार्षिक : वर्षमा एकपल्ट प्रकाशित हुने वार्षिक पत्रिका समाचारप्रधान एवम् समाचारइत्तर दुवै प्रकारका हुने गर्दछन्। विशेष रूपमा सङ्घ-संस्थानको मुखपत्रका रूपमा प्रकाशित हुने वार्षिक पत्रिकामा प्रतिवेदन, उपलब्धि, गतिविधिका विवरणसितै सिर्जनात्मक, समालोचानात्मक, अनुसन्धानात्मक लेख रचना पनि समावेश गरिएका हुन्छन्।

६.३.११. सामयिक : सामयिक पत्रिका त्यस्तो पत्रिका हो जो नियमित समयअन्तरालमा प्रकाशित हुन बाध्य हुँदैनन्। विशेषगरी साहित्यिक एवम् अन्य विषयकेन्द्री सामयिक पत्रिका मनोरञ्जनात्मक एवम् रहस्यमय पनि हुने गर्दछन्।

६.४. विषयवस्तुका आधारमा पत्रकारिताका प्रकार

पत्रकारिताका असीमित विषयवस्तु हुनसक्छन्, तथापि व्यावसायिक पत्रकारिताका क्षेत्रमा प्रचलित विषयवस्तुगत आधारमा पत्रकारिताका निम्नलिखित प्रकारमाथि चर्चा गर्न उपयुक्त हुनेछ।

६.४.१. फोटो पत्रकारिता : 'फोटोग्राफी' शब्दको व्युत्पत्ति ग्रिसेली भाषाबाट भएको हो। ग्रिसेली भाषामा 'फोटो' भनेको प्रकाश हो भने 'ग्राफी' भनेको चित्र बनाउनु हो। अर्थात् ग्रिसेली भाषामा 'फोटोग्राफी' भनेको *प्रकाशद्वारा चित्र बनाउनु* हो। आधुनिक पत्रकारितामा फोटो पत्रकारिताको विशेष महत्त्व हुन्छ। यसलाई पत्रकारिताको अभिन्न अङ्ग मानिन्छ। जनसञ्चारका माध्यमबाट फोटोद्वारा सूचना प्रवाह गर्नुलाई फोटो पत्रकारिता भनिन्छ। फोटो पत्रकारिताका निम्ति उपयुक्त साधन, श्रम र सिपको आवश्यकता पर्दछ। फोटो खिच्नका निम्ति क्यामेराको खाँचो पर्दछ। यसैले फोटो पत्रकारितासित क्यामेराको अभेद्य सम्बन्ध रहेको छ।

पत्रकारिता क्षेत्रमा फोटो पत्रकारिता एक सशक्त र प्रभावकारी माध्यम हो, किनभने हजारौँ शब्दद्वारा व्यक्त गर्न नसकिने घटनाविवरणलाई एउटै फोटोद्वारा स्पष्ट पार्न सकिन्छ। फोटोका प्रयोगद्वारा पाठ्यसामग्रीलाई आकर्षक एवम् रोचक बनाएर पाठकको ध्यान केन्द्रित गर्न सजिलो हुन्छ। अर्को पक्ष

फोटो बुझ्नका निम्ति मानिसलाई भाषा बुझिरहने आवश्यकता पर्दैन। फोटोले सूचना, मनोरञ्जन अनि अभिप्रेरणा दिने काम गर्दछ।

अतः फोटोका माध्यमद्वारा खबरलाई प्रभावकारी रूपमा पुष्टि गर्नका साथै सजीवता प्रदान गर्ने जनसञ्चारको एक सशक्त माध्यम फोटो पत्रकारिता हो।

६.४.२. खोजी पत्रकारिता : पहिले पहिले खोज्ने काम भएको हुँदा समग्र पत्रकारितालाई नै खोजी पत्रकारिता भनिन्थ्यो। सबै संवाददाता एवम् रिपोर्टरले तयार पारेका सबै सामग्री खोजपूर्ण सामग्री हुने हुँदा उनीहरू खोजी रिपोर्टर हुन्थे। समाचारपत्र, पत्रिका, टेलिभिजन र रेडियोका समाचारका लागि सूचना सङ्कलन गर्नुपर्ने हुन्छ, तर वर्तमान अवस्थामा प्रचलित खोजी पत्रकारिता अथवा इन्भेस्टिगेटिभ जर्नालिज्म भने पहिलेको भन्दा केही भिन्न अर्थमा लिइएको पाइन्छ।

खोजी पत्रकारितालाई पत्रकारिताको विशेष र महत्त्वपूर्ण पक्ष मानिएको छ। खोजी पत्रकारका कामकर्तव्य अरू पत्रकारको भन्दा बढी उत्तरदायी हुन्छ। उसले धेरै थरीका मानिससँग भेटवार्ता र अन्तर्वार्ता गरी खोजपूर्ण अनुसन्धान गर्नुपर्छ। तथ्यगत घटनासम्बन्धी आफैँले स्थलगत अवलोकन गर्नुपर्छ। खोजी पत्रकारले सामान्य समाचारमा समेटिने सूचनाभन्दा बढी जानकारी उपलब्ध गराउनु पर्छ। त्यसो हुँदा खोजी पत्रकारितामा सामान्य रिपोर्टिङभन्दा विशेष रिपोर्टिङको आवश्यकता पर्दछ, किनभने खोजीमूलक सामग्री बढी गहकिलो र तहसम्म पुगेको हुनु अपेक्षित छ।

खोजी पत्रकारिता परम्परागत पत्रकारिताभन्दा गहन, अनुसन्धानात्मक, परिश्रमयुक्त, सत्यतथ्यपरक, उत्तरदायित्वपूर्ण एवम् जवाबदेही तथा जोखिमपूर्णसमेत हुने हुँदा खोजी पत्रकारितामा संलग्न पत्रकारको भूमिका पनि सामान्य पत्रकारको भन्दा फरक र विशिष्ट हुन्छ। खोजी पत्रकारमा हुनुपर्ने अत्यावश्यक गुणमध्ये दृढता, प्रतिबद्धता, धीरता, सतर्कता, निष्पक्षता, विवेकशीलता, जानकारी राख्ने

क्षमता, अध्ययनशीलता, जिज्ञासु, सङ्ग्रह गर्ने प्रवृत्ति, इमान्दारी, कल्याणकारी, जासुसीकला अनि भाषिक ज्ञान हुन्।

लामो समयसम्म अनुसन्धान गरेर सत्य तथ्यको खुलाउनु गर्नुपर्ने हुँदा यो विशिष्ट कार्य पनि हो। यसका लागि पत्रकारले योजनाबद्ध तरिकाले सत्यतथ्यको विधिसम्मत खोजी गर्नु पर्दछ। खोजी पत्रकारिताका लागि विभिन्न तक्निकको प्रयोग गरिन्छ, जसलाई खोजी पत्रकारिता विधि भनिन्छ। विषय, परिकल्पना, सत्यापन, मानव स्रोत, व्यवस्थापन, लेखन, नियन्त्रण अनि प्रकाशन आदि खोजी पत्रकारिताका प्रमुख विधिहरू हुन्।

६.४.३. पर्यावरण पत्रकारिता : अङ्ग्रेजी भाषाको *एनभाइरोमेन्टल जर्नालिज्म*-कै नेपाली रूपान्तरण पर्यावरण पत्रकारिता हो। नेपालीमा पर्यावरण, वातावरण, परिवेश आदि पर्यायवाची शब्दका रूपमा ग्रहण गरिए तापनि मूल रूपमा पर्यावरण पत्रकारिता नै प्रचलनमा रहेको छ। पर्यावरण पत्रकारिता पर्यावरणसित सम्बन्धित पत्रकारिता हो। अर्का शब्दमा भन्ने हो भने यो पृथ्वीसित जोडिएको पत्रकारिता हो।

पर्यावरण पत्रकारिताले पृथ्वीको पर्यावरणसम्बन्धित विभिन्न पक्षका अध्ययन र खोजी गरी सर्वसाधारणलाई सूचना सञ्चार गर्दछ। पर्यावरणको संरक्षण गर्ने मूल उद्देश्य लिएर पर्यावरण पत्रकारिताले पर्यावरणसम्बन्धित विभिन्न मुद्दा जस्तै प्रदूषण, वनविनाश, मौसम परिवर्तन, हरितगृह प्रभाव, कृषि, उद्योग, विकास आदिमाथि समाचार तथा लेखका प्रकाशन र प्रसारणद्वारा सर्वसाधारण मानिसलाई सूचित मात्रै गर्दैन जनचेतना जगाउनका साथै मानवसमाजलाई उत्तरदायित्वबोध पनि गराउने कार्य गर्दछ। पर्यावरण पत्रकारिताभित्र मानव सभ्यताका विकास, इतिहास, भूगोल, विज्ञान आदि ज्ञानानुशासन समावेश हुँदछन्।

यसैले कुनै पनि पर्यावरण पत्रकारमा वैज्ञानिक भाषा र अभ्यासलाई बुझ्ने क्षमता, ऐतिहासिक घटनाको ज्ञान, पर्यावरण नीति निर्धारण विषयलाई ग्रहण गर्ने क्षमता, पर्यावरणसम्बन्धित सङ्गठन एवम् संस्थाका गतिविधिसहितको जानकारी, समकालीन पर्यावरणका दिशाबोधबारे साधारण क्षमता हुनका साथै प्रसारित जानकारी जनसाधारणले सहजै बुझ्नसक्ने हुनु पनि आवश्यक छ। पर्यावरण पत्रकारिता पर्यावरण सञ्चारभित्र पर्दछ अनि यसको सोझो सम्बन्ध प्रकृति लेखनसित रहेको हुन्छ।

अतः पर्यावरण र प्रकृतिसम्बन्धित विभिन्न विषयवस्तुका अध्ययन, अनुसन्धान गरेर सत्यतथ्य जनसमुदायसम्म पुऱ्याउने पत्रकारितालाई नै पर्यावरण पत्रकारिता भनिन्छ। मूलतः पृथ्वीको पर्यावरणको रक्षा अनि जनसमुदायलाई पर्यावरणप्रति सचेत र सर्तक गराउने उद्देश्य पर्यावरण पत्रकारिताको रहेको हुन्छ।

६.४.४. नागरिक पत्रकारिता : नागरिक पत्रकारिता अङ्ग्रेजी भाषामा प्रचलित *सिटिजन जर्नालिज्म*-को नेपाली रूपान्तरण हो। नागरिक आफै सक्रिय भएर पत्रकारिता गर्नु नै नागरिक पत्रकारिता हो। व्यावसायिक पत्रकारिताको तालिम नलिएका र व्यावसायिक पत्रकारिताको ज्ञान नभएका नागरिकले पनि खबर अनलाइन अथवा डिजिटल सञ्चार माध्यम अथवा वेभसाइट, ब्लग, सामाजिक मिडियाद्वारा सूचना सञ्चार गर्नु नै नागरिक पत्रकारिता हो। नागरिक पत्रकार प्रशिक्षित व्यावसायिक पत्रकार जस्ता विश्वसनीय नहुँदाहुँदै पनि आचेल नागरिक पत्रकारिता प्रभावकारी मानिन थालिएको छ। नागरिक पत्रकारितालाई जनपत्रकारिता (Public Journalism), पनि भन्न सकिन्छ।

अतः व्यावसायिक पत्रकारिताको जानकारी नभएका सर्वसाधारण नागरिकद्वारा विभिन्न विषय र घटनाक्रमका सूचना र समाचार परम्परित सञ्चार माध्यम तथा आधुनिक डिजिटल मिडियाको प्रयोगद्वारा विश्वव्यापीकरण गर्नु नै नागरिक पत्रकारिता हो। परम्परित सञ्चार माध्यमले ध्यान नदिएको विषयलाई नागरिक पत्रकारिताले उठान गर्दछ।

नागरिक पत्रकारितामा सामाजिक सञ्जालको विकासले क्रान्तिकारी पाइलो चाल्यो। नागरिक पत्रकारिता वैकल्पिक मिडियाका रूपमा विकसित भएको पत्रकारिता हो। नागरिक पत्रकारितामा जनताको प्रत्यक्ष सहभागिता हुने हुँदा यसबाट मूलधाराका पत्रकारले पनि सूचना लिने गरेको पाइन्छ। पत्रकारका रूपमा प्रशिक्षित नभए नागरिकले विषयवस्तुलाई आफ्नै दृष्टिकोणबाट हेर्ने गर्दछन् अनि त्यस्तोको सूचना सञ्चार गर्ने गर्दछन् जसबाट परम्परित मिडियाले प्रचुर मात्रामा लाभ उठाउन सक्छन्। अतः नागरिक पत्रकारिता जनताको सहभागिता रहेको त्यस्तो पत्रकारिता हो जसले सूचना सञ्चार मात्रै गर्दैन जनविचार पनि सिर्जना गर्दछ। यसमा पनि परम्परागत पत्रकारिताले जस्तै आचारसंहिताको पालन गरिनु पर्दछ।

६.४.५. पैरवी पत्रकारिता : पैरवी पत्रकारिता अङ्ग्रेजी भाषामा प्रचलित *एड्भोकेसी जर्नालिज्म*को नेपाली रूपान्तर हो। पैरवी पत्रकारितालाई *वकालती पत्रकारिता* पनि भन्न सकिन्छ।यसलाई *सिविक जर्नालिज्म*, *पब्लिक जर्नालिज्म*, *कम्युनिटी जर्नालिज्म* अनि *कम्युनिटेरियन जर्नालिज्म*को नामले पनि चिनिन्छ।

पैरवी अर्थात् एड्भोकेसी भन्नाले कुनै मुद्दाको स्थितिलाई प्रोत्साहित गर्नु अथवा एकनिष्ठ तरिकाले मुद्दालाई अघि बढाउनु अथवा कुनै पनि मुद्दालाई आफ्नै तरिकाले प्रचार गर्नु हो।पैरवी पत्रकारिता पत्रकारिताको त्यो पक्ष हो जसमा कुनै सामाजिक अथवा राजनीतिक उद्देश्यका लागि जानीबुझी अथवा स्पष्ट रूपमा गैरवस्तुनिष्ठ अथवा एक पक्षीय दृष्टिकोण राखेर विषयका सकारात्मक पक्षलाई मात्र प्रस्तुत गर्ने काम हुन्छ। सर्वसाधारणका जीवनसित सरोकार राख्ने अथवा प्रभावित गर्ने किसिमका मुद्दालाई कुनै पनि परिस्थितिमा प्रोत्साहित गरेर जननीति अनि राजनीतिक, आर्थिक अनि सामाजिक प्रणाली एवम् संस्थान र जनतालाई सजग पार्ने काम पैरवी पत्रकारिताद्वारा गरिन्छ। कतिपय स्थितिमा जनताका आवाज बनेर कतिपय विषयवस्तुका बिन्दुगत प्रचार गरी सामाजिक परिवर्तन गर्ने

अनि जनताका जीवनस्तरमा सुधार ल्याउने उद्देश्य पनि यसले बोकेको हुन्छ। पैरवी पत्रकारितामा पनि पत्रकारिताका ती सबै तत्त्वलाई यथावत रूपमै पालन गरिन्छ, तर यसको एउटै उद्देश्य जनताको आवाज बनेर सामाजिक परिवर्तनका लागि कार्य गर्ने हुन्छ।

पैरवी पत्रकारितामा कुनै मुद्दा, विषयवस्तु, नीतिसम्बन्धी विषय, राजनीतिक, सामाजिक, आर्थिक आदि पक्षलाई लिएर कलम चलाइन्छ। यसरी समर्थन गर्दा पूर्वाग्रहसहित प्रतिपक्षीका तर्कको विरोध गर्दै वस्तुनिष्ठता र निष्पक्षतालाई समेत बेवास्ता गरी सम्बन्धित मुद्दा वा विषयमा जनधारणा निर्माण गर्ने अभीष्ट राखिएको हुन्छ। यसमा सदैव मुद्दा वा विषयमा सकारात्मक पक्षलाई सत्यताका रूपमा प्रस्तुत गरिन्छ भने यस किसिमको पत्रकारिता विषयवस्तुकेन्द्री हुन्छ।

६.४.६. विकास पत्रकारिता : कुनै पनि राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक, राजनीतिक, जनजीवनस्तर, स्वास्थ्य, कृषि, यातायात आदि विभिन्न पक्षका विकाससित सम्बन्ध राख्ने पत्रकारितालाई विकास पत्रकारिता भनिन्छ। वास्तवमा जनसञ्चारका माध्यममा विकाससम्बन्धी विषयवस्तुको समावेश हुनु नै विकास पत्रकारिता हो।

विकास पत्रकारिताको महत्त्व भारत जस्तो देशमा धेरै हुन्छ, किनभने भारत जस्ता विकाशील देशका ठुलो जनसङ्ख्या ग्रामीण क्षेत्रमा बसोबास गर्दछ, तर यी देशका समाचारपत्र, रेडियो तथा टेलिभिजन केन्द्र सहरकेन्द्रित छन् र समाचार पनि सहरकेन्द्री हुन्छन्। ती सञ्चार माध्यमले सहरका आफ्ना पाठक र दर्शकका रूचिलाई ध्यानमा राखेर समाचार प्रकाशन एवम् प्रसारण गर्ने गर्दछन्। सहरमा भएका विकासमूलक गतिविधिलाई मात्र यी सञ्चार माध्यमले देख्दछन् तर विकास कुना-कुनासम्म पुगेको छ कि छैन भन्ने तथ्यको खोजी गर्नु पनि आवश्यक छ।

६.४.७. ग्रामीण पत्रकारिता : ग्रामीण क्षेत्रका विकाससित सरोकार राख्ने पत्रकारितालाई ग्रामीण पत्रकारिता भन्दछन्। यो विकास पत्रकारिताकै अवधारणामा विकसित भएको पत्रकारिता हो। मूलतः समाचारपत्रमा ठुल्ठुला सहर, राजधानी, राज्य, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिले मात्र ठाउँ पाउने गरेकाले ग्रामीण क्षेत्र अवहेलनामा परेको पाइन्छ।

ग्रामीण पत्रकारिता गाउँका विविध गतिविधि जस्तै कृषि, ग्रामीण विकास, स्वास्थ्य, पर्यावरण, प्राविधिक विकास, रोजगार, ग्राम्य जनजीवनले भोगिरहेका समस्या, व्यापार, जनजीवन, ग्राम्य पेयजल, कला, संस्कृति, प्रतिभा, शिक्षा आदिसित सरोकार राख्ने व्यावसायिक समाचार सम्प्रेषण हो। यसमा ग्रामीण दृष्टिकोण राखिएको हुन्छ र समाचार गाउँमा नै निर्माण हुन्छ अनि गाउँबाटै सम्प्रेषित पनि हुन्छ। यो सहरी क्षेत्रमा बसेर तथाकथिक ग्रामीण पत्रकारिता भनेर कलम चलाउने सहरेहरूको विरोधमा विकसित भएको अवधारणा हो।

समग्रमा गाउँको विकास, संवृद्धि, ग्राम्य जनजीवनका उन्नतिको लक्ष्य राखी ग्रामीणबासीलाई सहरी क्षेत्रका मानिसका समकक्षमा उभ्याउने पत्रकारिता नै ग्रामीण पत्रकारिता हो। यसमा ग्रामीण क्षेत्रका समग्र विकासको झाँकी प्रतिविम्बित हुन्छ।

६.४.८ खेलकुद पत्रकारिता : खेलकुदसम्बन्धी समाचारपत्रमा लेख्नु, टेलिभिजन अनि रेडियोमा विवरण प्रस्तुत एवम् प्रसारण गर्नु नै खेलकुद पत्रकारिता हो। समाचारपत्रमा खेलकुदलाई विशेष महत्त्व दिइएको हुन्छ र सो स्तम्भ लोकप्रिय पनि हुन्छ। त्यस्ता स्तम्भबाट समाचारपत्रले खेलकुदको छुट्टै पृष्ठ राखेर आफ्ना पाठकलाई आकर्षित गर्ने प्रयास गर्दछ। विशेषगरी युवा पाठकलाई आकर्षित गर्न समाचारपत्रमा खेलकुद पृष्ठ राखिएको हुन्छ।

खेलकुद पत्रकारिता अन्य पत्रकारिताभन्दा केही भिन्न हुन्छ, किनभने खेलकुद पत्रकारले एकैसाथ संवाददाता र समीक्षकको भूमिका निर्वाह गर्दछ।उसले समाचारकथामा आफ्ना विचार राख्दै

खेलका सम्पूर्ण विवरणका साथसाथै समीक्षा पनि प्रस्तुत गरेको हुन्छ।ऊ खेलाडीको गुणमान र क्षमताको निर्णय दिने न्यायधीश बनेको हुन्छ।

खेलकुद पत्रकारका लागि खेलकुदका विषयमा ज्ञान हुनु अनिवार्य हुन्छ। आफ्ना क्षेत्रअनुसार सम्बन्धित खेलका नियम, पारिभाषिक शब्दावली, खेलको भाषा, खेलाडीको प्रदर्शनी विषयक जानकारी, खेलाडीको क्षमताको आकलन गर्ने दक्षता, खेलमैदान विषय जानकारी, मौसम विषयक जानकारी, सम्बन्धित प्रतियोगिताका विषयमा जानकारीका साथसाथै सम्बन्धित खेलमा बनिएका कीर्तिमानबारे जानकारी हुन आवश्यक हुन्छ। यसका साथै पत्रकारमा समीक्षा गर्ने खुबी पनि हुन आवश्यक हुन्छ। खेलकुद पत्रकारितामा खेलको मात्र समाचार सम्प्रेषण नगरेर खोजी पत्रकारिताका सहयोगमा नयाँ नयाँ तथ्य र प्रसङ्ग, ओझेलमा परेका खेलाडीलाई पनि प्रकाशमा ल्याउन सकिन्छ।
अतः स्थानीय, क्षेत्रीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता र खेलाडी, खेलकुद स्पर्धा उत्सव आदिका विषयमा समाजलाई रोचक तरिकामा समीक्षासितै जानकारी दिने पत्रकारितालाई नै खेलकुद पत्रकारिता भन्दछन्।

६.४.९. साहित्यिक पत्रकारिता : साहित्यिक पत्रकारिताका सन्दर्भमा भारतीय अवधारणा र पाश्चात्य अवधारणामा भिन्नता पाइन्छ। भारतीय अवधारणाअनुसार पत्रकार र साहित्यकारमा कुनै प्रकारको भिन्नता पाइँदैन, दुवै लेखक हुन्, दुवै सर्जक हुन्।अंशतः प्रत्येक पत्रकार साहित्यकार पनि हो भने अनिवार्यतः प्रत्येक साहित्यकार पत्रकार पनि हो। दूरदृष्टि, चिन्तन-मनन अनि लेखनमा सम्प्रेषणीयताको शक्तिले परिपूर्ण पत्रकार अनि साहित्यकार दुवै नै सत्यं शिवं सुन्दरंका उपासक हुन्। भारतीय विद्वान्ले पत्रकारिता र साहित्यलाई एका-अर्काका पर्यायका रूपमा हेरेका छन्। भारतका धेरैजसो साहित्यकार पत्रकार छन् भने धेरै नै पत्रकार साहित्यकार पनि छन्।

भारतीय अवधारणामा पत्र-पत्रिकाका माध्यमद्वारा साहित्यको सेवा गर्नु नै साहित्यिक पत्रकारिता हो। भारतेन्दू हरिश्चन्द्रदेखि आजसम्म नै पत्र-पत्रिकाका माध्यमद्वारा भारतीय साहित्यका विभिन्न विधा कविता, काव्य, उपन्यास, कथा, निबन्ध, समालोचना, नाटक, एकाङ्की, संस्मरण, नियात्रा, शोधपरक लेख, जीवनी आदिले फस्टाउने अवसर प्राप्त गरेका छन्। भारतीय समाचारपत्रले पनि आरम्भदेखि नै साहित्य सेवालाई धर्म ठानेको देखिन्छ भने साहित्य सेवाको उद्देश्य लिएर विशुद्ध साहित्यिक पत्रिकाका प्रकाशन पनि भएका छन्, जसलाई साहित्यिक पत्रकारिता मानिएको छ।

भारतका तुलनामा पाश्चात्य संसारमा साहित्यिक पत्रकारिताको अवधारणा बीसौँ शताव्दीको मध्यतिर मात्र देखापरेको हो। शैलीगत विशिष्टतासहित इतिवृत्तात्मक तक्निकीमा तथ्यपरक सूचना समावेश गरिएको पत्रकारितालाई कथेतर साहित्य (ननफिक्सन)-का रूपमा श्रेणीकरण गरी प्रस्तुत गर्नुलाई छुट्टै साहित्यिक पत्रकारिता भनिएको हो। साहित्यिक पत्रकारितालाई आख्यानात्मक साहित्य (नेरेटिभ जर्नालिज्म), सिर्जनात्मक कथेतर साहित्य (क्रिएटिभ ननफिक्सन) जस्ता शब्दको प्रयोग गरिएको पाइन्छ।

कथेतर साहित्यका माध्यमद्वारा सिर्जना हुने उपन्यास, कथा, निबन्ध, प्रबन्ध, अनुसन्धानात्मक लेख, पुस्तक निरूपण, समीक्षा आदिमाध्यममा पत्रकारिता गर्नु नै साहित्यिक पत्रकारिता हो।

भारतीय अवधारणाकै आधारमा नेपाली साहित्यिक पत्रकारिता विकसित भएको पाइन्छ। गोरखापत्र, सुन्दरी, माधवी, गोर्खाली, चन्द्रिका, गोरखासंसार, शारदा, उदय, खोजी, गोर्खा, भारती, कञ्चनजङ्घा, दियालो, स्रष्टा, निर्माण हुँदै दैनिक आवाज, हिमालचुली, हिमाली बेला, हिमाली आभा, सुनचरी समाचार, अब, आजभोलि, हाम्रो प्रजाशक्ति, समय दैनिक, हिमालय दर्पण आदि साहित्यिक पत्रिका र समाचारपत्रका प्रकाशनलाई पत्रकारिताकै रूपमा लिइएको छ।

नेपाली विद्वान् विजय चालिसे, ग्रीष्मबहादुर देवकोटा, विजय बान्तवा, हीरा छेत्री, पुष्प शर्मा, श्रीराम खनाल, भानुभक्त आचार्य, घमराज लुइँटेल आदिका पुस्तक एवम् लेखमा पत्रकारिताको चर्चा गर्दा समाचारपत्रसितै विशुद्ध साहित्यिक पत्र-पत्रिकाको पनि चर्चा गरिएको छ। विशुद्ध साहित्यिक पत्रिका प्रकाशन हुँदै आए तापनि नेपालको गोरखापत्र-देखि आजसम्म नै समाचारपत्रले नेपाली साहित्यका विकासमा महत्त्वपूर्ण योगदान दिँदै आएका देखिन्छन्। यस दिशामा गोरखापत्र, गोरखासंसार, गोर्खा, कञ्चनजङ्घा, हिमालचुली, सुनचरी समाचार आदि पत्रिका प्रमुख छन्।

अतः साहित्यको विकासमा पत्र-पत्रिकाका माध्यमद्वारा योगदान दिनु नै साहित्यिक पत्रकारिताको मूल उद्देश्य हो।

६.४.१०. पीत पत्रकारिता : पीत पत्रकारिता 19 औँ शताब्दीका अन्तिम दशकमा अमेरिकामा विकसित भएको एउटा अवधारणा हो। पीत पत्रकारिता अङ्ग्रेजीमा प्रचलित यल्लो जर्नालिज्म (Yellow Journalism) को नेपाली रूपान्तरण हो।

समाचारपत्रमा समाचार र विचारलाई बेग्लै प्रकारले कपोलकल्पित रूपमा प्रस्तुत गरी पाठकलाई आकर्षित गर्ने शैलीलाई पीत पत्रकारिता भनिन्छ। समाचारपत्रका बिक्रीवितरण बढाउनका लागि सूचना र समाचारका सत्यतालाई पर पन्साएर केवल बजारमा प्रभुत्व कायम गर्ने उद्देश्यले गरिएको पत्रकारिता नै पीत पत्रकारिता हो।

- **पीत पत्रकारितामा निम्नलिखित विशेषता पाइन्छन् -**
- पीत पत्रकारितामा कुनै पनि घटनालाई आवश्यकताभन्दा बेसी कपोलकल्पित घटना शृङ्खला जोडेर सत्यतथ्यलाई लुकाउँदै सनसनीपूर्ण, उत्तेजक एवम् आक्रामक भाषाशैलीमा समाचारकथाको प्रस्तुति।
- समाचारकथामा हुँदै नभएको अथवा महत्त्वहीन रहेको विषय वा अंशलाई टिपेर ठुलो अक्षरमा आक्रामक शीर्षकको प्रस्तुति।

- कसैलाई हियाउनका निम्ति र कसैलाई उचाल्नका निम्ति पक्षपातपूर्ण भावलेखन, भ्रमोत्पादक शीर्षकको चयन।
- कसैलाई दुर्नाम गराउन, हानि पुऱ्याउने उद्देश्यले कपोलकल्पित आरोप र प्रसङ्गसहितको समाचारको प्रस्तुति।
- समाचारकथामा अश्लिल तथा असोभनीय शब्द र भाषा प्रयोग गरी कसैप्रति आरोप-प्रत्यारोपको सिर्जना गर्नु।
- स्वार्थसिद्धिका निम्ति समाचारकथाको प्रस्तुति।

६.४.११. आर्थिक पत्रकारिता : आर्थिक पत्रकारिता व्यक्तिविशेष, मानव समाज, राज्य अनि राष्ट्रको विकास, प्रगति र संवृद्धिका साथै व्यक्ति, परिवार, समाज, राज्य अनि राष्ट्रको अर्थतन्त्रमा निर्भर रहेको हुन्छ। अर्थतन्त्रबिना कुनै पनि कामकार्य कार्यन्वयन हुन सक्दैन। यसैले अर्थतन्त्र आजका विश्वमा महत्त्वपूर्ण पक्ष बन्नपुगेको छ। यही अर्थतन्त्रसित जोडिएको पत्रकारितालाई आर्थिक पत्रकारिता भन्दछन्।

आर्थिक पत्रकारिता शब्द दुईवटा शब्द आर्थिक र पत्रकारिताको योगबाट बनेको हो। आर्थिक शब्दको सम्बन्ध अर्थतन्त्रसित रहेको छ। आर्थिक पत्रकारिता अङ्ग्रेजी भाषामा प्रचलित *इकोनोमिक जर्नालिज्म* शब्दको नेपाली रूपान्तरण हो। आर्थिक पत्रकारितालाई व्यापार पत्रकारिता (बिजिनेस जर्नालिज्म), वाणिज्य पत्रकारिता (कमर्सियल जर्नालिज्म), वित्तीय पत्रकारिता (फिनान्सियल जर्नालिज्म) नामले पनि चिनिन्छ।

व्यक्ति, संस्थान, राज्य अनि देशमाझ हुने कुनै पनि व्यापारिक एवम् आर्थिक व्यवहार नै आर्थिक पत्रकारिताको विषय हो। आर्थिक पत्रकारिता आर्थिक व्यवहार अथवा अर्थव्यवस्थाको व्यापक गुण-दोषका समीक्षा अनि विवेचनामा केन्द्रित हुन्छ। अर्थ व्यवस्थाका प्रत्येक पक्षमा सूक्ष्म दृष्टिकोण राख्दै त्यसको विश्लेषण गर्नु अनि समाजमा पर्ने त्यसका प्रभावका बारेमा अध्ययन गरी प्रचार-प्रसार गर्नु आर्थिक पत्रकारिताको उद्देश्य हो। आज आर्थिक उदारीकरण अनि विभिन्न राष्ट्रमाझ

हुने आपसी व्यापारिक सम्बन्धले विश्वकै आर्थिक परिदृश्यलाई व्यापकता प्रदान गरेको छ।वर्तमानमा कुनै पनि राष्ट्रको अर्थ-व्यवस्थामा अन्तर्राष्ट्रिय व्यापार सम्बन्धमा निर्भर रहेको पाइन्छ।संसारको एक कुनामा भएका आर्थिक हलचल अथवा आरोह अवरोहले अन्य राष्ट्रका अर्थ-व्यवस्थालाई समेत प्रभावित पार्दछ।

वर्तमानमा अर्थतन्त्र जनमानसको चासोको विषय बन्नपुगेको छ। अर्थतन्त्र, व्यापार, वाणिज्य, सरकारको आर्थिक नीति, बजार, शेयर बजार, उद्योग नीति, औद्योगिक उत्पादन, ब्याङ्क, कारोबार, ऋण व्यवस्थापन, बीमा, क्रयबिक्रय, श्रमिक, अनलाइन व्यापार आदि जनसरोकारका विषय बनेका छन्।परिणामस्वरूप पत्रकारितामा यी सबै विषयलाई समेट्न आर्थिक पत्रकारिताको उदय भएको हो। समाचारपत्रका विकासक्रममा बिगत केही दशकयता आर्थिक समाचारकथाले लोकप्रियता प्राप्त गर्दै आएको छ, जसले गर्दा प्रायः समाचारपत्रमा आर्थिक पत्रकारिताको छुट्टै पृष्ठ राखिन थालिएको छ। यति मात्र नभई इकोनोकिमस् टाइमस् जस्ता कतिपय समाचारपत्र आर्थिक पत्रकारिताका स्वरूपलाई नै अँगालेर प्रकाशित भइरहेका छन्।

६.४.१२. विज्ञान पत्रकारिता : विज्ञानसम्बन्धित समाचार तथा फीचर सर्वसाधारणसमक्ष पुऱ्याउने पत्रकारितालाई विज्ञान पत्रकारिता भनिन्छ। विज्ञान पत्रकारितामा विज्ञान विषय पत्रकार तथा पाठकमाझ अन्तर्क्रिया हुन्छ। विज्ञानका विभिन्न आविष्कार, खोज, अनुसन्धान, प्रयोग, उपलब्धि, ज्ञानका सम्भावना आदि विषयलाई जनमानससमक्ष तथ्यपूर्ण एवम् प्रामाणिक रूपमा पुऱ्याउने पत्रकारिता नै विज्ञान पत्रकारिता हो।

विज्ञान पत्रकारिता चुनौतीपूर्ण विषय हो, किनभने विज्ञान पत्रकारिताका लागि पत्रकारसित विज्ञान विषयक ज्ञान हुन आवश्यक छ। विशेषतः लघु तथा मध्यम दर्जाका समाचारपत्रका लागि विज्ञान

पत्रकारिता व्यापक क्षेत्रको विषय हो, किनभने यस्ता पत्रिकामा विज्ञान पत्रकार र सम्पादक उपलब्ध हुँदैनन्।

विज्ञानले प्रमाण माग्दछ अनि विज्ञान पत्रकारितामा प्रमाणबिना दिएको तथ्यमाथि पाठकलाई विश्वास हुँदैन। यसैले पत्रकारले सदैव विज्ञानविषयक कुनै समाचार एवम् लेखरचना प्रस्तुत गर्दा आवश्यक प्रमाण दिनु अनिवार्य हुन्छ।

६.४.१३. चलचित्र पत्रकारिता : चलचित्रको विकाससितै मनोरञ्जनका साधनका रूपमा विकसित चलचित्र जगत्का विभिन्न समाचार र जानकारीलाई पाठकसमक्ष पुऱ्याउने उत्तरदायित्व वहन गरेको पत्रकारितालाई चलचित्र पत्रकारिता भन्दछन्। आज चलचित्र पत्रकारिताले चलचित्रको समीक्षा, निरूपण, विकासको गतिविधि, छायाङ्कन, सम्पादन, अन्तर्वार्तासितै गीत-सङ्गीत र नृत्यका अतिरिक्त विज्ञापनलाई पनि आफ्नो विषय बनाउँदै लगेको छ।

६.४.१४. बाल पत्रकारिता : बालक-बालिकाका चारित्रिक एवम् मानसिक विकासका लागि विभिन्न रोचक एवम् ज्ञानवर्द्धक सामग्री प्रस्तुत गर्ने पत्रकारितालाई बाल पत्रकारिता भन्दछन्। समाचारपत्रमा बालक-बालिकाका निम्ति छुट्टै स्तम्भ राखेर पठनीय सामग्री प्रस्तुत गरिएको हुन्छ। यसका अतिरिक्त समाचारपत्रमा समाविष्ट बाल स्तम्भले बालकमानसमा अध्ययन संस्कृतिको विकास गर्नमा विशेष योगदान दिएको हुन्छ। बाल मनोविज्ञानलाई बुझेर पाठ्य सामग्री तयार गर्नु बाल पत्रकारिताका निम्ति निकै चुनौतीपूर्ण कार्य हो।

६.४.१५. संसदीय पत्रकारिता : संसद एवम् विधायिकाका विभिन्न विषयमा जानकारी उपलब्ध गराउने पत्रकारिता नै संसदीय पत्रकारिता हो। यस किसिमको पत्रकारितामा संसदका विभिन्न पक्ष, कार्यप्रणाली, कार्यव्यापार, नियम, संसदका गतिविधि, संसदीय सत्र, अधिवेशन, प्रश्न, उत्तर, बहस, विधेयक, विधेयक संशोधन, प्रस्ताव, वित्तीय विधेयक, बजेट सत्र, सरकारका आश्वासन, संसदीय

समिति, संसदमा प्रस्तुत विधेयक, दलहरूको सक्रियता, विकास नीति आदि विषयमा समाचारकथा तयार गरेर जनतालाई सुसूचित गरिन्छ। संसदीय पत्रकारले संसदको विशेषाधिकारको उल्लङ्घन नगरी संसदीय निर्धारित नियमअनुरूप कार्य गर्नुपर्ने हुन्छ। यसका लागि संसदीय भाषा, प्रक्रिया र संविधानको विशेष प्रावधान, सरकारको गठनप्रक्रिया आदि विषयमा आवश्यक जानकारी आफूसित राखेको हुनु अनिवार्य छ।

६.४.१६. विधि पत्रकारिता : विधि पत्रकारितालाई कोर्ट रिपोर्टिङ पनि भनिन्छ। यो पत्रकारिता न्याय प्रणालीसम्बन्धित हुन्छ। यसले न्याय प्रणालीसम्बन्धित न्यायालयको अवमानना नगरी समाचारकथा सम्प्रेषण गर्दछ। यसका लागि पत्रकारले न्यायालयका संरचनासितै न्यायालयका गतिविधि, प्रक्रिया, कार्यव्यापार आदि विषयमा आवश्यक जानकारी राखेको हुन आवश्यक छ। प्रत्येक देशका आ-आफ्नै किसिमका न्यायप्रणाली र कानुन हुन्छन्। यसैले पत्रकारमा न्यायालय विषयको सही जानकारीसितै कानुनी भाषाको जानकारी पनि हुनु आवश्यक छ।

६.४.१७. अपराध पत्रकारिता: अपराधलाई दण्डाभियोग एवम् क्राइम पनि भनिन्छ।अपराधलाई समाजविरोधी क्रिया मानिन्छ। समाजद्वारा निर्धारित आचरणको उल्लङ्घन अथवा त्यसको अवहेलना, न्यायिक प्रक्रियाद्वारा दोषीलाई स्थापित कानुन उल्लङ्घनका निम्ति निर्धारित दण्ड दिइने क्रियामा हुने त्रुटि अनि स्थापित नियम-कानुनको उल्लङ्घन गर्नुलाई अपराध मानिन्छ। साधारण अर्थमा अपराध भन्नाले हत्या, चोरी, डकैती आदि जघन्य अपराध पनि बुझिन्छ।अपराधका विभिन्न कारण हुन सक्छन्, जस्तै क्षणिक आवेग, भावुकता, पूर्वविचार, भावी विनाशबाट हुने क्षतिको रक्षा, प्रलोभन, स्वार्थपूर्ति, भय, त्रास, मनोविज्ञान आदि।

प्रत्येक समाज, क्षेत्र अथवा स्थानमा सानो अथवा ठुलो कुनै न कुनै रूपमा अपराध भइरहेकै हुन्छ। अपराधमुक्त समाजको कल्पना गर्न नसकिने आजको विश्वमा अपराधका विभिन्न घटना र

विषयबारे जानकारी दिने उद्देश्यले गरिने पत्रकारितालाई अपराध पत्रकारिता अथवा क्राइम रिपोर्टिङ (Crime Reporting) भन्दछन्।

अपराधका समाचारले कुनै आपराधिक घटना अथवा क्रियाको सूचना मात्र दिँदैन मानिसलाई सतर्क अनि जागरूक पनि बनाउँदछ।ठगी, जालसाजी, धोखाधडी, भ्रष्टाचार, हत्या, बलात्कार, चोरी आदि अनेक आपराधिक विषयमा समाचारपत्रमा समाचार प्रकाशित भइरहेकै हुन्छन्।अपराध पत्रकारिताद्वारा मानिसलाई कानुन अनि अधिकारबारे पनि जानकारी दिएर सचेत गराइन्छ। अपराध पत्रकारिता गम्भीर र जिम्मेवारीपूर्ण कार्य भएका कारण यसमा पत्रकारले गम्भीरता साथ ध्यान दिई विशेष परिश्रम गर्नुपर्ने हुन्छ। कतिपय अपराधलाई सार्वजनिक गर्नका लागि खोजी पत्रकारिताको सहयोग लिइएको हुन्छ।

अपराध पत्रकारितामा पत्रकारले संज्ञेय अनि असंज्ञेय अपराध, जमानती अनि गैरजमानती अपराध, प्राथमिकी, सामान्य डायरी, न्यायिक प्रक्रिया, कानुन, कानुनी भाषा, पुलिसका क्रियाकलाप आदि विषयमा जानकारी राख्नु पर्दछ। पत्रकारले आफ्नो सुरक्षा सुनिश्चित गर्दै अनुसन्धान गर्ने कार्यलाई अघि बढाउनुपर्दछ।

यसरी विषयवस्तुका आधारमा पत्रकारितालाई हेर्दा माथि चर्चित यिनै विषयलाई पत्रकारिताका विभिन्न प्रकारगत आधार मान्न सकिन्छ।

६.५. भौगोलिक आधारमा पत्रकारिताका प्रकार

भौगोलिक आधारमा पत्रकारितालाई स्थानीय पत्रकारिता, राष्ट्रिय पत्रकारिता अनि अन्तर्राष्ट्रिय पत्रकारिता गरी तीन वर्गमा विभाजित गरी अध्ययन गर्न सकिन्छ।

६.५.१. स्थानीय पत्रकारिता : क्षेत्रीय स्थान विशेषका विविध विषय, समस्या, उपलब्धि, लोककला, साहित्य-कला-संस्कृति, भाषा, परम्परा-इतिहास, मुद्दा, राजनीति, अर्थतन्त्र, सामाजिक विषयवस्तु,

खेलकुद, ग्राम्यजीवन, विकास, अपराध आदि विषयबारे स्थानीय मानिसलाई सुसूचित गर्ने पत्रकारितालाई स्थानीय पत्रकारिता भन्दछन्। स्थानीय पत्रकारिताका सीमित क्षेत्र र पाठक हुन्छन्, तर स्थानीय गतिविधि, विचार, मत आदिलाई दस्तावेजीकरण गर्न र विश्लेषण गरी जनविचार सिर्जना गर्न स्थानीय पत्रकारिताले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ।

स्थानीय पत्रकारिताअन्तर्गत क्षेत्रीय तथा स्थानीय समाचारपत्र, क्षेत्रीय केबल टेलिभिजन समाचार, सामुदायिक रेडियो आदि पर्दछन्। बद्लिँदो वैश्विक परिवेशमा वैश्विकीकरण, सामाजिक सञ्जाल, न्यु मिडियाका विकास आदिले स्थानीय पत्रकारितालाई गम्भीर चुनौती दिइरहेको अवस्था छ। अर्कोतिर राष्ट्रिय समाचारपत्रले समेत क्षेत्रीय संस्करण प्रकाशन गरेकाले साना तथा स्थानीय समाचारपत्रका निम्ति प्रतिस्पर्धाको स्थिति आएको छ।

६.५.२. राष्ट्रिय पत्रकारिता : कुनै पनि राष्ट्रअन्तर्गत राष्ट्रिय र अन्य विषयवस्तु, मुद्दा, समस्या, उपलब्धि, नीति, कार्यक्रम, अर्थतन्त्र, सुरक्षा, शान्ति, पर्यावरण आदि विषयलाई सम्बोधन गर्ने पत्रकारितालाई राष्ट्रिय पत्रकारिता भन्दछन्।राष्ट्रियहितका मुद्दालाई सम्बोधन गर्दै सर्वसाधारणमा राष्ट्रभक्ति एवम् नागरिकका दायित्वबोधको भावना विकास गर्ने अभीष्ट राष्ट्रिय पत्रकारिताको हुँदछ।

६.५.३. अन्तर्राष्ट्रिय पत्रकारिता : अन्तर्राष्ट्रिय पत्रकारितालाई वैश्विक एवम् ग्लोबल पत्रकारिता पनि भन्दछन्।पहिला अन्तर्राष्ट्रिय पत्रकारिता भन्नाले विदेशी समाचारलाई प्रस्तुत गर्नु भन्ने अर्थ बुझिन्थ्यो भने आज यसको अर्थविस्तार भएको छ। आधुनिक सञ्चार प्रविधिको विकासले ल्याएको क्रान्तिकारी परिवर्तन, वैश्विकीकरणले विश्वलाई एउटा ग्रामका रूपमा विकसित गरेको अवस्था, युरोपीय युनियनको विकासले जन्माएको एक मुद्रा सञ्चालन, सामाजिक सञ्जालले विश्वका कुनै पनि कुनाका मानिससित गरिने सहज सम्पर्क र सम्बन्ध आदिले मानिसलाई भावनात्मक रूपमा जोडेका छन्। अतः अन्तर्राष्ट्रिय पत्रकारिता वैश्विक पत्रकारितातर्फ उन्मुख देखिन्छ।

वैश्विक पत्रकारिताले संसारलाई जोड्ने, विभिन्न देशमा मानिसको आवागमनलाई प्रोत्साहित गर्ने, राष्ट्रिय अर्थतन्त्रलाई विश्व बजारमा पुऱ्याउने, समाचारलाई एउटा राष्ट्रमा सीमित नराखेर विभिन्न राष्ट्रमा सञ्चार गर्दै लाने तथा इन्टरनेटका माध्यमद्वारा राष्ट्रिय एवम् राजनीतिक सीमाका बन्धनबाट विश्वलाई मुक्त बनाएर लाने काम गर्दछ। यसले वैश्विक मुद्दा मौसम परिवर्तन, ग्लोबल वार्मिङ, अर्थतन्त्र एवम् व्यापार, अन्तर्राष्ट्रिय महामारी जस्तै बर्डफ्लू, स्वाइनफ्लू, डेङ्गु, कोभिड 19 आदिलगायत आतङ्कवाद, परमाणु विस्फोट, मानव तस्करी, लागूपदार्थको दुर्व्यसन जस्ता विषयवस्तुलाई सम्बोधन गर्दै जनविचार सिर्जना गर्दछ।अन्तर्राष्ट्रिय पत्रकारिताले विश्व राजनीतिक अवधारणाद्वारा विश्वका विभिन्न राष्ट्रलाई एक सूत्रमा जोड्ने प्रयास गरिरहेको हुन्छ। अन्तर्राष्ट्रिय पत्रकारमा अन्तर्राष्ट्रिय सम्बन्धको विशेषज्ञ, इतिहासविद्, समाजशास्त्री र कुटनीतिक भूमिका निर्वाह गर्ने क्षमता हुनुपर्दछ।

६. निष्कर्ष

वर्तमान युगमा पत्रकारिता अत्यन्त विशिष्ट विषय बन्न पुगेको छ। यो सूचनाको युग हो र सूचनाको युगमा आम मानिसलाई सदैव सूचनाको खाँचो पर्दछ। मानिस जिज्ञासु प्राणी भएको हुँदा संसारमा के कस्ता घटनाहरू भइरहेका छन् त्यस विषयमा उसलाई सदैव जिज्ञासा हुने गर्दछ। मानिसमा मनमा उठेका अनेकौं प्रश्न र जिज्ञासाको समाधान दिने प्रयास पत्रकारिताले गरिरहेको हुन्छ।

पत्रकारिता त्यो सामाजिक सञ्चार हो, जसले समाजलाई सदैव सचेत र सुसूचित राख्ने काम गर्दछ। पत्रकारिताले समाजलाई जीवन्त बनाउनमा सक्रिय भूमिका निर्वाह गरेको हुन्छ। वास्तवमा विश्वहमा भइरहने दैनिक घटनाक्रमलाई सर्वव्यापीकरण गरेर जनसमुदायसमक्ष पुऱ्याउने सञ्चार माध्यमको सशक्त रूप नै पत्रकारिता भएको हुँदा यसको सर्वाधिक महत्व र विशेषता रहेको पाइन्छ।

समय, परिवेश, प्रकृति, विषयवस्तु, स्वरूप, संरचना, प्रविधि आदि अनेकौं तत्वका आधारमा पत्रकारिताका विभिन्न भेद, उपभेद हुनसक्छन्।

७. अभ्यास प्रश्न

१. पत्रकारिता शब्दको व्युत्पत्ति केलाउनुहोस्।
२. पत्रकारिताको अर्थ स्पष्ट पार्दै परिभाषा दिनुहोस्।
३. पत्रकारितालाई सामयिक ज्ञानको व्यवसाय भनेर कसले भनेका हुन्? छलफल गर्नुहोस्।
४. पत्रकारिता हतारिएको साहित्य मान्ने विद्वान को हुन्? छलफल गर्नुहोस्।
५. कसले पत्रकारितालाई इतिहासको पहिलो पाण्डुलिपि भनेका छन्? छलफल गर्नुहोस्।
६. सञ्चालन प्रकृतिका आधारमा पत्रकारिता कति प्रकारका हुन्छन्, स्पष्ट पार्नुहोस्।
७. अवधिगत आधारमा पत्रकारितालाई कति भेद गर्न सकिन्छ ? छलफल गर्नुहोस्।
८. विषयवस्तुगत आधारमा पत्रकारिताका प्रमुख प्रकारहरू के के हुन्? छलफल गर्नुहोस्।
९. भौगोलिक प्रकृतिका आधारमा पत्रकारिताका कति प्रकार हुन्छन्? छलफल गर्नुहोस्।
१०. साहित्यिक पत्रकारिता भनेको के हो? छलफल गर्नुहोस्।
११. खेलकुद पत्रकारिताबारे संक्षेपमा परिचय दिनुहोस्।

८.२. आत्म मूल्याङ्कन गर्नुहोस्।

१. छापा पत्रकारिकाको परिचय दिनुहोस्। (एकसय शब्दमा)
२. आजको युगमा डिजिटल पत्रकारिताको महत्व र विशेषता स्पष्ट पार्नुहोस्। (एकसय शब्दमा)
३. पत्रकारिताको सशक्त विधाका रूपमा फोटो पत्रकारितालाई चिनाउनुहोस्। (एकसय शब्दमा)
४. विकास पत्रकारिता र ग्रामीण पत्रकारिताको परिचय दिनुहोस् । (एकसय शब्दमा)
५. पत्रकारिताको मान्यता र विशेषता प्रकाश पार्नुहोस्। (एकसय शब्दमा)

८. थप अध्ययनका लागि सन्दर्भ सामग्री

१. अधिकारी, निर्मलमणि, वि स 2065, आमसञ्चार र पत्रकारिता, काठमाडौं : प्रशान्ति प्रकाशन।
२. आचार्य, भानुभक्त, वि स 2070 आमसञ्चार र पत्रकारिता (दो.सं), काठमाडौं : प्रधान बुक हाउस।

३. आचार्य, भानुभक्त र घमराज लुइँटेल, वि स 2069 नेपाली पत्रकारिता (दो.सं), काठमाडौं: निमा पुस्तक प्रकाशन।

४. खनाल, श्रीराम, वि स 2063 प्रयोगात्मक पत्रकारिता (चौ. सं.), काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि.।

५. घिमिरे, डी आर, वि स 2060 पत्रकारिता : सिद्धान्त र व्यवहार, काठमाडौं : पौरवी प्रकाशन।

६. Ahuja, BN, 2009 Theory And Practice of Journalism, Delhi : Surjeet Publication.

७. जोगलेकर, काशीनाथ गोविन्द, सन् 1997 समाचार और संवाददाता, वाराणसी विश्वविद्यालय प्रकाशन।

८. तिवारी, अर्जुन, सन् 2010, आधुनिक पत्रकारिता (छै.सं.), वाराणसी : विश्वविद्यालय प्रकाशन।

९. तिवारी, अर्जुन, सन् 2014, सम्पूर्ण पत्रकारिता (च. सं.) वाराणसी : विश्वविद्यालय प्रकाशन।

--------------------------------x--------------------------------------

एकाइ २

नेपाली पत्रपत्रिका तथा समाचारपत्रको इतिहास

एकाइको संरचना

१. प्रस्तावना
२. उद्देश्य
३. नेपाली छापाखानाको पृष्ठभूमि
४. नेपाली पत्र-पत्रिकाको प्रकाशनको थालनी
५. नेपाली पत्रपत्रिका एवम् समाचारपत्रको काल विभाजन
६. नेपाली पत्रपत्रिका एवम् समाचारपत्रको कालक्रमिक विकासक्रम
६.१ प्राथमिक काल- सन १८८७ देखि सन सन १९३३ सम्म
६.२ आधुनिककाल- सन १९६० देखि यता

७. निष्कर्ष
८. अभ्यास प्रश्न
९. थप अध्ययनका लागि सन्दर्भ सामग्री

९. प्रस्तावना

प्रस्तुत पाठ्यांश नेपाली पत्रपत्रिकाको प्रकाशन पृष्ठभूमि, कालविभाजन, नेपाली पत्रपत्रिका अनि समाचारपत्रको कालक्रमिक विकासक्रममा केन्द्रित रहेको छ। यसमा विशेषतः केही प्रमुख पत्रपत्रिकाको संक्षिप्त परिचय पनि दिइएको छ।

१०. उद्देश्य

प्रस्ततु पाठ्यांशका निधारित पाठ्यवस्तुको अध्ययनपछि विद्याथीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन्-

च. नेपाली पत्रपत्रिकाको प्रकाशनको पृष्ठभूमिबारे जानकारी लिन,
छ. नेपाली पत्र पत्रिकाको इतिहासबारे जानकारी लिन,
ज. प्रमुख पत्र पत्रिकाको योगदानबारे जानकारी लिन,
झ. नेपाली भाषा-साहित्यको विकासमा पत्रपत्रिकाको योगदानबारे बुझ्न।

3. नेपाली छापाखानाको पृष्ठभूमि

आधुनिक छापाखानाको आविष्कार हुनुभन्दा अघिदेखि नै भारतमा मुद्रण प्रविधिको प्रयोग हुन्थ्यो। पाँचहजार वर्षअघि सिन्धुघाटीको सभ्यतामा पाइएका कलात्मक चित्रअङ्कित छाप्ने मोहरहरूको प्रयोग, स्वर्णमुद्रा छापेर चलसम्पत्तिका रूपमा प्रयोग गरिनु आदिले भारतमा प्राचीनकालदेखि नै मुद्रण प्रविधि विद्यमान रहेको प्रमाणित हुन्छ।

सन १४४०-मा जर्मन नागरिक जोहानेस गुटेनबर्गले छाप्ने यन्त्रको आविष्कार गरेर विश्वमा मुद्रण क्रान्ति ल्याउने काम गरे। सन १४५७-मा फोस्ट एन्ड स्चोइफरद्वारा पहिलो मुद्रित पुस्तक प्रकाशन गरिएको थियो। त्यसपछि इटाली (सन १४६५), फ्रान्स (सन १४७०), स्पेन (सन १४७४), इङ्ग्ल्यान्ड (सन १४७७), डेनमार्क (सन १४८२), स्वीडेन (सन १४८३), पोर्तुगल (सन १४९५), रूस (सन १५५३) हुँदै सन १५५६-मा भारतमा पनि छापाखानाको प्रवेश भयो।

६ सेप्टेम्बर, १५५६-मा इसाई धर्म प्रचारका लागि पुस्तक छाप्ने उद्देश्यले भारतको गोवामा छापाखानाको स्थापना गरिएको थियो। सन १५५७-मा गोवाबाट सन्त जेभियरको **डाउटरिना क्रिस्टा** नामक पुस्तक प्रकाशित भएको थियो, जसलाई भारतमा आधुनिक मुद्रणयन्त्रद्वारा प्रकाशित पहिलो पुस्तक मानिन्छ। गोवामा छापाखानाको स्थापना भएपछि विभिन्न पुस्तकको प्रकाशन भए अनि एक शताब्दीपछि भारतका अन्य स्थानमा पनि छापाखानाको स्थापना हुनथाले। यस क्रममा सन १६७४-७५ मा बम्बईमा, सन १७१२ मद्रासमा, सन १७७८-मा कलकत्ता नजिक हुगलीमा छापाखानाहरू स्थापना भए। सन १७८०-मा कलकत्ताबाट जेम्स अगस्टस हिकीले भारतको पहिलो समाचारपत्रको रूपमा **बेङ्गाल ग्याजेट**-को प्रकाशन गरेपछि भारतमा पत्र-पत्रिका र समाचारपत्रहरूको प्रकाशन प्रारम्भ भएको हो।

सन १८२० मा कलकत्ताको हिन्दोस्तानी प्रेसबाट फिलिप परेराद्वारा कलकत्ताको फोर्ट विलियम कलेजका अरबी अनि फारसी भाषाका सहायक प्राध्यापक जेए एटनद्वारा अङ्ग्रेजी र नेपाली देवनागरी लिपिमा लेखिएको नेपाली भाषाको व्याकरण **ए ग्रामर अव् द नेपालीस् ल्याङ्वेज**- प्रकाशित भयो। अहिलेसम्मको प्राप्त तथ्याङ्कअनुसार उक्त पुस्तक नै नेपाली भाषामा प्रकाशित पहिलो पुस्तक हो।

सन १८५१-मा नेपालका प्रधानमन्त्री जङ्गबहादुर राणाले बेलायत भ्रमणबाट फर्केर आउँदा एउटा हाते प्रेस र त्यससंलग्न सामान साथमा ल्याएका थिए। उनले नै नेपालमा छापाखानाको स्थापना गरेको र त्यस छापाखानालाई गिद्धे प्रेस-को नामले चिनिएको थियो। नेपालमा स्थापना गरिएको पहिलो छापाखाना पनि यही नै थियो। त्यसपछि सन १८६० तिर मनोरञ्जन छापाखानाको स्थापना भएको

पाइन्छ। यस छापाखानाले सन १८६२ भन्दा अघि नै पुस्तक छाप्ने काम गरेको विषय **मोक्षसिद्धि** नामक पुस्तकमा प्रकाशित विज्ञापनले स्पष्ट पार्दछ। सन १९०० सम्ममा नेपालमा दुई-तीनवटा छापाखानाको स्थापना भइसकेको सम्बन्धमा नेपाल प्रेस कमिसनको रिपोर्ट २०१५-मा उल्लेख गरिएको छ। बीसौँ शताब्दीको थालनी सँगसँगै नेपालमा छापाखानाहरूको स्थापना हुने क्रम बढ्दै गयो। यी छापाखानाबाट हुलाकपत्र, लिफा, टिकट, सरकारी कागतपत्र, पुस्तकहरूको प्रकाशन सँगसँगै पत्रिकाहरूसमेत प्रकाशित हुनथाले।

४. नेपाली पत्र-पत्रिकाको प्रकाशनको थालनी

भारतको बनारसमा अध्ययनका निम्ति नेपालबाट आएका मोतीराम भट्टले **भारत जीवन** नामक प्रेसका मालिक बाबु रामकृष्ण वर्मासँग मिलेर सन १८८७ मा **गोरखा भारत जीवन** नामक पत्रिका प्रकाशनमा ल्याएको कुरो थाहा लाग्छ, यद्यपि यस पत्रिकाको एउटै प्रति पनि हालसम्म उपलब्ध नहुँदा यसमा के कस्ता सामग्री प्रकाशित हुन्थे भन्ने कुरो गम्भीर खोजको विषय बनेको छ। हिन्दी भाषामा प्रकाशित **भारत जीवन** पत्रिकाको एक अङ्कमा प्रकाशित विज्ञापन अनि **गोर्खा हास्यमञ्जरी**-को आवरण पृष्ठमा प्रकाशित विज्ञापनले **गोरखा भारत जीवन** प्रकाशित भएको तथ्य पुष्टि गर्दछ।

सन १८९८ मा **सुधासागर** नामक मासिक पत्रिकाको प्रकाशनबाट सर्वप्रथम नेपालमा नेपाली पत्र-पत्रिकाको प्रकाशनको आरम्भ भएको थाहा लाग्छ। यो पत्रिका सन १८९३ मा काठमाडौंको ठँहिटीमा स्थापना भएको पशुपत प्रेस-बाट प्रकाशित भएको थियो भन्ने उल्लेख पाइन्छ, तर आजसम्म यसको एक प्रति पनि फेला पर्नसकेको छैन, तथापि **नलोपाख्यान** नामक पुस्तकको कबर पृष्ठमा प्रकाशित विज्ञापनले **सुधासागर** पत्रिका साउन महिनादेखि मासिक रूपमा प्रकाशन भएको पुष्टि हुँदछ।

गोरखा भारत जीवन र **सुधासागर** दुवै पत्रिका अप्राप्य रहेकाले नेपाली पत्रकारिताका यी दुई प्रारम्भिक पत्रिकापछि भारतको दार्जिलिङबाट प्रकाशित **गोर्खे खबर् कागत्**-लाई नै आजसम्मको प्राप्तिअनुसार नेपाली पत्रकारिताको पहिलो नेपाली समाचारपत्र मान्नुपर्ने देखिन्छ।

दार्जिलिङबाट पादरी गङ्गाप्रसाद प्रधानले सन १९०१-को पहिलो जनवरीदेखि **गोर्खे खबर् कागत्** (मासिक खबरकागत) को प्रकाशन थालेर १ जुन, १९३० सम्म अर्थात् आफ्ना जीवनकालभरि नै सो पत्रिका प्रकाशित गरिरहे। उनले यो समाचारपत्र दार्जिलिङस्थित गोर्खा प्रेसबाट प्रकाशित गरेका थिए। यस समाचारपत्रमा समाचारलगायत साहित्यिक एवम् साहित्येत्तर विषयका विभिन्न सामग्री प्रकाशित हुन्थे।

गोरखापत्र पत्रिकाको पहिलो अङ्क ३०, अप्रेल १९०१ (१९५८ वैशाख २४ गते) मा काठमाडौं नेपालबाट प्रकाशित भएको थियो। **गोरखापत्र** पहिले साप्ताहिक रूपमा प्रकाशित हुने गर्थ्यो। **गोरखापत्र** सन १९४३ अक्टुबरदेखि हप्ताको दुई पटक, सन १९४६ को दिसम्बरदेखि हप्ताको तीनपटक र सन १९६० को फेब्रुवरीदेखि दैनिक रूपमा प्रकाशित हुन थाल्यो।

५. नेपाली पत्रपत्रिका एवम् समाचारपत्रको काल विभाजन

नेपाली पत्रपत्रिका एवम् समाचारपत्रको विकासक्रम अध्ययनका लागि कालविभाजन एउटा कठीन विषय हो। भारत र नेपालमा छुट्टाछुट्टै पृष्ठभूमिमा पत्र-पत्रिकाको प्रकाशन र विकास भएका छन्। तथापि अध्ययनको सुविधालाई ध्यानमा राखेर नेपाली पत्र-पत्रिका एवम् समाचारपत्रको इतिहासलाई निम्नलिखित कालखण्डमा विभाजन गर्न सकिन्छ।

प्राथमिक काल- सन १८८७ देखि सन सन १९५९ सम्म
आधुनिककाल- सन १९६० देखि यता
पहिलो चरण- सन १९६० देखि- सन १९९९
दोस्रो चरण- सन २००० देखि यता

६. नेपाली पत्रपत्रिका एवम् समाचारपत्रको कालक्रमिक विकासक्रम

६.१ प्राथमिक काल- सन १८८७ देखि सन सन १९३३ सम्म

सन १८८७-मा भारतको बनारसमा मोतीराम भट्टको सम्पादनमा प्रकाशित **गोरखा भारत जीवन** नामक पत्रिकाको प्रकाशनबाट नेपाली पत्रपत्रिकाको इतिहास आरम्भ हुन्छ। यद्यपि **गोरखा भारत जीवन** पत्रिकाको एउटै प्रति पनि हालसम्म उपलब्ध नहुँदा यसमा के कस्ता सामग्री प्रकाशित हुन्थे त्यो थाहा लाग्न सकेको छैन। तर मोतीराम भट्टले नेपाली पत्रकारिताको श्रीगणेश गरेको पुष्टि यस पत्रिकाको प्रकाशन भएको तथ्यबाट थाहा लाग्दछ।

सन १८९८ मा **सुधासागर** नामक मासिक पत्रिकाको प्रकाशनबाट नेपालमा नेपाली पत्र-पत्रिकाको प्रकाशनको आरम्भ भएको थाहा लाग्छ। यो पत्रिका सन १८९३ मा काठमाडौंको ठँहिटीमा स्थापना भएको पशुपत प्रेस-बाट प्रकाशित भएको थियो, यसको पनि एकै प्रति पनि फेला पर्नसकेको छैन।

दार्जिलिङबाट पादरी गङ्गाप्रसाद प्रधानको सम्पादन एवम् प्रकाशनमा सन १९०१-मा मासिक खबरकागत **गोर्खे खबर् कागत्** –को प्रकाशन शुरु भयो। नेपाली समाचारपत्रको इतिहासमा यो

पहिलो पत्रिका थियो। सन १९०१-को पहिलो जनवरीदेखि प्रकाशन भएको **गोर्खे खबर् कागत्** १ जुन, १९३० सम्म प्रकाशन भएको थियो। यस समाचारपत्रमा समाचारलगायत साहित्यिक एवम् साहित्येत्तर विषयका विभिन्न सामग्री प्रकाशित हुन्थे।

गोरखापत्र पत्रिकाको पहिलो अङ्क ३० अप्रेल, १९०१ मा काठमाडौं नेपालबाट प्रकाशित भएको थियो। **गोरखापत्र** पहिले साप्ताहिक रूपमा प्रकाशित हुने गर्थ्यो। **गोरखापत्र** सन १९४३ अक्टुबरदेखि हप्ताको दुई पटक, सन १९४६ को दिसम्बरदेखि हप्ताको तीनपटक र सन १९६० को फेब्रुवरीदेखि दैनिक रूपमा प्रकाशित हुन थाल्यो। **गोरखापत्र** नेपालबाट प्रकाशित पहिलो समाचारपत्र हो।

सन १९०२ मा भारतको बनारसबाट सदाशिव शर्माको सम्पादनमा उपन्यासप्रधान साहित्यिक पत्रिका **उपन्यास तरङ्गिनी**, सन १९०६-मा देवीदत्त पराजुली र सोमनाथ सिग्द्यालको सम्पादनमा बनारसबाटै **सुन्दरी** नामक साहित्यिक पत्रिकाको प्रकाशन प्रारम्भ भयो। यी दुवै पत्रिका मासिक रूपमा प्रकाशित भए तापनि **उपन्यास तरङ्गिनी** दुई अङ्क र **सुन्दरी** १३ अङ्कसम्म प्रकाशित भएपछि बन्द भए। **उपन्यास तरङ्गिनी** हालसम्मको प्राप्तिअनुसार नेपाली भाषाको पहिलो साहित्यिक पत्रिका हो। नेपालबाट बनारसमा अध्ययन गर्न आएका सोमनाथ सिग्द्याल, देवीदत्त पराजुली, चक्रपाणि चालिसे, विष्णुप्रसाद भण्डारी आदिको सत्प्रयासमा प्रकाशन हुनथालेको **सुन्दरी** पत्रिका वर्ष २ अङ्क २ सम्म प्रकाशित भएपछि बन्द भयो। सुन्दरी-का कुल १३ वटा अङ्क प्रकाशित भएको पाइन्छ। **सुन्दरी**ले नेपाली साहित्यलाई कविता, काव्य, समस्यापूर्ति, प्रहसन, उपन्यास, चर्चा-परिचर्चा, धार्मिक श्लोकहरू दिएर अल्पकालमा नै महत् योगदान पुऱ्याएको ठानिन्छ।

पण्डित मातृकाप्रसाद शर्मा अधिकारीको छद्मनाममा बनारसबाटै राममणि आ. दी. ले कार्तिक पूर्णिमा सन १९०८ देखि **माधवी** नामक पत्रिकाको प्रकाशन आरम्भ गरे। यसले एकातिर पद्यलाई भन्दा गद्यलाई बढी महत्त्व दिएको थियो भने यस पत्रिकाका माध्यमबाट हलन्त बहिष्कार जस्तो भाषिक आन्दोलन पनि चलाइएको थियो। आठ अङ्कसम्म प्रकाशित भएर बन्द भएको थियो **माधवी।**

सन १९१२ मा कलकत्ताबाट हरिसिंह थापाको सम्पादनमा **गोर्खा साथी** नामक पत्रिका प्रकाशित भएको थियो।

सन १९१४ को सेप्टेम्बर महिनादेखि बनारसबाट माधवप्रसादको सम्पादनमा **चन्द्र** मासिक पत्रिकाको प्रकाशन थालियो। १२ अङ्कसम्म प्रकाशित भएर अगस्त १९१५ मा बन्द भएको यस पत्रिकाका सम्पादक गैरनेपाली (बिहारी) थिए। **चन्द्र** पत्रिकाले पद्यभन्दा गद्य साहित्यलाई महत्त्व दिएको हुँदा यसलाई गद्यप्रधान पत्रिका पनि भन्न सकिन्छ भन्ने मत पाइन्छ।

सन १९१५ को सेप्टेम्बर (वि.स. १९७२ अशोज ११ गते) देखि माधवप्रसाद रेग्मी र सूर्यविक्रम ज्ञावलीको प्रयासमा बनारसको हिमालय प्रेसबाट साप्ताहिक पत्रिकाका रूपमा **गोर्खाली** पत्रिकाको प्रकाशन थालियो। ग्राहकका अभावमा वर्ष २ अङ्क ३ सम्म निस्किएर केही समय स्थगित भई फेरि १९१७ को फेब्रुवरी महिनादेखि एल. पी. शर्माको प्रकाशनमा वर्ष २ अङ्क ७ सम्म निस्किएर यसको प्रकाशन पुनः बन्द भयो। यस पत्रिकाले भाषाको शुद्धतालाई महत्त्व दिएको थियो भने नेपालका राणा शासकहरूको विरोधसमेत गरेको थियो।

१४ जनवरी, १९१८ देखि खरसाङको हरि प्रिन्टिङ प्रेसबाट पारसमणि प्रधानको सम्पादनमा **चन्द्रिका** मासिक पत्रिकाको प्रकाशन आरम्भ भयो र कुल २० अङ्क प्रकाशित भएपछि १९ अगस्त, १९१९ मा यो पत्रिकाको प्रकाशन बन्द भयो। वर्तमान समयमा **चन्द्रिका** पुनः प्रकाशित गर्ने प्रयास गरिएको देखिन्छ।

सन १९२२-को जुन महिनादेखि काशीबाट सूर्यविक्रम ज्ञवालीको सम्पादनमा **जन्मभूमि** मासिक पत्रिका चार अङ्कसम्म प्रकाशित भएको पाइन्छ। सन १९२४ देखि कलकत्ताबाट गोपालसिंहको सम्पादनमा **गोर्खा मित्र** नामक पाक्षिक पत्रिका प्रकाशित भयो।

४ नोभेम्बर, १९२६ देखि देहरादूनबाट ठाकुर चन्दनसिंहको सम्पादनमा गोर्खा लीगको मुखपत्रका रूपमा **गोर्खा संसार** साप्ताहिक पत्रिकाको प्रकाशन थालियो। नेपाली गद्य साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिएको **गोर्खा संसार**-ले नेपाली आधुनिक कथा साहित्यको घडेरी बसाउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। **गोर्खा संसार**-को १४औँ अङ्कमा प्रकाशित **परिवर्तन** कथा रुपनारायण सिंहको पहिलो कथा हो भने यसै पत्रिकाको १६औँ अङ्कमा प्रकाशित **अन्नपूर्णा** दोस्रो कथा हो।

सन १९२७ देखि बनारसबाट **राजभक्ति** नामक साप्ताहिक पत्रिकाको प्रकाशन भएको थियो। ठाकुर चन्दनसिंहको सम्पादनमा प्रकाशित भएको **गोर्खा संसार** बन्द भएपछि उनकै सम्पादनमा सन १९२८ को अगस्त महिनादेखि **तरूण गोर्खा** नामक पत्रिकाको प्रकाशन हुन थाल्यो। साप्ताहिक रूपमा थालिए तापनि यो मासिक रूपमा २९ अङ्कसम्म प्रकाशित भएर बन्द भएको थियो।

जनवरी १९३० देखि कालेबुङबाट शेषमणि प्रधानको सम्पादनमा **आदर्श** मासिक पत्रिकाको प्रकाशन हुन थाल्यो। ८ अङ्कसम्म निस्केर अगस्त १९३० मा बन्द भएको **आदर्श** पत्रिकामा साहित्य तथा कृषि, व्यापार वाणिज्यजस्ता साहित्येत्तर सामग्री पनि प्रकाशित हुन्थे।

२५ मे, १९२४ का दिन स्थापना भएको दार्जिलिङको नेपाली साहित्य सम्मेलनले जनवरी १९३२ देखि पद्मप्रसाद प्रधानको सम्पादनमा सम्मेलनको मुखपत्रका रूपमा **नेपाली साहित्य सम्मेलन पत्रिका**-को त्रैमासिक प्रकाशन गर्न थाल्यो।

सन १९३३ को दिसम्बरमा दार्जिलिङबाट अगमसिंह गिरीको सम्पादनमा **गोर्खाली रवि** नामक पत्रिका प्रकाशित भयो, तर यो पत्रिका पनि लामो समयसम्म चल्न सकेन।

९ फेब्रुवरी १९३५ देखि दार्जिलिङ जिल्लाभरि छरिएका बसेका नेपाली, भोटे, लाप्चे जातिलाई एकताको सूत्रमा बाँध्ने उद्देश्य लिएर कालेबुङबाट के. डी. प्रधानको सम्पादनमा **नेबुला** मासिक पत्रिकाको प्रकाशन भएको थियो। १ वर्षमा १२ वटा अङ्क प्रकाशित भएपछि जनवरी १९३६ पछि यो पत्रिकाको प्रकाशन पनि बन्द भयो। सन १९३७ मा यसको नाम फेरिएर **परिवर्तन** शीर्षकमा प्रकाशित भयो। तर यो पनि १२ अङ्कसम्म प्रकाशित भएर बन्द भयो।

नेपाली साहित्यिक पत्रकारिताका क्षेत्रमा आफ्ना छुट्टै एवम् महत्त्वपूर्ण स्थान बनाएर नेपाली साहित्यका प्राय: सबै विधामा आधुनिकता भित्र्याउने श्रेय काठमाडौंबाट प्रकाशित हुने **शारदा** मासिक पत्रिकालाई दिन सकिन्छ। काठमाडौंबाट ऋद्धिबहादुर मल्लको सम्पादनमा फेब्रुवरी १९३५ देखि यस पत्रिकाको प्रकाशन थालिएर २८ वर्ष निरन्तर प्रकाशित भई १९६३ मा यसको प्रकाशन बन्द भयो। **शारदा**-को प्रकाशनसितै नेपाली कथा, कविता, निबन्ध, एकाङ्की, समालोचना आदि महत्त्वपूर्ण साहित्यिक विधामा प्रतिभाशाली लेखकहरूको आगमन भयो। लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, लेखनाथ पौड्याल, विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, शिवकुमार राई, रामकृष्ण शर्मा, गोपालप्रसाद रिमाल, विजय मल्ल, गोविन्दबहादुर मल्ल गोठाले आदि लेखक कविलाई **शारदा**-ले नै जन्माएको हो।

सन १९३५ मा शिलोङबाट मणिसिंह गुरूङको सम्पादनमा **गोर्खा सेवक** नामक पत्रिकाको प्रकाशन आरम्भ भयो, तीन वर्षमा ३७ वटा अङ्क प्रकाशित भएर यो बन्द भयो। सेप्टेम्बर १९३६ देखि काठमाडौंबाट **उद्योग** नामक पाक्षिक पत्रिकाको प्रकाशन प्रारम्भ भई पछिबाट मासिक बनेको यो पत्रिका पनि १४ वर्षपछि बन्द भएको थियो।

फेब्रुवरी १९३७ देखि बनारसबाट काशीबहादुर श्रेष्ठको सम्पादनमा **उदय** मासिक पत्रिकाको प्रकाशन थालनी भएको थियो। ३१ वर्षसम्म चलेको यो पत्रिका सन १९६८ -मा बन्द भएको थियो, तर हाल उनका छोरो दुर्गाप्रसाद श्रेष्ठले यस पत्रिकाको प्रकाशनलाई निरन्तरता दिएको पाइन्छ।

जुन १९३९ देखि कालेबुङबाट शेषमणि प्रधानको सम्पादनमा **गाउँ सुधार** पत्रिका मासिक रूपमा प्रकाशित हुन थाल्यो। यो पत्रिका १२ अङ्कसम्म प्रकाशित भई मे १९४० मा बन्द भएको थियो। सन १९४० मा काशीबाट तेजबहादुर गुभाजूको सम्पादनमा **सर्वहितैषी** मासिक पत्रिकाको प्रकाशन आरम्भ भयो र यो पनि ३ अङ्कसम्म प्रकाशित भई बन्द भएको थियो।

दार्जिलिङमा ३ जुन १९३२ मा गठन भएको संस्था गोर्खा दुःख निवारक सम्मेलनले सेप्टेम्बर १९४० देखि रूपनारायण सिंहको सम्पादनमा **खोजी** मासिक पत्रिकाको प्रकाशन आरम्भ गऱ्यो। तर अक्टुबर १९४१ मा यो पत्रिका संयुक्त अङ्कसमेत गरी १३ अङ्कसम्म निस्किएर बन्द भयो। बन्द भएको २९ वर्षपछि अप्रेल १९७० देखि त्रैमासिक रूपमा **खोजी** पत्रिका पुनः प्रकाशित हुन थाल्यो। १० अङ्कसम्म निस्किएर यो फेरि बन्द भएर सन १९९८ को दिसम्बर महिनादेखि सामयिक पत्रिकाका रूपमा पुनः प्रकाशित हुँदै आएको छ।

५ फेब्रुवरी, १९४४ देखि ब्रिटिस सेनामा रहेका गोर्खा सैन्यलाई मनोरञ्जन दिन तथा उनीहरूको साहसिक कार्यलाई जनमानसमक्ष पुऱ्याउने उद्देश्य राखेर नयाँ दिल्लीस्थित सैनिक मुख्यालयबाट साप्ताहिक पत्रिका **गोर्खा समाचार**-को प्रकाशन शुरू हुन्छ। यो ७ अप्रेल, १९४७ सम्म प्रकाशित भएर बन्द भएको थियो।

कालेबुङबाट जनवरी १९४५ मा रणधीर सुब्बाको सम्पादनमा अखिल भारतीय गोर्खा लीग नामक राजनीतिक दलको मुखपत्रका रूपमा **गोर्खा** साप्ताहिक पत्रिकाको प्रकाशन भयो। समय समयमा प्रकाशन बन्द रहेको पाइए तापनि **गोर्खा** पहिले पाक्षिक रूपमा र जनवरी १९४८ देखि साप्ताहिक रूपमा निस्किएको पाइन्छ।

अप्रेल १९४७ मा काठमाडौंबाट हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा **साहित्य स्रोत** पत्रिकाको प्रकाशनक्रम थालिएर भएर सन १९४९ मा यसको प्रकाशन बन्द भयो। १५ अक्टुबर १९४७ देखि जुलाई १९४८ सम्म कलकत्ताबाट एस.पी प्रधानको सम्पादनमा **उत्थान** मासिक पत्रिकाको प्रकाशन भएको थियो। यसैगरी सन १९४७ मा **जवान** (१५ अप्रेल, १९४७ देखि २२ जुन, १९४८ सम्म) र **गोर्खा समाचार** (१९४७) नामक दुईवटा पत्रिका भारत सरकारको रक्षामन्त्रालयबाट सेनामा कार्यरत जवानलाई मनोरञ्जन दिनहेतु प्रकाशित गरिएका पाइन्छन्।

सन १९४८ को जनवरी महिनादेखि कालेबुङबाट नरेन्द्रप्रसाद कुमाईको सम्पादनमा असहाय सहायक दल नामक संस्थाद्वारा गीति कविताप्रधान **पुकार** पत्रिका प्रकाशनमा आएको र ४ अङ्कसम्म प्रकाशित भएको थियो।

नेपालबाट शिक्षा आर्जन गर्न तथा राणाहरूको राजनीतिक दबाउ र प्रकोपबाट बाँच्न बनारसवासमा रहेका सिर्जनशील साहित्यिक व्यक्तित्वहरूको प्रयासमा फेब्रुवरी १९४८ देखि थालिएको **युगवाणी** साप्ताहिक पत्रिका थियो। यसका सम्पादकहरू क्रमैले लक्ष्मीप्रसाद देवकोटा, नारायणप्रसाद उपाध्याय, बालचन्द्र शर्मा, कृष्णप्रसाद उपाध्याय अनि पछिबाट बटुकप्रसाद उपाध्याय थिए। गुहाटी, असमबाट सन १९४८ को जुन महिनादेखि नरसिंह थापाको सम्पादनमा **हिमाद्री** मासिक पत्रिका पनि प्रकाशन भएको पाइन्छ।

सन १९४८ को अक्टुबर महिनादेखि काठमाडौंबाट स्कुलका विद्यार्थीलाई भाषा साहित्यप्रति रुचि बढाउने उद्देश्य लिएर देवीप्रसाद रिमालको सम्पादनमा **आँखा** मासिक पत्रिकाको प्रकाशन आरम्भ गरिन्छ। यो पत्रिका वर्ष २ अङ्क ७ सम्म निस्किएर बन्द भएको थियो। सन १९४८ मा कलकत्ताबाट हिमालय छात्र सङ्घ (हमाली छात्र सङ्घ) द्वारा प्रकाशित वार्षिक पत्रिका **हिमाचल** (हिमाञ्चल) नेपाली तथा अङ्ग्रेजी भाषामा प्रकाशित भएको थियो। सन १९४८ मा नै कालेबुङको हिमालयन हव्बी होमबाट नेपाली अङ्ग्रेजी द्वैभाषिक **हव्बी पोष्ट** नामक पत्रिका आरम्भ भएको थियो। नोभेम्बर १९४८ मा काशीबाट बुद्धि सागर, भेषराज शर्मा र ऋषभदेवको सम्पादनमा **पुरूषार्थ** नामक पत्रिका प्रकाशित भएको उल्लेख पाइन्छ। पछिबाट यो पत्रिका दिसम्बर १९४९ देखि काठमाडौंबाट मासिक रूपमा प्रकाशित भएर सन १९५४ सम्म निस्किएको थियो।

जुन १९४९ देखि दार्जिलिङको मणि प्रिन्टिङ प्रेसबाट रूपनारायण सिंह र पारसमणि प्रधानको सम्पादनमा **भारती** मासिक पत्रिकाको प्रकाशन आरम्भ हुन्छ। नेपालमा **शारदा** पत्रिकाले दिएको साहित्यिक योगदानसरह **भारती**-ले पनि भारतमा विशिष्ट योगदान दिएको पाइन्छ। यस पत्रिकाका वर्ष ६, अङ्क ६ सम्म रूपनारायण सिंह प्रधान सम्पादक रहेका थिए। उनको मृत्युपछि रहल वर्षका सम्पादन पारसमणि प्रधानले गरेका थिए। ९ वर्षसम्म निरन्तर प्रकाशित भएर जम्मा १०८ वटा अङ्क दिएको भारती-ले नेपाली साहित्यलाई २४६ कथा, ८३५ कविता, ३७८ लेख-निबन्ध, ३६ जीवनी, ९ नाटक, १४ संस्मरण, २ उपन्यास (अपूर्ण), १ अन्तर्वार्ता, ६६ पाठक प्रतिक्रियालगायत समाचार, पुस्तक परिचय, विज्ञापन आदि प्रकाशित गरी नेपाली साहित्यको सेवा गरेको थियो।

सन १९४९ को अगस्तमा **भारती** नामको अर्को पत्रिका पनि दार्जिलिङ सुकेपोखरीबाट प्रकाशित भएको उल्लेख पाइन्छ। अक्टुबर १९४९ देखि नेपालको शिक्षा विभागद्वारा जितेन्द्रबहादुर शाह र अन्यको सम्पादनमा **नेपाल शिक्षा** मासिक पत्रिकाको प्रकाशन आरम्भ हुन्छ।

नोभेम्बर १९४९ देखि कालेबुङबाट सुनकेशरी प्रधानको सम्पादनमा **शिक्षा** नामक मासिक पत्रिकाको प्रकाशन थालिएको थाहा लाग्छ। ८ अङ्कसम्म निस्किएर १९५० को जुन महिनामा यो पत्रिका बन्द भएको थियो।

सन १९४९ मा कलकत्ताबाट **कम्युनिष्ट, नेपाल पुकार** र **हिमालयन बौद्ध** गरी तीनवटा पत्रिका प्रकाशित भएको पाइन्छ। सन १९५० को जुलाईदेखि दिल्लीबाट गोर्खा सैनिकका सुख-दुःखका सन्देश तथा अभिव्यक्ति बोकेर **फौजी खबर** साप्ताहिक पत्रिका प्रकाशनमा आएको थियो।

सेप्टेम्बर १९५० देखि कलकत्ताबाट लैनसिंह वाङ्देलको सम्पादनमा **प्रभात** मासिक पत्रिकाको प्रकाशन थालिएर १२ अङ्क प्रकाशित भएर सन १९५१ मा बन्द भएको थियो। सन १९५० मा बनारसबाट निस्कन थालेको वार्षिक पत्रिका **छात्र** वर्ष ११ अङ्क ५ सम्म प्रकाशित भएको थियो। यसरी नै गोर्खा स्टुडेन्ट युनियनले पनि सूचना पत्रिकाका रूपमा मगन पथिकको सम्पादनमा **मासिक रिपोर्ट** नामक पत्रिका प्रकाशित गरेको थियो। मार्च १९५१ देखि दार्जिलिङबाट देवकुमारी सिन्हाको सम्पादनमा मासिक रूपमा बालपत्रिका **हिमालकिशोर**-को प्रकाशन भएको अनि यसको २४ वटा अङ्क निस्किएको थाहा लाग्छ। ४ अप्रेल, १९५१ मा सिलगढीबाट कमलकुमार थापा र आई.बी लामाको सम्पादनमा **प्रवासी नेपाली** नामको पाक्षिक पत्रिका प्रकाशित भएको थियो।

सन १९५१ मा नेपालमा भएको जनक्रान्ति (जसलाई नेपालको इतिहासमा २००७ सालको क्रान्ति पनि भनिन्छ) पछि आएको प्रजातन्त्रको न्यानो प्रभातसितै पत्र-पत्रिकाको प्रकाशनमा पनि तीव्रता आएको देखिन्छ। १५ फेब्रुवरी १९५१ मा हृदयचन्द्रसिंह प्रधानको सम्पादनमा निस्किएको पहिलो राजनीतिक दृष्टिकोणको साप्ताहिक समाचारपत्र **जागरण**को प्रकाशन आरम्भ भयो। १९ फेब्रुवरी १९५१ देखि सिद्धिचरण श्रेष्ठको सम्पादनमा दैनिक समाचारपत्र **आवाज** पनि प्रकाशन भयो। अगस्त १९५१ देखि वीरगञ्जबाट श्यामप्रसाद शर्माको सम्पादनमा **सेवा** मासिक पत्रिका प्रकाशन भएको पाइन्छ।

सन १९५२ मा दार्जिलिङबाट देवदास राईको सम्पादनमा **आदर्श,** प्रयागबाट रामबहादुर रावलको सम्पादनमा नेपाली छात्र सङ्घको पत्रिका **आरती,** गोरुबथान कालेबुङबाट हायमनदास राई किराँतको सम्पादनमा बौद्ध धर्मसित सम्बन्धित त्रैमासिक पत्रिका **नयाँ बाटो,** दार्जिलिङबाट विरेन्द्र सुब्बाको सम्पादनमा त्रैमासिक पत्रिका **सुस्केरा** आदि प्रकाशनमा आएका थिए। यसै वर्ष बनारसबाट बालचन्द्र शर्माको सम्पादनमा **नव नेपाल** नामक साप्ताहिक पत्रिका, भवानीप्रसाद शर्मा, चिन्तामणि ज्ञवाली र सूर्यमोहनको सम्पादनमा **जनयुग** पाक्षिक पत्रिकाको पनि प्रकाशन देखा पर्‍यो।

सन १९५३ मा देहरादुनबाट ठाकुर चन्दनसिंहको सम्पादनमा **स्वतन्त्र नेपाली** नामक पत्रिकाको प्रकाशन भई सन १९५६ मा बन्द भएको थियो। १७ मे, १९५३ देखि दरभङ्गाबाट श्यामप्रसादको सम्पादनमा **जनमत** साप्ताहिक पत्रिकाको आरम्भ भएको थियो। यही वर्ष भाग्सु हिमाचल प्रदेशबाट मगन पथिकको सम्पादनमा गोर्खा विद्यार्थी सङ्गठनको मुखपत्र **उज्यालो** प्रकाशित भएको थियो।

जनवरी १९५४ देखि कालेबुङबाट सानुमती राई र महानन्द पौड्यालको सम्पादनमा **नवप्रभात** द्वैमासिक पत्रिकाको प्रकाशन थालिएर चारवटा अङ्कसम्म प्रकाशित भएका थिए। यसै वर्षको नोभेम्बर महिनादेखि दार्जिलिङबाट अग्निराज श्रेष्ठको सम्पादनमा **अञ्जली** नामक पत्रिका प्रकाशित भएको थियो। सन १९५४ मा पश्चिम बङ्गाल सरकारको कृषि विभाग दार्जिलिङद्वारा कृषकका निम्ति **खेतीपाती** नामक मासिक पत्रिकाको प्रकाशन आरम्भ भयो। सन १९५४-मा नै दार्जिलिङबाट आनन्दप्रसाद पाठकको सम्पादनमा **अग्रदुत** नामक पत्रिकाको पनि प्रकाशन प्रारम्भ भयो।

सन १९५४ देखि प्रकाशनमा आएका अन्य भारतीय नेपाली पत्रिकाहरू हुन् – मुज्जफरपुरबाट ज्ञानरत्न बज्राचार्यको सम्पादनमा **क्रान्तिकारी,** भारत सरकारको रक्षा मन्त्रालय, नयाँ दिल्लीबाट साप्ताहिक **सैनिक समाचार,** कृष्णचन्द्र देवकोटाको सम्पादनमा **सोपान** पाक्षिक पत्रिका आदि।

९ सेप्टेम्बर १९५४ देखि मणिराज उपाध्यायको सम्पादनमा काठमाडौंबाट **समाज** दैनिक समाचारपत्रको प्रकाशन भयो।

भारतको संवैधानिकअन्तर्गत नेपाली भाषालाई मान्यता दिनुपर्छ भन्ने आवाजको शङ्खघोष गर्दै १५ अगस्त, १९५५ मा आनन्दसिंह थापा, वीरसिंह भण्डारी र नरेन्द्रसिंह राणाको सम्पादनमा **जाग्रत गोर्खा** नामक पत्रिका प्रकाशनमा आयो। यो पत्रिका ३ अङ्क मात्र प्रकाशित भएर बन्द भयो। सन १९५५ मा चिलाउने चियाबारी डुवर्सबाट सी. बी प्रधान, मणिकुमार थापा, एस. एन छेत्री र तारा नारायण श्रेष्ठको सम्पादनमा **डुवर्सवाणी** पत्रिका प्रकाशित भएको थियो। कालेबुङको पैयुङ जुनियर हाई स्कुलबाट नन्दकुमार कुमाई र अन्यको सम्पादनमा **किरण** नामक मासिक पत्रिकाको पनि प्रकाशन भएको थियो।

नेपाली साहित्यमा आएको झर्रोवादी आन्दोलनलाई अँगालेर सन १९५५ देखि बनारसमा अध्यनरत बालकृष्ण पोखरेल र तारानाथ शर्माको सम्पादनमा त्रैमासिक **नौलो पाइलो** नामक पत्रिकाको प्रकाशन आरम्भ हुन्छ। यसका चारवटा अङ्कमा हिन्दी र संस्कृत भाषाका अचाहिँदा शब्दहरूको प्रयोगविरुद्ध खाँटी अर्थात् झर्रा नेपाली शब्दको प्रयोग गर्ने आह्वान गरिएको थियो। यसरी नै सन १९५५ मा भारतबाट प्रकाशित भएका पत्रिकाहरूमा डी. एन प्रधानको सम्पादनमा इसाई धर्मसित

सम्बन्धित **सङ्गती**, बनारसबाट रघुवीर सिंह थापाको सम्पादनमा अर्द्धवार्षिक **बिहान** अनि शिलोङबाट ध्रुवनाथ जोशीको सम्पादनमा **फिलिङ्गो** त्रैमासिक आदि प्रकाशित भएका थिए। मे १९५६ देखि मिरिकबाट पनि नव प्रतिभालाई परिचित गराउने एउटा माइलखुट्टीका रूपमा **दीयो** मासिक पत्रिका प्रकाशित भएको थियो। प्रत्येक १५ अगस्तको दिन विशेषाङ्क प्रकाशित गर्ने **दीयो**-का प्रमुख विशेषाङ्कहरूमा **पुरानो दार्जिलिङ विशेषाङ्क**, **आधुनिक दार्जिलिङ विशेषाङ्क**, **गोर्खा सैनिक विशेषाङ्क**, **स्थानीय विशिष्ठ व्यक्ति विशेषाङ्क**, **दार्जिलिङप्रति अनेपालीहरूको देन विशेषाङ्क अनि दार्जिलिङमा कलाको विकास विशेषाङ्क** प्रमुख हुन्।

नारायणप्रसाद भट्टराईको सम्पादनमा मे १९५६ देखि आरम्भ भएर ४१ अङ्कसम्म प्रकाशित भई १९६० मा बन्द भएको अर्को महत्त्वपूर्ण मासिक पत्रिका **दीपक** हो। **दीपक**-ले नेपाली निबन्ध साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिएको थियो।

सन १९५६ मा निस्किएका अन्य पत्र-पत्रिकामध्ये मुख्यतः बम्बईबाट मणिराज शर्माको सम्पादनमा निस्कने द्वैभाषिक पत्रिका **बाग्मती**, दार्जिलिङबाट महानन्द सुब्बाको सम्पादनमा **ऐना**, शिलोङबाट भोलानाथ गुरूङको सम्पादनमा साप्ताहिक पत्रिका **आसाम गोर्खा** अनि पश्चिम बङ्गाल सरकारको मुखपत्र **पश्चिम बङ्गाल** आदि हुन्।

१३ नभेम्बर १९५६ देखि काठमाडौंबाट दाताराम शर्माको सम्पादनमा **हालखबर** दैनिक समाचारपत्र निस्कियो। सन १९५७ मा नेपालमा जम्मा १४ वटा दैनिक, एउटा त्रिसाप्ताहिक, ७ वटा साप्ताहिक, ५ वटा पाक्षिक, ८ वटा मासिक, एउटा त्रैमासिक, एउटा अर्धवार्षिक र २ वटा वार्षिक पत्रिका गरी ३९ वटा पत्रिका प्रकाशित भएका थिए।

१५ सेप्टेम्बर, १९५७ देखि गान्तोकबाट काशीराज प्रधानको व्यवस्थापनमा नहकुल प्रधानको सम्पादनमा **कञ्चनजङ्घा** समाचारप्रधान नेपाली मासिक पत्रिकाको प्रकाशन आरम्भ भयो। कालेबुङको मणि प्रिन्टिङ प्रेसबाट मुद्रित यस पत्रिकाको थालनीकालका सातवटा अङ्कहमा नहकुल प्रधान प्रकाशक र सम्पादक रहेका थिए। आठौँ अङ्कदेखि प्रधान सम्पादकको दायित्व काशीराज प्रधानले स्वयम्ले लिएका थिए।

कञ्चानजङ्घा दुई वर्ष निरन्तर प्रकाशित भई सेप्टेम्बर, १९५९ मा २४ औँ अङ्क निस्किएपछि आर्थिक कारणले अचानक बन्द भयो। पुनः ३१ अगस्त, १९६२ मा काशीराज प्रधानको सम्पादनमा **कञ्चवनजङ्घा** पाक्षिक पत्रिकाको प्रकाशन वर्ष ३, सङ्ख्या १ का रूपमा भएपछि यो सन १९७३ सम्म निरन्तर प्रकाशन भएको पाइन्छ। यसमा राजतन्त्रकालीन सिक्किमका विभिन्न घटनाक्रम र समाचार सँगसँगै साहित्यिक सामग्रीसमेत प्रकाशित हुन्थे।

यसकालमा प्रकाशित भएका अन्य पत्रपत्रिका हुन्- काठमाडौंबाट कुमारी कामाक्षी र साधना प्रधानको सम्पादनमा **महिला** (सन १९५१), काठमाडौंबाट दैनिक समाचारपत्र **दैनिक समाज** (सन १९५४), लखनउबाट माधवप्रसाद खनालको सम्पादनमा **उज्यालो** (सन १९५७), बनारसबाट एकराज शर्माको सम्पादनमा **सन्देश** (सन १९५७), बनारसबाटै कुलचन्द्र गौतम र धरणीधर कोइरालाको सम्पादनमा **ज्योति** (सन १९५७), दार्जीलिङबाट आर्य समाजको मुखपत्रको रूपमा आरबी प्रधानको सम्पादनमा **जनदूत** (सन १९५८), सिक्किमबाट लाल देवसा र रामदत्तलाल ठाकुरको सम्पादनमा **सुनाखरी** (सन १९५८), बिजनबारी दार्जीलिङबाट गुमानसिंह चामलिङको सम्पादनमा साहित्य संगम(सन १९५९), तेजपुर असमबाट विश्वनाथ उपाध्यायको सम्पादनमा **ब्रह्मपुत्र** (सन १९५९), कलकत्ताबाट हरिहर शर्मा र अन्यको सम्पादनमा **सगरमाथा** (सन १९५९), पटनाबाट तारानाथ शर्माको सम्पादनमा **उकालो** (सन १९५९), दार्जीलिङको नेपाली साहित्य सम्मेलनद्वारा **दियालो** (सन १९५९)।

६.२ आधुनिककाल- सन १९६० देखि यता

सन १९५९ को नोभेम्बरबाट शुरु भएको नेपाली साहित्य सम्मेलनको पत्रिका **दियालो**-ले भारतमा नेपाली आधुनिक साहित्यिक पत्रकारिताको क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ। नेपाली साहित्यको विकासमा महत्वपूर्ण योगदान दिने **दियालो**ले समय समयमा अनेकौं विशेषाङ्कहरू प्रकाशन गरेको पाइन्छ। यसका प्रमुख विशेषाङ्कहरू हुन्-भानु विशेषाङ्क, कथा विशेषाङ्क, देवकोटा विशेषाङ्क, भाषा विशेषाङ्क, ज्ञवाली स्मृति अङ्क। आजसम्म निरन्तर प्रकाशन भइरहेको **दियालो** पत्रिकाले कविता, कथा, नाटक, निबन्ध, समालोचना आदि साहित्यिक विधाहरूको विकासमा महत्वपूर्ण योगदान दिएको छ।

सन १९०१-मा प्रकाशन शुरु भएको नेपाल सरकारको गोरखापत्र संस्थानबाट प्रकाशन हुने गोरखापत्र समाचार पत्र सन १९६०-मा आएर दैनिक रूपमा प्रकाशन हुन थाल्यो। जो नेपाली पत्रकारिकाको क्षेत्रमा एउटा क्रान्ति पदक्षेप थियो। जसले नेपालमा असंख्य नेपाली समाचार पत्र प्रकाशन हुने अनुकुल वातावरण सिर्जना गरेको देखिन्छ।

भारतबाट **दियालो** पत्रिकाको प्रकाशन अनि नेपालबाट गोरखा पत्र दैनिक हुनु नेपाली पत्रपत्रिका एवम् समाचार पत्रको इतिहासमा आधुनिककालको सुत्रपात मान्न सकिन्छ।

आधुनिककाललाई दुई चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ।

६.२.१. पहिलो चरण –सन १९६० देखि सन १९९९ सम्म

यस चरणमा भारतबाट प्रकाशित भएका केही प्रमुख पत्रपत्रिका एवम् समाचारहरू हुन् -गेजिङ, पश्चिम सिक्किमबाट महानन्द पौड्यालको सम्पादनमा **ध्रुवतारा** (सन १९६१), दार्जीलिङबाट ईश्वरबल्लभको सम्पादनमा **फूल-पात-पत्कर** (सन १९६१), कलकत्ताबाट कुमारप्रधानको सम्पादनमा **हाम्रो संसार** (सन १९६१), लामडिङ असमबाट केबी नेपालीको सम्पादनमा **बिन्दू** (सन १९६२), दार्जीलिङबाट गोकुल सिन्हाको सम्पादनमा **पहाडी खोला** (सन १९६३), नाम्चीबाट नरबहादुर भण्डारीको सम्पादनमा **हाम्रो पुकार** (सन १९६३), दार्जीलिङबाट वैरागी काइँलाको सम्पादनमा **तेस्रो आयाम** (सन १९६३), शिलङबाट गोपी नारायण प्रधानको सम्पादनमा **आशा** (सन १९६३), पेलिङ पश्चिम सिक्किमबाट प्रकाशित गिर्मी शेर्पा र अन्यको सम्पादनमा **मुक्त स्वर** (सन १९६४), दार्जीलिङबाट सुवास घिसिङको सम्पादनमा **धुवाँ** (सन १९६५), सार्वजनिक पुस्तकालय, गान्तोकबाट शोभाकान्ति थेगिमको सम्पादनमा **उषा** (सन १९६६), युथ लाइब्रेरी, गान्तोकबाट कर्ण बस्नेत, सन्तोष बर्देवा, जीवन थिङ र अन्यको सम्पादनमा **नवज्योति** (सन १९६६), नेपाली साहित्य अध्ययन समिति कालेबुङबाट **सङ्केत** (सन १९६६), डेञ्जोङ एमोच्युर म्युजिकल क्लब, गान्तोकबाट किरण रसाइलीको सम्पादनमा **मुनाल** (सन १९६७), गान्तोकबाट नूरवीर लक्समको सम्पादनमा **झटारो** (सन १९६८), गेजिङबाट केदार गुरुङ र अन्यको सम्पादनमा **झिल्का** (सन १९६८), देवकोटा संघ सिलगढीबाट **बाडुली** (सन १९६८), दार्जीलिङबाट भरत यादवको सम्पादन **हिमालोक** (सन १९६८), दार्जिलिङबाट गोविन्द शर्माको सम्पादनमा **कुतकुती** (सन १९७०), दार्जीलिङबाट गोर्खा दुःख निवारक सम्मेलनको **खोजी** (सन १९७०), अगमसिंह गिरीको सम्पादनमा **अस्तित्व** (सन १९७०), मालीगाउँ असमबाट अनुराग प्रधानको **हाम्रो ध्वनि** (सन १९७०), सिक्किम विद्यार्थी सङ्घको मुखपत्रका रूपमा छत्रबहादुर तामाङको सम्पादनमा **त्रिवेणी** (सन १९६९), दार्जिलिङबाट कृष्ण खड्का र जीत रैकाको सम्पादनमा **वैंशालु** (सन १९७३) नाम्चीबाट नरबहादुर भण्डारीको सम्पादनमा **अर्चना** (सन १९७३), सुम्बुक, दक्षिण सिक्किमबाट शैलेशचन्द्र प्रधान र उदयचन्द्र राईको सम्पादनमा **चाँप गुराँस** (सन १९७३), गेजिङबाट केदार गुरुङको सम्पादनमा **विस्फोटन** (सन १९७३), गान्तोकबाट दिलु मास्के, शान्ति छेत्री, कुवेरचन्द्र दाहालको सम्पादनमा **ससुराली** (सन १९७३), भानु स्मारक सङ्घ, दलपचन्दबाट भानु राई र प्रदीप गुरुङको सम्पादनमा **सिन्दुर पोते** (सन १९७४), गान्तोकबाट गिर्मी शेर्पा र सन्तोष बर्देवाको सम्पादनमा **प्रतिबिम्ब** (सन १९७७), गान्तोकबाट राम पात्रोको सम्पादनमा **हिमालीबेला** समाचारपत्र (सन १९७७), गान्तोकबाट भारतकै पहिलो नेपाली दैनिक समाचारपत्र **दैनिक आवाज** (सन १९७८), पश्चिम सिक्किम साहित्य प्रकाशन, गेजिङबाट केदार गुरुङ र उपमान बस्नेतको सम्पादनमा **स्रष्टा** (सन १९७८), निर्माण प्रकाशन नाम्चीबाट पवन चामलिङ किरणको सम्पादन **निर्माण** (सन १९७८), कालेबुङबाट सीके श्रेष्ठको

सम्पादनमा **अब** (सन १९७९), दार्जिलिङबाट तुलसीबहादुर छेत्री र अन्यको सम्पादनमा **नेपाली अकादमी पत्रिका** (सन १९८०), सिलगढीबाट तुलसीबहादुर छेत्री र समीरण छेत्रीको सम्पादन **हिमाली आभा** दैनिक समाचारपत्र (सन १९८२), पारसमणि प्रधान र शिवकुमार राईको सम्पादनमा **हिमालचुली** दैनिक समाचारपत्र (सन १९७८), पुण्यप्रसाद शर्माको सम्पादनमा प्रकाशित **जनपक्ष** (सन १९८५)**,** दिल्लीबाट शंकरदेव ढकालको सम्पादनमा बिजुवा (सन १९८६), सिक्काम सिक्किमबाट वीरभद्र कार्की ढोलीको सम्पादनमा **प्रक्रिया** (सन १९८६), गान्तोकबाट किशोर मोक्तानद्वारा सम्पादित **हिमाली आवाज** (सन १९९०)**,** धिरज बान्तवाको सम्पादनमा प्रकाशित **नयाँ क्षीतिज** (सन १९९३)**,** जेभियर सुब्बाको सम्पादनमा **प्रतिध्वनि** (सन १९९७) पत्रपत्रिका एवम् समाचारपत्रहरू उल्लेखनीय छन्।

यस चरणमा नेपालबाट प्रकाशन भएका प्रमुख साहित्यिक पत्रपत्रिका हुन्- **अन्तर्बोध, अभिव्यक्ति, अक्षयअक्षर, अक्षय ज्ञान, अक्षरमार्ग, अक्षलोक, उदय, उन्नयन, कल्पतरू, कलश, कालीको सुसेली, कौशिकी, गरिमा, गोलसिमल, चेतना सन्देश, जनमत, जमघट, तन्नेरी, दायित्व, दोभान, नयाँ सत्मार्ग, नव प्रज्ञापन, नारीश्वर, बगर, लहरा, वनिता, वैजयन्ती, शब्द संयोजन, शब्दाङ्कुर, शारदा, शाल्मली, शिवपुरी सन्देश, शृङ्खला, सगुन, सङ्गम, अभियान, सिर्जना, सुलेख, हाम्रो पुरुषार्थ, हाम्रो मझेरी, हाम्रो मातृभूमि, हाम्रो सिर्जना, हिमाली गुराँस, ज्ञानगुन आदि। १०० अङ्क नघाउने पत्रिकाहरूमा अभिव्यक्ति, उदय, गरिमा, जनमत, दायित्व, भानु, मधुपर्क, रचना, शब्द संयोजन, शब्दाङ्कुर, शारदा, ज्ञानगुनका कुराहरू आदि रहेका छन्।**

यस चरणमा नेपालबाट प्रकाशित प्रमुख समाचारप्रधान पत्रिका एवम् समाचारपत्रहरू हुन्- **गोरखापत्र, जनकपुर आज, हिमालय टाइम्स, अन्नपूर्णा पोस्ट, मजदूर, नयाँ पत्रिका, जनास्था, नेपाल पत्रिका, हिमाल खबरपत्रिका, साप्ताहिक, नारी, राजधानी अनि कान्तिपूर दैनिक।**

६.२.२. दोस्रो चरण- सन २००० देखि यता

सन २००० पछि नयाँ शताब्दीको थालनीसितै डिजिटल युगको थालनी हुन्छ। यस अवधिमा एकतिर पत्रपत्रिकाको प्रकाशन क्रम घट्दै गएको देखिन्छ भने डिजिटल एवम् अनलाइन पत्रपत्रिकाको युग आरम्भ भएको पाइन्छ।

यस चरणमा अघिल्लो चरणदेखि निरन्तर प्रकाशन हुँदै आएका प्रमुख पत्रपत्रिका एवम् समाचार पत्रहरू निम्नप्रकार रहेका छन्-

हाम्रो प्रजाशक्ति, समय दैनिक, आजको सिक्किम, हाम्रो पहाड, हिमालीबेला, साङ्ग्रीला टाइम्स, सिक्किम दर्पण, दैनिक मिरमिरे, हाम्रो वार्ता, हिमालय दर्पण, सुनचरी समाचार, दिव्य भारती, नयाँ सिक्किम, आजभोलि, कान्तिपूर अनलाइन, गोरखापत्र अनलाइन, अन्नापूर्ण पोस्ट, अनलाइन खबर, गरिमा, मधुपर्क, दियालो, स्रष्टा, प्रक्रिया, निर्माण, बाडुली, अनुसन्धान, बिन्दू आदि।

७ निष्कर्ष

भारतमा प्राचीनकालदेखि नै मुद्रण प्रविधि विद्यमान रहेको भए तापनि विश्वमा आधुनिक मुद्रणयन्त्रको आविष्कार सन १४४०-मा जर्मनीका जोहानेस गुटेनबर्गले गरेपछि मुद्रणक्रान्ति आएको हो। सन १५५६-मा भारतको गोवामा पहिलो छापाखानाको स्थापना भयो भने सन १७८० मा कलकत्ताबाट जेम्स अगस्टन हिकीले भारतको पहिलो समाचारपत्र **बेङ्गाल ग्याजेट-**को प्रकाशन गरेपछि भारतमा पत्र-पत्रिका र समाचारपत्रहरूको प्रकाशनक्रम प्रारम्भ भएको हो। यसै क्रममा सन १८२० मा कलकत्ताको फोर्ट विलियम कलेजका प्राध्यापक जेए एटनद्वारा अङ्ग्रेजी र देवनागरी लिपिमा लेखिएको नेपाली भाषाको व्याकरण **ए ग्रामर अव् द नेपालीस् ल्याङ्ग्वेज** प्रकाशित भयो**,** जो नेपाली भाषामा मुद्रित र प्रकाशित पहिलो पुस्तक हो। सन १८५१-मा नेपालमा गिद्धे प्रेसको स्थापना भएपछि पुस्तकहरूको मुद्रण र प्रकाशन पनि थालिएको हो।

सन १८८७ मा भारतको बनारसबाट मोतीराम भट्टले **गोरखा भारत जीवन** नामक पत्रिका प्रकाशनमा ल्याएको कुरो थाहा लाग्छ। यसपछि सन १८९८ मा **सुधासागर** नामक मासिक पत्रिकाको प्रकाशनबाट नेपालमा पनि नेपाली पत्र-पत्रिकाको प्रकाशन आरम्भ भएको थियो। यी दुवै पत्रिका अप्राप्य रहेका छन्। सन १९०१-मा दार्जिलिङबाट पादरी गङ्गाप्रसाद प्रधानले **गोर्खे खबर् कागत्** नामक मासिक खबरपत्रिका प्रकाशन गर्न थाले। त्यही सालदेखि नेपालको काठमाडौंबाट पनि **गोरखापत्र** नामक समाचारपत्रको प्रकाशन हुनथाल्यो। **गोर्खे खबर् कागत्** र **गोरखापत्र**-बाट नै नेपाली साहित्यिक एवम् व्यावसायिक पत्रकारिता इतिहास आरम्भ भएको देखिन्छ।

सन १९०१ देखि २०२४ सम्ममा भारत र नेपाल तथा विश्वका अन्य देशहरूमा गरी लगभग पाँच हजार जति पत्रपत्रिका एवम् समाचार पत्र प्रकाशन भएको पाइन्छ। विभिन्न क्षेत्रबाट साहित्यिक**,** साहित्येत्तर एवम् समाचारप्रधान पत्र-पत्रिका प्रकाशन भएका छन्, भइरहेका छन्। सन २००० को दशकदेखि नेपाली पत्र पत्रिकाहरू डिजिटलाइज हुने क्रम जारी छ।

८.अभ्यास प्रश्न

आफ्नो प्रगति जाँच्नुहोस्-

१. आधुनिक छापाखानाको आविकारक भनेर कसलाई चिनिन्छ?
२. मोतीराम भट्टद्वारा प्रकाशित पत्रिकाको नाम र प्रकाशन वर्ष लेख्नुहोस्।
३. नेपाली भाषाको पहिलो समाचारप्रधान पत्रिका कुन हो ?
४. पादरी गंगाप्रसाद प्रधानद्वारा प्रकाशित पत्रिकाको नाम के हो ?
५. नेपाली पत्रकारिताको इतिहासमा प्रकाशनकालदेखि निरन्तर प्रकाशन हुँदै आएको पत्रिकाको नाम लेख्नु होस् ?
६. असम पूर्वाञ्चलबाट प्रकाशित हुने कुनै दशवटा पत्रिकाको नाम दिनुहोस्।
७. भाग्सु, देहरादून पश्चिमाञ्चलबाट प्रकाशन हुने पत्र-पत्रिका कुन कुन हुन् ?
८. दियालो, खोजी, कान्तिपूर, गोरखापत्र, निर्माण, बिन्दू, सष्ट्रा मध्ये कुनै एउटा पत्रिकाको संक्षिप्त परिचय दिनुहोस्?
९. भारतबाट प्रकाशित पहिलो नेपाली दैनिक समाचार पत्रको नाम दिनुहोस् ?

१०.भारतबाट प्रकाशित दसवटा दैनिक समाचार पत्रको नाम लेख्नुहोस् ।

११.एक सय अङ्क पार गरेका कुनै पाँचवटा साहित्यिक पत्रिकाको नाम लेख्नुहोस् ।

९. आत्म मूल्याङ्कन गर्नुहोस्।

१. भारतमा दैनिक समाचारपत्रको इतिहास विषय परिचय दिनुहोस्। (एकसय शब्दमा)

२. नेपाली पत्रकारितामा **गोर्खे खबर कागत्** र **गोरखापत्र**को योगदानको संक्षेपमा चर्चा गर्नुहोस्। (एकसय शब्दमा)

३. नेपाली पत्र पत्रिकाको इतिहासलाई काल विभाजन गर्नुहोस्। (एकसय शब्दमा)

४. नेपाली साहित्यको विकासमा शारदा पत्रिकाको योगदानको चर्चा गर्नुहोस्। (एकसय शब्दमा)

५. तपाईं क्षेत्रमा प्रकाशित हुने पत्रपत्रिकाको परिचय दिंदै एउटा लेख तयार गर्नुहोस्। (एकसय शब्दमा)

१०. थप अध्ययनका लागि सन्दर्भ सामग्री

६. अधिकारी, निर्मलमणि, वि स २०६५, **आमसञ्चार र पत्रकारिता**, काठमाडौं : प्रशान्ति प्रकाशन।

७. आचार्य, भानुभक्त, वि स २०७० **आमसञ्चार र पत्रकारिता** (दो.सं), काठमाडौं : प्रधान बुक हाउस।

८. आचार्य, भानुभक्त र घमराज लुइँटैल, वि स २०६९ **नेपाली पत्रकारिता** (दो.सं), काठमाडौं: निमा पुस्तक प्रकाशन।

९.खनाल, श्रीराम, वि स २०६३ **प्रयोगात्मक पत्रकारिता** (चौ. सं.), काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि.।

१०. छेत्री, हीरा, सन २०११, **भारतेली नेपाली पत्र-पत्रिकाको शताब्दी** (दो. सं.) कालेबुङ, चरित्र प्रकाशन।

११. दंगाल, पारसमणि, सन २०१८, **सिक्किममा नेपाली व्यावसायिक पत्रकारिताको विश्लेषणात्मक अध्ययन**, शोधपत्र, गान्तोक, सिक्किम विश्वविद्यालय।

----------------------x----------------------------

एकाइ ३

अनुवादको पृष्ठभूमि र महत्त्व

१.प्रस्तावना

मानव समाजमा भाषिक विविधता रहेकोले पारस्परिक सम्पर्क, ज्ञानको आदान–प्रदान तथा सभ्यताको निरन्तर विकासका लागि अनुवाद एक अनिवार्य आवश्यकता बनेको छ। अनुवाद बिना आजको आधुनिक विष्वमा सञ्चार, शिक्षा, साहित्य, विज्ञान, धर्म, प्रशासन, व्यापार र कूटनीति जस्ता क्षेत्रको गति र विकास सम्भव छैन। अनुवादले एक भाषाबाट अर्का भाषामा मात्र शब्दहरू होइन, भाव, सन्देश, संस्कृति र चिन्तनशैली समेत रूपान्तरण गर्दछ। यही कारणले गर्दा अनुवाद अहिले एउटा महत्त्वपूर्ण शैक्षिक तथा व्यावसायिक विधाका रूपमा स्थापित भइसकेको छ। यो मानव सभ्यताकै गतिशीलता सुनिश्चित गर्ने माध्यम हो, जसले विभिन्न भाषिक समुदायहरूलाई आपसी समझदारीमा बाँध्ने कार्य गर्दछ।

२.उद्देश्य

यस अध्ययनको मूल उद्देश्य अनुवाद अध्ययन नामक विधाको प्रारम्भ, नामकरण र यसको स्वरूपबारे गहिरो विचार–विमर्श गर्नु हो। साथै, यसमा प्रयोग गरिएका विभिन्न परिभाषाहरूलाई संकलन, विश्लेषण र पुनर्कथन गरेर अनुवादको व्यापक आयाम प्रस्तुत गर्नु पनि लक्ष्य हो। अनुवाद केवल भाषिक रूपान्तरण मात्र नभएर एक बहुआयामिक क्रियाकलाप भएको स्पष्ट पार्दै यसले वैज्ञानिक, कलात्मक, सांस्कृतिक, दार्शनिक तथा सामाजिक पक्षहरूलाई कसरी समेट्छ भन्ने पक्षमा पनि प्रकाश पार्नु यस लेखनको उद्देश्य हो। त्यसैले अनुवादको पृष्ठभूमिबारे यो एकाइमा छलफल गरिनेछ।

३. अनुवादको पृष्ठभूमि

सर्वप्रथम, सन् १९७६ मा आन्द्रेइ लिफेभरले अनुवाद सिद्धान्त तथा अनुवाद शास्त्रजस्ता अनुवादसँग प्रयुक्त शब्दावलीको सट्टामा प्रयोग गर्न ‘अनुवाद अध्ययन’ पदावलीको प्रस्ताव गरेका थिए। जेम्स होम्जको विचारमा ‘अनुवाद अध्ययन’लाई समावेशीय पदावलीको रूपमा लिइनुपर्दछ, जसअन्तर्गत अनुवाद प्रक्रियालाई केन्द्र मानी गरिने सम्पूर्ण अनुसन्धान क्रियाकलापहरू पर्दछन्। हाल आएर अनुवाद अध्ययनलाई अनुवाद प्रक्रियाको परिणाम तथा वर्णनको अध्ययन गर्ने क्षेत्रका रूपमा ग्रहण गरिएको पाइन्छ। अनुवाद अध्ययन एक नवविधा हो र आजको अवस्थासम्म आइपुग्दा यसले विभिन्न चुनौतीहरूको सामना गर्नुपरेको छ। विल्सको विचारमा ‘अनुवाद’ शब्दले प्रक्रिया र परिणाम

दुवैलाई बुझाउँछ, तर बिग्रान्ड भन्दछन्– प्रक्रियाले अनुवाद गतिविधि र अनूदित पाठलाई बुझाउँछ। अनुवादलाई विभिन्न तवरले वर्गीकरण गरेको पाइन्छ। स्याभोरी र सेल्भर जस्ता विद्वानले यसलाई कलाको दर्जा दिएका छन् भने नाइडा र विल्सले अनुवादलाई 'विज्ञान' भनेका छन्, तर न्युमार्क र शास्त्रीले यसलाई विज्ञान, कला तथा कौशलको समष्टिगत रूप मानेका छन्। न्युमार्क अगाडि भन्छन्– 'अनुवाद क्रमशः विज्ञान, सीप, कला र अन्त्यमा रसास्वादनको क्षेत्र हो।' यहाँ उनले सीप भनेर अनुवादलाई जीविकोपार्जन गर्ने माध्यम अर्थात् साधनको रूपमा इङ्गित गरेका छन्।

अनुवादको परिभाषामा मतैक्यता पाइँदैन। खास गरी अन्य विधाहरूसँग यसलाई कसरी संलग्न गराइएको छ, त्यसका आधारमा परिभाषित गर्नुपर्ने भएकाले परिभाषामा विविधता देखिएको हो। उदाहरणका लागि अनुवादलाई भाषिक क्रियाकलाप, साहित्यिक प्रयत्न, दार्शनिक तथा सांस्कृतिक र समष्टिगत क्रियाकलापका रूपमा परिभाषित गरेको पाइन्छ। त्यसैले अनुवादलाई एउटै सीमाभित्र राखेर परिभाषित गर्न निकै कठिन देखिन्छ। अनुवाद गरिने पाठ्यसामग्री, पाठको विविधता, अनुवादको उद्देश्य र लक्षित पाठकको आवश्यकताका कारण, अनुवाद अध्ययनको वर्गीकरण आदिले गर्दा अनुवादलाई परिभाषित गर्ने कार्यमा जटिलता देखा परेको हो। व्यापक दृष्टिकोणबाट हेर्दा सूचनाको आदान–प्रदान गर्ने क्रममा हरेक व्यक्ति कुनै न कुनै प्रकारले अनुवाद प्रक्रियामा संलग्न हुन्छ। दुई भाषाकै बीचमा नभए तापनि एउटै भाषाका भाषिका तथा शैलीहरूको अनुवादमा हरेक व्यक्ति कुनै न कुनै ढङ्गबाट संलग्न भएकै हुन्छ। ब्रिस्लिनको परिभाषाले अनुवादको व्यापक क्षेत्रलाई समेटेको देखिन्छ। उनका अनुसार सामान्यतः 'अनुवाद' शब्दले एक (स्रोत) भाषाबाट अर्को (लक्ष्य) भाषामा गरिने विचार तथा भावनाको स्थानान्तरणलाई बुझाउँछ। यो प्रक्रिया दुवै लेख्य वा मौखिक भाषा, स्तरीय लेख्य प्रणाली भएका वा नभएका भाषा वा बहिराहरूले प्रयोग गर्ने दुवै वा कुनै एक साङ्केतिक भाषाबीच हुन सक्छ, तर यस किसिमको बृहत् प्रकृतिको अनुवाद र कुनै लिखित पाठमा सीमित भई गरिने वास्तविक तथा उद्देश्यमूलक अनुवादका बीच भने निश्चित सीमारेखा कोरिनुपर्दछ। यसरी हेर्दा अनुवाद मूलतः एक भाषाबाट अर्को भाषामा वा समय र स्थानका कारण अलग्गिएका अन्य भाषिकामा सन्देश रूपान्तरण गरिने प्रक्रिया हो। न्युमार्कका अनुसार कुनै पनि पाठको अनुवाद गर्दा निम्न दश तत्वहरूबीच अन्तरक्रिया हुने गर्दछ जसको पाठ एउटै हुन्छ:

१. स्रोतभाषाको लेखक
२. स्रोतभाषाका नियम वा मापदण्ड पाठ
३. स्रोतभाषा संस्कृति
४. स्रोतभाषाको परिवेश र परम्परा
५. लक्ष्यभाषाका पाठक
६. लक्ष्यभाषाका नियम वा मापदण्ड

७. लक्ष्यभाषा संस्कृति
८. लक्ष्यभाषाको परिवेश तथा परम्परा
९. सत्यतथ्य (विषयवस्तु)
१०. अनुवादक अनुवादका केही प्रमुख परिभाषालाई गहिरिएर केलायौँ भने यी परिभाषाहरू हाल प्रचलनमा रहेका भाषा, साहित्य, दर्शन, संस्कृति, व्यवसाय तथा राजनीतिका सिद्धान्तहरूका मुखपत्र हुन् भन्ने स्पष्ट हुन्छ, तर यी कुनैले पनि अनुवादको वास्तविक प्रकृतिलाई सम्बोधन गर्न र यसको पूर्ण परिभाषा दिन भने सक्दैनन्।

४. अनुवादका प्रकार र थप परिभाषा

यी परिभाषाहरू एकअर्काका परिपूरक मात्र हुन सक्छन् र तिनबाट अनुवाद समग्रतामा एक बहुआयामिक गतिविधि हो भन्ने कुरा स्पष्ट हुन्छ। यी विविध पक्षबीचको अन्तर्सम्बन्धको बारेमा विस्तारपूर्वक वर्णन गरिएको छ। नाइडाले विभिन्न परिभाषाहरू उद्धृत गर्दै अनुवादको कुनै पनि परिभाषा आफैँमा पूर्ण नभएको तथ्य स्पष्ट पारेका छन्। उनका विचारमा अनुवादमा रूपात्मक र गतिशील समतुल्यताबीच सधैं नै तनाव रहिरहन्छ । उदाहरणका लागि काव्यिक अनुवाद र गद्यात्मक अनुवादको सम्बन्धमा एउटै परिभाषा लागू हुन सक्तैन। साहित्यिक अनुवादको सम्बन्धमा एज्ज्रा पाउन्डलाई उद्धृत गर्दै नाइडा भन्छन्- भाव ज्यादा, वाक्यविन्यास कम (मोर सेन्स एन्ड लेस सिन्ट्याक्स)। तर भाषावैज्ञानिक सन्दर्भमा भने उनी गार्भिनलाई उद्धृत गर्दै भन्छन्-मूल कृतिले पाठकमा जस्तो प्रभाव पार्दछ, अनूदित कृतिले पनि आफ्नो लक्षित पाठकमा उही प्रकारको प्रभाव पार्न सक्नुपर्दछ। यसबाट अनुवादको परिभाषा प्रयोजनविशेषको आधारमा फरक हुने गर्दछ भन्ने तथ्य स्पष्ट हुन्छ। अन्त्यमा उनले उपयुक्त अनुवादको परिभाषाभित्र तलका चार प्रमुख विशेषता समेटिनु पर्ने बताएका छन्ः

१. अर्थगत स्पष्टता,
२. मूल कृतिको भावना र शैलीको अभिव्यक्ति,
३. सहज र सरल प्रस्तुति,
४. लक्षित पाठकमा मूल कृतिले जस्तै पार्ने प्रभाव क्याटफोर्डका शब्दमा एउटा भाषाको पाठ्यसामग्रीलाई अर्को भाषाको समतुल्य सामग्रीद्वारा प्रतिस्थापित गर्ने प्रक्रियालाई अनुवाद भनिन्छ।

उनको विचारमा अनुवादको सिद्धान्त भाषाको सिद्धान्तमा आधारित हुनुपर्दछ। न्यूमार्कका अनुसार भने भनुवाद एउटा भाषाको लिखित सन्देशलाई अर्को भाषाको लिखित सन्देशद्वारा प्रतिस्थापित गर्ने एक कौशल हो। त्यस्तै, विल्सले अनुवादलाई यसरी परिभाषित गरेका छन्-अनुवाद मूलभाषाको लिखित पाठलाई लक्ष्यभाषामा लैजाने एक प्रक्रिया हो । यसका लागि अनुवादकमा मूल

कृतिको वाक्यात्मक, अर्थगत, शैलीगत र प्रयोगार्थक पक्षको ज्ञान हुनु आवश्यक हुन्छ। माथि उल्लिखित छलफलको आधारमा कस्तो निष्कर्ष निकाल्न सकिन्छ भने विभिन्न सिद्धान्त तथा पाठकको बुझाइ र आवश्यकताअनुसार अनुवाद परिभाषित हुनुपर्दछ। अनुवादले इतिहास र समालोचनाले हरेक पक्षलाई कुनै कुनै प्रकारको ध्रुवीय विभाजन गरी तथा केही निश्चित अर्थहरुमा सीमित पारी अनुवाद सिद्धान्तको विकासलाई साँघुऱ्ययाएको देखिन्छ। आजकल अनुवादका लागि अपघटन, पुनःसंरचना, क्रियारुपान्तरण, विरुपान्तरण, अप्रादेशिीकरण र पुन प्रादेशीकरणजस्ता तटस्थ पदहरुको प्रयोग भएको पाइन्छ। यी पदहरुले 'अभिव्यक्तिगत सम्प्रेषणात्मक आशय' मा अत्यधिक जोड दिएको पाइन्छ। यस्ता अवधारणाले अनुवादकलाई बढी स्वतन्त्रता प्रदान गरेको छ। अनुवादक भाव समतुल्यताका लागि प्रयत्नरत रहन्छ जसअन्तर्गत लेखकद्वारा पूर्वानुमानित व्यङग्यार्थ, वाच्यार्थ र भाषिकेतर ज्ञानको समायोजन–शिल्प पर्दछन्। त्यसैले बेलिट भन्दछन्-अनुवादको कुनै खास परिभाषामा अल्झिनुभन्दा पनि यसलाई समग्रमा एक मध्यस्थताको रुपमा बुझ्नुपर्दछ। अनुवाद एक गुप्त अथवा अप्रत्यक्ष गतिविधि हो। यसलाई मौलिक सिर्जनाको प्रक्रियामा गरिने एक किसिमको अभ्यासको रूपमा पनि लिन सकिन्छ। निरञ्जनाका अनुसार अनुवादले आफ्नै किसिमको अधिकार र वैधता अभिव्यक्त गर्दछ, शक्ति प्रदर्शन गर्दछ, राजनीति घुसाउनुका साथै यसले आफ्नै किसिमको इतिहास पनि लेख्दछ। यी कुरालाई पुष्टि गर्दै बेलिटका शब्दमा भन्नुपर्दा अनुवाद न त कुनै एकल दोष÷अवगुण हो न त सामूहिक अभिव्यक्ति नै। यो व्यक्ति आफैले आफ्नो अन्तर्भावना अभिव्यक्त गर्ने वा बाहिरी संसारसँग सम्बन्ध स्थापना गर्ने एक प्रयास हो।

५. अनुवादको महत्त्व

अनुवादले दुई भाषालाई स्थिरकारी यन्त्रले झै जोडेर राख्दछ। यसले समय वा स्थानले अलग्गिएका दुई भिन्न भाषिक समुदाय, उनीहरूका भिन्न संस्कृति र सभ्यताका बीच रहेर मध्यस्थताको काम गर्दछ। त्यसैले कुनै पनि पाठलाई एउटा भाषाबाट अर्को भाषामा लैजाँदा ती दुई भाषाबीच सन्तुलन कायम गर्नुपर्ने हुन्छ। अनुवादका क्रममा समतुल्यतालाई अत्यधिक महत्व दिइने गरिन्छ, तर पूर्ण समतुल्यता भने कदापि सम्भव हुँदैन। तर अनुवाद गर्दा पूर्ण समतुल्यता प्राप्तिको लक्ष्य राख्नु त्यति व्यावहारिक देखिंदैन। त्यसैले गर्दा ह्यालिडेले अनुवादलाई दुई भाषाबीचको सन्निकटताको प्रयत्न भनी अर्थ्याएका छन्। दार्शनिक दृष्टिकोणबाट हेर्दा अनुवाद क्रियाकलाप भनेको भाषामा प्रकट भएको सन्देशलाई एक संस्कृतिबाट अर्को संस्कृतिमा स्थानान्तरण गर्ने तथा निरन्तरता दिने मानिसको अन्तचाहनाको अभिव्यक्ति हो। सङ्क्षेपमा भन्नुपर्दा, अनुवादलाई विधा, कामको प्रकृति, प्रयोग हुने माध्यम, प्रयोगजन्य उद्देश्य, पाठक र भाषा तथा दर्शन आदिको प्रचलित सिद्धान्तका आधारमा विभिन्न तरिकाले परिभाषित गर्न सकिन्छ। साहित्यिक÷काव्यिक अनुवाद भाषावैज्ञानिकहरूले साहित्यिक

भाषालाई ‘विचलनपूर्ण’ तथा ‘वस्तुपरकतारहित’ भन्ने आक्षेप लगाएकाले साहित्यिक भाषाले ठूलो दुख पायो।

त्यसैले साहित्यिक भाषा लामो समयसम्म भाषाविज्ञानको क्षेत्रभन्दा बाहिर रहन पुग्यो, तर पछि गएर युरेल वेनरिखजस्ता समालोचकहरूले अर्थवैज्ञानिक सिद्धान्तले भाषाको काव्यात्मक प्रयोगलाई समेट्न नसक्ने भएकाले यसको क्षेत्र व्यापक हुनै सक्दैन भन्ने स्पष्ट मत व्यक्त गरे। भाषावैज्ञानिक पक्षबाट हेर्दा साहित्यलाई भाषाको विशेष प्रयोग वा प्रकार्यका रूपमा परिभाषित गर्न सकिन्छ। त्यसैले यसलाई विचलनपूर्ण भाषाको रूपमा अथ्र्याउनु ठीक हुँदैन। कोसेरेले यस कुराको पुष्टि गर्दै भनेका पनि छन्– साहित्यिक भाषाले भाषाको सिर्जनात्मक पक्षलाई प्रतिनिधित्व गर्दछ, जुन दैनिक जीवनमा प्रयोग हुने सामान्य भाषाद्वारा सम्भव हुँदैन। साहित्यिक भाषाको मूल कार्य सौन्दर्यात्मक पक्षलाई उद्घाटित गर्नु हो, त्यसैले यसले सिर्जनात्मक ध्येयलाई अभिव्यक्त गर्ने क्रममा सर्जकले उपयोग गर्ने विशेष साधनहरूलाई प्रस्तुत गर्दछ। यस परिच्छेदमा मूलतः काव्यिक अनुवादको प्रकृति, समस्या र विशेषतामा जोड दिँदै साहित्यिक अनुवादका विशेषताका सन्दर्भमा केही महत्वपूर्ण विचारहरू प्रस्तुत गरिने छ। मूलतः समालोचक र अनुवादकद्वारा साहित्यिक सम्पदाको व्याख्या गर्ने र त्यसलाई फैलाउने काम भएको पाइन्छ। समालोचकले लेखक र पाठकबीचमा रहेर मध्यस्थकर्ताको कार्य गर्दछ भने अनुवादकले अर्को भिन्न भाषामा समतुल्य कृतिको सिर्जना गर्दछ। साहित्यिक अनुवादलाई मौलिक कृतिमा अन्तर्निहित यथार्थताको कलात्मक प्रतिविम्बको रूपमा परिभाषित गर्न सकिन्छ। कुनै पनि मूल कृति अर्को भाषामा पूर्ण रूपमा प्रतिविम्बित हुन नसक्ने भएकाले साहित्यिक अनुवादलाई सधैं सन्निकटताको रूपमा लिनुपर्दछ। कानुनी, वाणिज्यिक, वैज्ञानिक तथा प्राविधिक अनुवादका तुलनामा साहित्यिक अनुवाद सबैभन्दा उच्चकोटीको र कठिनतम अनुवाद हो। त्यसैले के भन्ने गरिन्छ भने, साहित्यिक अनुवाद सिद्धान्तले प्राविधिक अनुवाद सिद्धान्तको पनि काम गर्न सक्छ, तर प्राविधिक अनुवाद सिद्धान्तले साहित्यिक अनुवाद सिद्धान्तको काम भने गर्न सक्दैन। त्यसैले समालोचकहरू अनुवाद तथा भाषाका अन्य सम्पूर्ण पक्षलाई समेट्दै साहित्यिक अनुवाद सिद्धान्तको विकास गर्नुपर्ने विचार व्यक्त गर्छन्। लिफेभरले सन् १९७० को दशकसम्म पनि साहित्यिक अनुवाद अनेकौँ अस्पष्ट र विषयपरक अवधारणाहरूमा जकडिएको पाए। अतः साहित्यिक अनुवाद एक स्वतन्त्र क्रियाकलाप र विभिन्न पृष्ठभूमिका सृजनशील व्यक्ति तथा विभिन्न विधाबाट आएका विद्वान्हरूका लागि एउटा साझा थलोका रूपमा देखा पर्न थालेको तीन दशकभन्दा बढी भएको छैन।

साहित्यले सौन्दर्यपरक मूल्य सिद्धान्तका आधारमा कार्य गर्ने भएकाले समालोचकका विचारमा सौन्दर्य सिद्धान्तले मात्र साहित्य वा सिर्जनात्मक कला र यसको अनुवादको उचित व्याख्या गर्न सक्दछ। अतः साहित्यिक अनुवादकले मूल कृतिलाई प्रयोगार्थक पक्षबाट पनि व्याख्या गर्नुपर्दछ। कतिपय शब्दलाई त्यसको सन्दर्भले बुझाउने आशयलाई केन्द्र मानी अथ्र्याउनु पर्दछ। यस्ता शब्दले

शाब्दिक अर्थभन्दा पनि बढी गहन खालका व्यावहारिक अर्थ बोकेका हुन्छन्। यस अर्थमा कुनै पनि साहित्यिक कृतिलाई. बुझ्न भाषिक÷शाब्दिक अर्थ मात्र आफैंमा पर्याप्त हुँदैन। प्रयोगात्मक भाषाविज्ञानले मात्र पाठकलाई सामाजिक अन्तरक्रियामा भाषाको विशेष प्रयोग वा लेखकको आशयको बारेमा उचित जानकारी प्रदान गर्न सक्छ। न्युमार्कका अनुसार प्रयोगार्थक तत्वको सही अनुवादका लागि प्रकार्यात्मक वा सम्प्रेषणात्मक अनुवादको आवश्यकता पर्दछ। साहित्यिक कृतिलाई कविता, कथा, उपन्यास र नाटक गरी मूलतः चार तहमा श्रेणीबद्ध गरिएको छ। यीमध्ये कवितालाई साहित्यको सवैभन्दा बढी वैयक्तिक र गहन रूप मानिन्छ, किनभने कवितामा प्रत्येक शब्दले आफ्नै किसिमको विशेष महत्व राख्दछ । लिफेभरले ओक्टाभियो पाजलाई उद्धृत गर्दै भनेका छन्-जसरी साहित्य भाषाको एक विशेष कार्य हो, त्यसै गरी अनुवाद पनि साहित्यको एक विशेष कार्य हो। त्यसै गरी बेलिटको विचारमा काव्यिक सिर्जनामा जस्तै काव्यिक अनुवादमा सत्यले भन्दा आनन्दानुभूतिले प्राथमिकता पाउने गर्दछ। काव्यिक भाषाको विशेषताबारे अर्रोजो भन्छन्-काव्यिक भाषाले दैनिक जीवनमा प्रयोग गरिने भाषाको स्रोत तथा साधनलाई सङ्गठित गरी तिनीहरूलाई विशेष तवरले बाँधेर राख्दछ र पाठकको ध्यान खिच्न दैनिक जीवनको भाषालाई बङ्ग्याएर प्रस्तुत गर्दछ। कुनै पनि काव्यिक रचनाले उपलब्ध सामग्रीमा एक किसिमको व्यवस्था र सङ्गठनात्मकता ल्याउने गर्दछ, जसमा पाठको समुच्चा अर्थलाई नखलबल्याई एउटा पनि शब्द वा शाब्दिक क्रममा हेरफेर गर्न असम्भवप्रायः हुन्छ।

साहित्यिक अनुवाद सिद्धान्त काव्यिक सिद्धान्तबाट कदापि अलग रहन सक्दैन। काव्यिक रचनामा विषयवस्तु र रूप एकअर्कासँग असम्पृक्त ढङ्गले बाँधिने हुनाले तिनीहरूलाई एकअर्कोबाट अलग्याउन सम्भव हुँदैन। कुनै पनि साहित्यिक कृतिलाई एउटा भाषाबाट अर्को भाषामा अनुवाद गर्नु भनेको यी दुई अभिन्न पाटालाई तोडेर अलग्याई पुनःअर्को संरचना तयार पार्नु हो । विच्छिन्न रूपले अलग्गिएका ती भिन्न तत्वहरूलाई समुचित ढङ्गले सङ्गठित पार्नुपर्दछ। यी कारणले गर्दा अनुवादका प्रायः सबै समस्याहरू साहित्यिक अनुवादमा खास गरी त्यसमा पनि काव्यिक अनुवादमा केन्द्रित हुने गरेको पाइन्छ । काव्यिक अनुवादलाई अत्यन्तै गाह्रो, कठिन, असम्भवप्रायः तथा पूर्ण असम्भव कार्यका रूपमा लिने गरेको पाइन्छ। न्युमार्कका विचारमा काव्यले भाषाका सम्पूर्ण उपलब्ध स्रोत–साधनको उपयोग गर्ने भएकाले काव्यिक अनुवाद अन्य कुनै पनि किसिमको अनुवादभन्दा बढी कठिन हुन्छ। काव्यिक अनुवादकले भाषाका सम्पूर्ण तहहरूको सामना गर्नुपर्ने हुन्छ। कवितामा शब्दले मूल अर्थ बोकेको हुन्छ भने पङ्तिको स्थान गौण रहन्छ। अन्य प्रकारका अनुवादको तुलनामा काव्यिक अनुवादमा रूप र विषयवस्तुबीचको तनाव अत्यन्तै तीव्र रहन्छ। छन्दोबद्ध कवितामा अनुवादकले आफ्नो तर्फबाट एउटा पनि अक्षर थप्न वा हटाउन नमिल्ने भएकाले यस्तो कविताको अनुवाद अत्यन्तै कठिन हुन्छ । मुक्त छन्दमा पनि बयन गरिएका प्रत्येक शब्द र तिनका स्थान आफ्नै किसिमको

आन्तरिक लयात्मकताको सिर्जना गर्ने भएकाले कविताको आन्तरिक लयलाई बिथोल्नु हुँदैन। त्यसैले कविताको रूप र

विषयवस्तुबीचको तनावले अनुवादमा अत्यन्तै ठूलो समस्या पैदा हुने गर्दछ। रूपका आधारमा नै गद्य र पद्यबीच तात्विक भिन्नता स्थापित हुने गर्दछ । रूपात्मक पक्षले कविताको संवेगात्मक तीव्रता र यसको सौन्दर्यात्मक पक्षमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले अनुवाद गर्दा रूपात्मक पक्षले बढी ध्यान आकृष्ट गर्दछ। यद्यपि एक सफल काव्यिक अनुवादकले कुनै पनि पक्षलाई नखलबल्याई यी दुई पक्षबीच सन्तुलन कायम गर्नुपर्ने हुन्छ। अनुवादका क्रममा शाब्दिक, पङ्क्तिगत तथा वाक्यात्मक सुसङ्गति स्थापना गर्नका लागि निरन्तर सम्झौता तथा सामञ्जस्यको आवश्यकता पर्दछ । वास्तवमा कविताले बोकेको भावना, विचार, पीडा, सुख र अनुभूतिलाई मापन गर्ने कुनै पनि नियम वा विज्ञान छैन।

६. अनुवादको दृष्टि र लक्ष्य

अनुवादकले आफ्ना अन्तर्दृष्टि तथा अन्तर्बोधले भ्याएसम्म वस्तुपरक ढङ्गले ती तत्वहरूको लेखाजोखा गर्दछ र अर्को भाषामा उस्तै प्रकारको स्वाभाविक काव्यिक प्रभावको पुनर्सिर्जना गर्दछ। काव्यिक अनुवादमा हुने केही थपघट वा परिवर्तनलाई स्वाभाविक रूपमा लिनुपर्दछ, तर अनुवादकले आफ्नो पुनर्सिर्जनालाई स्वाभाविक जीवन दिन सकेन भने त्यो उसको सबैभन्दा ठूलो अपराध ठहरिन्छ। त्यसैले काव्यिक अनुवाद विज्ञान होइन, एक कला हो । कलामा छनौटको भूमिका महत्वपूर्ण रहन्छ। कला कुन स्थानमा के राख्ने, केलाई हटाउने, समग्रमा कस्तो आकार दिने भन्ने कुरासँग सम्बन्धित छ। ध्वनि, शब्द, अलङ्कार, विचार, रूप तथा अर्थ र अन्य सौन्दर्यपरक पक्षको समग्रताबाट एउटा कविताको सिर्जना हुन्छ। यस सन्दर्भमा म्याथ्युजको भनाइ सान्दर्भिक देखिन्छ। उनी भन्दछन्–एउटा समग्र कविता अनुवाद गर्न भनेको अर्को छुट्टै कविता रचना गर्नु हो। न्युमार्क अगाडि थप्छन्-कुनै पनि सफलतापूर्वक अनूदित कवितालाई अर्को कविताको रूपमा लिन सकिन्छ। विल्सको विचारमा अनुवाद मूल कविताको विषयवस्तुप्रति इमानदार रूपप्रति सन्निकट हुने गर्दछ र अनुवादकले आफ्नो अन्तरात्माको वाणीद्वारा अनूदित कवितालाई नयाँ जीवन प्रदान गर्दछ । तसर्थ के भन्न सकिन्छ भने, अनुवादकको मेहनतका आधारमा अनूदित कविता मूल कविताबाट केकति मात्रामा भिन्न हुने गर्दछ भन्ने निक्र्यौल गर्न सकिन्छ। त्यसैले बेलिट काव्यात्मक अनुवादलाई सबैभन्दा बढी भ्रान्तिपूर्ण, विसङ्गतिपूर्ण र जोखिमपूर्ण कार्य मान्दछन्। साहित्यिक अनुवादकका बारेमा स्कभोरेस्कीले परिहास गर्दै भनेका छन्– साहित्यिक अनुवादकलाई अन्य पेसामा लागेका अधिकांश मानिसलाई जस्तो कुनै खास परीक्षा पास गर्नुपर्ने तथा कुनै विशेष तालिम लिनुपर्ने आवश्यकता हुँदैन। यसमा भाषा तथा

साहित्यको कुनै प्रमाणपत्र, शैक्षिक योग्यताभन्दा पनि काव्यात्मक भावुकता, अनुभूति, शब्दसँग खेल्न सक्ने क्षमताले बढी महत्व राख्दछ ।

अनुवादकको मुख्य ध्येय कविताको सारतत्वलाई समेटेर लक्षित पाठकमा मूल कविताको जस्तै समतुल्य प्रभाव पैदा गर्न सक्ने अर्को कविताको पुनर्सिर्जना गर्नु हो। एउटा पूरै कविता अनुवाद गर्नु भनेको अर्को भाषामा छुट्टै कविता सिर्जना गर्नु हो । त्यसैले डड्ली फिट भन्दछन्– अनुवादकको काम जोखिमपूर्ण र अनिश्चितताले घेरिएको हुन्छ, त्यस कारण मूल लेखकलाई जस्तै अनुवादकलाई पनि कविताको समग्रतामाथि चिन्तन– मनन गर्न पूर्ण अधिकार र स्वतन्त्रता दिइनुपर्दछ। अनुवादकले सर्जकको सम्पूर्ण भावनालाई आत्मसात् गरी त्यसलाई अर्को भाषामा पुनर्जीवन दिने गर्दछ। न्युमार्क लेखनको सहजता र सरलतामा बढी जोड दिन्छन्। त्यसैले मूल कृतिका शब्द र तिनका अर्थसँग सङ्घर्ष गरेर जकडिनुको सट्टा आधुनिक अनुवादकले अनुवादलाई कसरी सहज, सरल, हलुका बनाई दैनिक जनजिब्रोमा उतार्न सकिन्छ भन्ने कुरामा बढी ध्यान दिनुपर्दछ। तर यसको आशय अनुवादक अति सरलीकरणतर्फ वा न्यून

अनुवादतर्फ उन्मुख हुनुपर्दछ भन्ने होइन। त्यसैले काव्यिक अनुवादमा सन्तुलन–जटिलता सदा रहिरहन्छ । मौलिक रचना र अनुवादकको आ–आफ्नै मापदण्ड रहेको हुन्छ र यी दुई मापदण्डबीचको तनावमा मौलिक रचनाको भाव सधैँ अल्झिरहन्छ। यसर्थ काव्यिक अनुवादमा कसैले पनि पूर्णताको अपेक्ष गर्न सक्दैन। कुनै पनि कुरा पूर्ण रुपले सकिएको हुँदैन। अझ धेरै कुरा आउन बाँकी नै रहेको हुन्छ। जस्तो कि पाठक र समालोचकले कृतिलाई आ–आफ्नै ढङ्गले पूर्णता दिने प्रयास गरिरहेका हुन्छन्। जसरी मौलिक कविताको कुनै पनि पठनलाई अन्तिम पठन मान्न सकिँदैन, त्यसरी नै काव्यिक अनुवादलाई पनि अन्तिम अनुवाद भनी निष्कर्षमा पुग्न सकिँदैन। मानिस किन सदा अनुवाद गर्न बाध्य हुन्छ? अन्य शीर्षकहरुतर्फ लाग्नुपूर्व यस प्रश्नमा ध्यान दिनु अत्यावश्यक देखिन्छ। अनुवादको महत्व मानिस पृथ्वीको एक मात्र यस्तो प्राणी हो जसमा एकभन्दा बढी भाषाको प्रयोग गर्न सक्ने विलक्षण क्षमता रहेको हुन्छ। दैनिक जीवनमा विभिन्न भाषाहरूको प्रयोग गर्न सक्नुका साथै ऊ सञ्चारका विभिन्न कार्यक्रम तथा व्यवस्थाको उपयोग गर्न सक्दछ। मानिस यस्तो चेतनशील प्राणी हो, जसले ऐतिहासिक अनुभवबाट प्राप्त तथा स्मृतिपटलमा सञ्चित ज्ञानभण्डारलाई दैनिक जीवनमा प्रयोग गर्न सक्दछ। त्यसैले मानिस आफ्नो दिक्कालको घेराभित्र मात्र सीमित रहेर बाँच्न सक्दैन। यस सन्दर्भमा अनुवाद मात्रै एक यस्तो साँचो हो, जसले विश्वज्ञान–भण्डारको भोटेताल्चा खोल्न सक्छ। प्रस्तुत परिच्छेदमा अनुवादको महत्वमाथि छलफल गरिने छ। हरेक युगमा मानिसले अनुवादको माध्यमद्वारा अज्ञानताको तगारोलाई खुस्काउने तीव्र आकाङ्क्षा प्रकट गरेको पाइन्छ। त्यसैले स्याभोरीका अनुसार अनुवादको प्राथमिक कार्यमा व्यवहारोपयोगिता देखिन्छ। जसको एक प्रमुख उद्देश्य स्रोत (अन्य) भाषाको अज्ञानतालाई हटाउनु हो।

सदियौंदेखि मानिसको ध्येय ज्ञानको सञ्चय तथा विस्तार गर्ने एकल उद्देश्यबाट निर्देशित भएको देखिन्छ। अनुवादकले समस्त शब्दजालभन्दा टाढा रहेर एउटा विशिष्ट प्रकृतिको मानव वाणी तयार गर्दछ। सम्पूर्ण लेखक र अनुवादकको कार्य नै अनुवादद्वारा राष्ट्रहरूबीचका सीमा छिचोल्दै सैद्धान्तिक धारणाहरू नाधेर सम्पूर्ण मानव एकता सुदृढ गर्नु हो। गोर्जनका अनुसार सामान्य चलनचल्तीमा रहेका शब्दद्वारा व्यक्त हुन नसक्ने भिन्न भाषाका विषयवस्तुलाई अर्को भाषामा कलात्मक ढङ्गले बुझाउने कार्य नै अनुवाद हो । त्यसै गरी गेटेले कुन तथ्य स्वीकारेका छन् भने, कठिन परिश्रमद्वारा विश्वसाहित्य तथा काव्यात्मक भावनाको सर्वव्यापकताको प्रवर्धन गर्नेहरू अरू कोही नभएर केवल अनुवादक नै हुन्। शताब्दियौंदेखि उनीहरू मानवीय विचार तथा शब्दलाई एक भाषिक समुदायबाट अर्को भाषिक समुदायमा पुऱ्ययाउन सक्षम भएका छन्। गोर्जन अगाडि भन्छन्-यस्ता कार्यले मानवजातिको आध्यात्मिक धरोहरलाई संरक्षण गर्नुका साथै निरन्तरता पनि दिएका छन्। इतिहासतर्फ फर्कने हो भने अनुवादले सक्रिय भूमिका नखेलेको कुनै पनि युग भेटिंदैन। रोमेली सभ्यताको जग ग्रिसेली सभ्यतामा अडेको थियो। टोलेडो सम्प्रदायले अरबी र ग्रिसेली ज्ञानभण्डारलाई युरोपेली समाजमा पुऱ्यायो। सम्पूर्ण युरोपेली सभ्यता ल्याटिन तथा ग्रीक भाषाबाट गरिएको अनुवादमा आधारित थियो। युरोपेली इतिहासमा यो तथ्य अझ स्पष्ट रूपमा झल्किन्छ। बीसौं शताब्दीमा टोमस म्यान, विलियम मोरिस, ब्रेख्त र पछि सउल बेलो, गुन्टर ग्रास, अलबर्टो मोराभिया, आयरिस मर्डोक, डोरिस लेसिङजस्ता महान् समकालीनहरूका कृति अनुवाद गरिए। हामीले मौलिक कृतिको भाषा बुझ्न नसकेको अवस्थामा हाम्रा निम्ति कुनै मध्यस्थकर्ता उपलब्ध हुन सक्छ भनी गोर्जनले प्रश्न गरेका थिए। यसको सीधा उत्तर हुन सक्छ– यस परिस्थितिमा अनुवादक नै अन्तिम विकल्प हो ।

फरक भाषाहरूबीच ज्ञानको आदान–प्रदान नभएको भए मानवजाति ब्याबेलको टावरमा जस्तै विभाजित भई अन्धकारमा रहन बाध्य हुन्थ्यो । गेटे पूर्ण अनुवादको सम्भाव्यताको बारेमा त्यति विश्वस्त थिएनन्। अपूर्ण नै भए पनि उनले अनुवादलाई सञ्चारको अत्यावश्यक आध्यात्मिक माध्यमका रूपमा स्विकारेका थिए। गोर्जनले गेटेको आलङ्कारिक सङ्केतको पुनर्कथन गर्दै भनेका छन्– अनुवादक एक उत्सुक अग्रदूत हो, जसले घुम्टोमा आधा ढाकिएकी परम सुन्दरीको प्रशंसा गर्दछ र उनको वास्तविक रूपको दर्शनका लागि हामीलाई भावातुर बनाइदिन्छ। त्यसैले कोडग्राट बटलरले अनुवादकलाई सम्पूर्ण संस्कृतिका धरोहरको उत्तराधिकारीको दर्जा दिएका छन्, किनभने अनुवादकद्वारा नै यी धरोहर हाम्रा लागि उपलब्ध हुने गर्दछन्। उनले आफ्नो कृतिमा कुनै पनि देश साहित्यिक अनुवादद्वारा कसरी समृद्ध बन्न सक्छ भन्ने कुरा उल्लेख गरेका छन्। उनकै शब्दमा भन्नुपर्दा अनुवादकहरू नभएको भए आज अङ्ग्रेजीभाषी समुदाय ग्रिसेली महाकाव्य, बाइबल, टोल्सटोय, दोस्तोएभ्स्की, फ्लुबेर, बालज्याक, प्राउस्ट, गेटे, हेनमन, हेसे, नेरुदा, बेकेजस्ता महान् हस्तीका बारेमा पूर्ण रूपले अनभिज्ञ रहने थियो। त्यस्तै, अनुवादकको अनुपस्थितिमा जर्मनीमा मिल्टन वा वर्डस्वर्थ, फ्रान्समा एडगर अलेन पो, वाल्ट

ह्विटमन, रुसमा शेक्सपियर वा कलेरिज, इटलीमा फोकनर वा हेमिङ्वे तथा बेलोको उपस्थितिको कल्पनासमेत गर्न सकिने थिएन। अनुवादक नभएको भए विदेशी पाठक समकालीन अमेरिकन, क्यानडियन, ब्रिटिस, आइरिस तथा अस्ट्रियाली लेखनको बारेमा अनभिज्ञ हुने थिए भने अमेरिका तथा अन्य अङ्ग्रेजीभाषी पाठकहरू अन्य भाषाका समकालीन लेखकका कृतिहरू पढ्न सक्ने थिएनन्। आर्थर वालीले अमेरिकन गेन्जी तथा अन्य चिनियाँ कवितालाई अङ्ग्रेजी भाषामा जीवन्त ढङ्गले प्रस्तुत गरे। एज्रा पाउन्डले ली पोको अनुवाद गरे। फज्गेरल्ड नभएका भए आज उमर खटयाम उनको आफ्नै देशमा एक दुर्बोध कविका रूपमा सीमित हुने थिए। आई.ए.रिचार्डस्, अकिलिज फ्याङ्ग, प्याट्रिक ह्वाइट तथा स्याम्युअल बेकेजस्ता मूर्धन्य साहित्यकारहरू अति नै प्रभावशाली लेखकका साथै अनुवादक पनि थिए। फ्रान्सेली लेखक क्लड सिमोन, अङ्ग्रेजी अगाथा क्रिस्टी र चेकोस्लोभाकियाका मिलान कुन्डेरा, चिलीबाट प्याब्लो नेरुदा, मेक्सिकोबाट ओक्टाभियो पाज्, सोभियत युनियनका अलेक्जान्डर सोल्झेनित्सिनजस्ता विश्वका विभिन्न कुनाबाट जुर्मुराइरहेका समकालीन आवाजहरू आज विश्वव्यापी रूपमा अनुवाद भइरहेका छन्। त्यसै गरी अनुवादले गर्दा नै आज वेद, उपनिषद्, तथा गीताजस्ता पूर्वीय दर्शनका महाग्रन्थहरू सीमित ब्राह्मणवर्गलाई आकर्षित गर्ने परिधिबाट पाखा निस्केर विश्वसमाजमा छरिन पुगेका छन् ।

७.अनुवादको थप महत्त्व

अनुवाद गर्ने परम्परा नभएको भए आजको विश्वसमाज बुद्धको धम्मपद, पाणिनिको व्याकरण, मनुको धर्मशास्त्र, भरत वा आनन्दवर्द्धन आदिका पूर्वीय ज्ञानभण्डारबाट वञ्चित हुने थियो। अतः अनुवादको माध्यमद्वारा नै आज हामीले विश्वका कविहरूलाई चिन्ने मौका पाएका छौं। दाँते, दोस्तोएभ्स्की, इब्सन, ब्रेख्त, चेखोव र ली पोजस्ता साहित्यकारका कृति तथा ‘अरेबियन नाटइस्’ तथा ‘द टेल अफ गेन्जी’ का अङ्ग्रेजी अनुवाद पढेर नै आज हामी विश्वसाहित्यको अस्पष्ट नै भए तापनि एउटा सिङ्गो खाका तयार पार्न सक्ने भएका छौं। स्टोबस्कीका अनुसार बाइबल, अरस्तु तथा प्लेटोका कृति, ग्रिसेली तथा ल्याटिन कविता र दर्शन, मध्यकालीन इटालेली र फ्रेन्च साहित्यलाई आकार दिने १९ औं शताब्दीको जर्मन दर्शन अनुवादको माध्यमद्वारा नै युरोपेली तथा अमेरिकी समाजमा फैलिन पुगेको हो। वास्तवमा आधुनिक विश्वको स्वरूप युरोपेली विचारधाराबाट निर्धारित भएको देखिन्छ, जसको जग अनुवाद नै हो भन्दा अतिशयोक्ति नहोला। यो विश्वज्ञान–भण्डार अनुवादको माध्यमबाट उपलब्ध नभएको भए आधुनिक विश्वसंस्कृक्तिको गति कस्तो हुन्थ्यो होला भनी कल्पनासम्म पनि गर्न सकिंदैन। त्यसैले स्याभोरीले अनुवाद अभ्यास तथा सिद्धान्त दुवैमा महत्वपूर्ण योगदान पुऱ्याउने ३० जना अङ्ग्रेजी कवि÷अनुवादकहरूको सूची प्रस्तुत गर्दै आजको युगलाई ‘अनुवादकको सुनौलो युग’

भनेका छन्। अझ महत्वपूर्ण कुरा त के छ भने मायाकोभ्सकी, सोल्झेनित्सिन, रुस्दी, तसलीमा नसरिन, सूकी, दलाइ लामाजस्ता दमन, उत्पीडन र प्रतिबन्धको सिकार बनेका लेखकका सिर्जनाहरू अनुवादविना समकालीन विश्वमा कहिल्यै उपलब्ध हुन सक्ने थिएनन्। अनुवादको सबैभन्दा महत्वपूर्ण योगदान मानिसलाई साहित्यका विविध पक्षका बारेमा ज्ञान प्रदान गर्नु हो र यसले कालान्तरमा उसमा सांस्कृतिक सम्पर्कप्रतिको मोह, भ्रातृत्व, सौन्दर्यचेत, शान्ति तथा सद्भावजस्ता मानवीय भावनाको बीजारोपण हुने गर्दछ। विशुद्ध मानवीय उद्देश्यका लागि समर्पित हुँदै अगाडि बढेको अनुवादक आज आएर 'अन्तसांस्कृतिक मध्यस्थकर्ता' को रूपमा इतिहासको निर्णायक बिन्दुमा उभिएको छ। यस्ता अनुवादकले विभिन्न देश र भाषाहरूबीच खिचिएका सम्पूर्ण सीमारेखाहरू हटाउनुका साथै स्रोतभाषा–संस्कृतिको विकल्पको खोजी गरेका छन्। साहित्यिक आदान–प्रदानले मानिसको भाषिक विविधताप्रतिको सुझबुझलाई बढाएको छ, सांस्कृतिक सम्पर्कको अभिवृद्धि गरेको छ परिणामस्वरूप यसले विश्वशान्तिको प्रवर्धनमा ठूलो सघाउ पुऱ्याएको छ।

समग्रमा भन्नुपर्दा, अनुवादले मानवीय मूल्यलाई सबल बनाएको छ। इतिहासलाई खोतल्ने हो भने अनुवादकले साहित्यलाई एउटा संस्कृतिबाट अर्को संस्कृतिमा लैजान अथक परिश्रम गरेको पाइन्छ। भरमिरको विचारमा यदि अनुवादलाई एउटा संस्कृतिबाट अर्को संस्कृतिमा नयाँ विचार प्रवेश गराउने कार्यको रूपमा अथ्र्याइन्छ भने उक्त कार्य समानतामा विविधताको सचेतता हो। यस दृष्टिकोणबाट हेर्दा अनुवादलाई मूलतः सञ्चारको माध्यम तथा विश्वसंस्कृतिको विकास गर्ने प्रमुख साधनको रूपमा लिन सकिन्छ। रुसी साहित्यलाई अङ्ग्रेजी भाषामा अनुवाद गर्ने वाल्टर मेईले करीब तीन दशकअघि यस अवधारणाको परिकल्पना गरेका थिए। उनले संसार दिनानुदिन साँघुरिदै गएको र फरक संस्कृति र भाषाका मानिसबीच सम्पर्क बढ्दै गएको हुनाले आउँदा दिनमा अनुवादकको भूमिका अपरिहार्य रूपले बढ्ने निक्र्यौल गरेका थिए। आज विश्वयुद्ध, विश्व भोकमारी, विश्व महामारी आदि सन्त्रासबाट बच्न 'अन्तर्राष्ट्रिय' भन्ने शब्द सही अर्थमा नै अन्तर्राष्ट्रिय बन्न पुगेको छ र अनुवाद यस फैलिँदो अन्तर्राष्ट्रियतावादको मेरुदण्ड हो। अनुवादले मानिसलाई सत्यम्, शिवम्, सुन्दरम् जस्ता उच्चतम मूल्यहरूको पाठ पढाएको छ।

विल्सका अनुसार अनुवादको सबैभन्दा ठुलो योगदान भनेको विश्वबन्धुत्वको प्रवर्धन गर्नु हो। गेन्जलर जस्ता अनुवाद सिद्धान्तविद्का विचारमा अनुवादकहरू दिनानुदिन साँघुरिँदै गइरहेको आजको विश्वको परिप्रेक्ष्यमा आइपर्ने चुनौतीको सामना गर्न सक्षम हुनैपर्दछ। उनी अगाडि भन्छन्-जब संसार बोटमा चाउरिएको सुन्तलाझै खुम्चिन्छ र भिन्नभिन्न संस्कृतिका मानिसहरू अनिच्छा र आशङ्काले छोप्induced पनि एकअर्कासँग नजिकिन बाध्य हुन्छन्, तब आउँदा दिनमा 'अनुवाद गर या मर' नै हाम्रा लागि आदर्शपूर्ण वाक्य हुनेछ। पृथ्वीका हरेक जीवको अस्तित्व परिशुद्ध र निरन्तर अनुवादमा निर्भर हुनेछ। यस कुरालाई हृदयङ्गम गर्दै विल्स भन्छन्–आज हामी भूमण्डलीय युगको संघारमा उभिएका

छौं। आउँदा दिनमा स्थानीय तथा क्षेत्रीय द्वन्द्वहरू मत्थर हुनेछन्। भूमण्डलीय अनुकूलता तथा विश्वबन्धुत्व प्रवर्धनको प्रमुख प्रेरक तत्व गतिशीलता हुनेछ र अनुवादले नै यस गतिशीलतालाई जीवन प्रदान गर्नेछ। बीसौं शताब्दीको आरम्भसँगै विशेष गरी प्रथम र द्वितीय विश्वयुद्धपश्चात् अनुवादले सूचना–प्रविधिको सञ्जालको रूप धारण गर्नुका साथै सञ्चार उद्योगको प्रवर्धनमा महत्वपूर्ण भूमिका खेल्न थाल्यो। अनुवादले भाषालाई कच्चा पदार्थका रूपमा प्रयोग गर्दै आधुनिक उपभोगतावादी समाजलाई एक असीमित बजारको रूपमा लिने गर्दछ। व्यञ्जनसूची, विवरणिका (ब्रोसर), निर्देशिका, कार्यविवरण, शेयरबजार दर, डलरको भाउको तलमाथि, नासाका समाचार, राष्ट्रसङ्घीय प्रस्तावजस्ता अत्यन्त जरुरी सूचनाहरू तत्काल अनुवाद हुने गर्दछन्।

वर्तमान विश्वमा अनुवादको लक्ष्य विशुद्ध मानवीय प्रयोजनतर्फ भन्दा पनि उपभोक्तावादी प्रयोजनबाट निर्देशित भएको देखिन्छ। यस तथ्यलाई मनन गर्दै न्युमार्कले बीसौं शताब्दीलाई अनुवादको युग भनेका छन्। यन्त्रको प्रयोगपश्चात् अनुवाद आज इतिहासकै महत्वपूर्ण मोडमा आइपुगेको छ। विद्युतीय साधनको प्रयोगले गर्दा अनुवाद कार्य तत्काल हुनुका साथै यसको उत्पादन क्षणभरमा नै खपत हुने गर्दछ। न्युमार्कका अनुसार आजको अन्तर्राष्ट्रिय संस्कृति तथा विश्वसाहित्यको युगमा कतिपय अन्तर्राष्ट्रिय लेखकका मूल कृतिभन्दा तिनका अनुवाद चाँडै र धेरै प्रति बिक्री हुने गर्दछन्। यसले अनुवादलाई व्यावसायिकताप्रति उन्मुख गराएको छ। ‘राम्ररी बुझ्न बुझाउन राम्रो सञ्चार’ भन्ने आदर्श वाक्यसँगै आज व्यावसायिक अनुवाद अगाडि बढिरहेको छ। सञ्चार उद्योगको क्षेत्र दिनानुदिन विस्तार भइरहेको छ। यस सन्दर्भमा स्नेल–हर्न्बाईले ‘अनुवाद अध्ययन’ भविष्यको एक महत्वपूर्ण विधा हुने विचार व्यक्त गरेकी छन्। अनुवादको महत्वलाई जोड दिँदै टोपोरोभ अगाडि भन्छन्–अनुवाद संस्कृतिको एक अभिप्रेरक तत्व मात्र नभई संस्कृति प्रवर्धन गर्ने एक विधिका साथै यसको एउटा महत्वपूर्ण सिद्धान्त पनि हो। यो सिद्धान्तले काम गर्न सकेन भने संस्कृति मर्दछ, उपेक्षित हुन्छ वा अर्को संस्कृतिले प्रवेश पाउँछ। उनका अनुसार निम्न दुई चरमबिन्दुबाट टाढै रहेर मात्र कुनै पनि संस्कृतिको निरन्तरता सम्भव हुने गर्दछः

१. पूर्ण एकाकीपन (शून्य अनुवादको अवस्था)
२. उच्च तहको विलयन वा सर्वानुवाद (सर्वानुवादको अवस्था)

माथिका यी दुवै अवस्था कुनै पनि संस्कृतिका लागि लाभदायक हुन सक्दैनन् ।

उत्कृष्ट अनुवादले मात्र यी दुई चरमबिन्दुबीच सन्तुलन स्थापना गर्दछ । केही दशकपहिले युरोपेली समुदायको आयोगले भाषिक विविधताबाट उत्पन्न हुन सक्ने समस्या समाधान गर्ने उद्देश्यले

चारबुँदे प्रस्ताव पारित गरेको थियो । यीमध्ये भाषिक तथा प्राविधिक रूपले दक्ष अनुवादक तथा दोभाषेको तालिम सञ्चालन गर्नु एक प्रमुख उद्देश्य थियो। उक्त आयोगले उस बखत नै अबको विश्वसमाज बहुभाषी हुने कुराको निक्र्यौल गरेको थियो । यस सन्दर्भमा सिंहले महत्वपूर्ण विचार प्रस्तुत गरेका छन् । उनका अनुसार अनुवादको सहायताले भर्खरै विकास हुन लागेका भाषा तथा साहित्यलाई समृद्ध बनाउन सकिन्छ। अनुवादमा चलिआएको बर्सौं पुरानो एकदिशात्मक श्रेणीक्रमको ठाउँमा द्विदिशात्मक प्रक्रिया प्रचलनमा आएको छ। अनुवादको यो द्विपक्षीय प्रवाहबाट दाता र प्रापक दुवै भाषा लाभान्वित हुनेछन्। त्यसैले विकासोन्मुख विशेष गरी अविकसित भाषाको विकासका लागि अनुवादनीयताको नमुनालाई एक सुनिश्चित उपायको रूपमा सिफारिस गरिनुपर्दछ। सिंहले भाषाको प्रविधिका लागि नवशब्दको निर्माणमा भन्दा पनि अनुवादनीयतामा बढी जोड दिएका छन्। त्यस्तै, उनले विकसित विश्वका लागि द्वितीयक अनुवाद एक आदर्श अनुवाद प्रक्रिया भएको ठहर गरेका छन्, किनभने अनुवाद केवल अनुकरण वा प्रतिस्थापन होइन । यो ता मूलतः लक्ष्यभाषा अर्थात् प्रापक भाषामा केही नयाँ कुरा सिर्जना गर्ने प्रक्रिया हो । त्यसैले विद्यार्थीलाई अनुवाद कलाको अभ्यास गराउँदा काव्य, भाषा, सौन्दर्यशास्त्र, तथा मीमांसा–विश्लेषकका विभिन्न पक्षका बारेमा सचेत पार्नुपर्दछ।

८.अनुवाद र राष्ट्रको जिम्मेवार

सिद्धान्ततः अनुवाद दुई दिशात्मक आदान–प्रदान प्रक्रिया हो; यसलाई नयाँ राष्ट्रहरूले अत्यन्तै ग्रहणशील भएर स्विकार्नु पर्दछ, किनभने अनूदित साहित्यको ग्रहणशीलतालाई साहित्यिक अभिरुचि विस्तार गर्ने सूचकाङ्कको रुपमा बुझिन्छ। तर अनुवादलाई कुनै पनि राष्ट्रमा जबर्जस्ती लाद्नुचाहिँ ह्यगोले भनेझैँ आफ्नै विरुद्ध आक्रमण गर्नु हो। मूल कुरो के हो भने अदक्ष अनुवादकले अनुवादको गुणस्तर र विशुद्धता दुवै नष्ट पारिदिन सक्ने भएकाले अनुवाद गतिविधिलाई अनियन्त्रित ढङ्गले मौलाउन दिनु भने हुँदैन । यस सन्दर्भमा निडाले आफ्नो कृति टुवार्डस् अ साइन्स अफ ट्रान्सलेटिङमा एउटा तथ्यलाई यसरी उद्धृत गरेका छन्- अनुवाद एउटा भन्सार कार्यालय हो। यदि भन्सार अधिकृतहरु सचेत भएनन् भने अन्य कुनै पनि भाषिक नाकाबाटभन्दा उक्त कार्यालयबाट बढी भाषिक तस्करी हुने गर्दछ ।

अनुवादकले उल्लिखित भाषाकै कृतिबाट अनुवाद गरे वा अन्य भाषामा अनूदित नवअनुवादको आवश्यकता बृहत् रूपमा हेर्दा सबै मौलिक रचना अनुवाद हुन् र सबै अनुवाद मौलिक रचना। यी दुवैले भाषाको उपयोग गर्दछन् जुन कुरा समयको गतिसँगै परिवर्तन र नाश भएर जाने गर्दछ। अनुवादसम्बन्धी यो अवधारणा विनिर्माणवादीहरूले अघि सारेका हुन्। ओक्टाभिओ पाजले पनि यस अवधारणाप्रति दृढताका साथ सहमति जनाएका छन्। पाजको दृष्टिकोणमा हरेक पाठ÷सिर्जना आफैँमा

अद्वितीय हुनुका साथै यो अन्य कुनै पाठको सिर्जनाको अनुवाद पनि हो। कुनै पनि भाषा पूर्ण रूपले मौलिक हुँदैन किनभने भाषा स्वयम् नै एक अनुवाद हो। यसका दुईवटा कारण छन्। सर्वप्रथम त यो शाब्दिक÷अमौखिक संसारको अनुवाद हो। दोस्रो, हरेक भाषिक सङ्केत र पदावली अर्को भाषिक सङ्केत र पदावलीको अनुवाद हो, तर यस तर्कलाई पूर्ण रूपमा उल्टाएर पनि हेर्न सकिन्छ जसअनुसार सबै कृतिहरू मौलिक हुन्छन्, किनभने अनुवाद एक नयाँ आविष्कार हो र यो लक्ष्यभाषा–समुदायमा एक अद्वितीय कृतिका रूपमा रहने गर्दछ। तसर्थ सबै पाठहरूलाई मौलिक पाठका रूपमा परिभाषित गर्न सकिन्छ।

यहाँ नवअनुवादको आवश्यकताका बारेमा छलफल पनि गरिने छ। वास्तवमा आलङ्कारिक वाणीमा भन्दा अनुवाद गर्ने कार्यलाई पुरानो दियोको ठाउँमा नयाँ दियो जलाउनुको दृष्टान्त दिन सकिन्छ। यही सत्यलाई अर्को दृष्टिकोणबाट हेर्दा प्रत्येक युगले भर्जिल, होरेस, होमर र यस्तै युगान्तकारी सर्जकहरूलाई आफैं खोजिरहनुपर्दछ। यस दृष्टिकोणले हेर्दा हरेक युगका लागि त्यही युग सुहाउँदो अनुवादको आवश्यकता पर्दछ। त्यसैले रोजले साहित्यिक अनुवादलाई कलाबद्ध कला भनेकी छन्। मानिसमा ज्ञान प्राप्तिको अनन्त इच्छा रहेको हुन्छ, त्यसैले ऊ ज्ञानको अनन्त खोजमा लिप्त छ। मानिस समयको गर्भमा पुरिएका वा स्थानविशेषले आफ्नो पहुँचभन्दा टाढा रहेका हरेक रहस्यको उद्घाटन गर्न चाहन्छ । मानिस साहित्यिक कृतिको अनुवाद किन गर्दछ भन्नेबारे अघिल्लो परिच्छेदमा छलफल भइसकेको छ । यसका पछाडि विभिन्न कारणहरू छन्। तीमध्ये केही भाषा, कला र सिर्जनात्मकतामा अन्तर्निहित कारण छन् भने केही राजनीतिक, आर्थिक र सांस्कृतिकजस्ता बाह्य कारण छन्। प्रत्येक शब्द अथवा वाक्य अनूदित हुने प्रतीक्षामा रहेको हुन्छ। धेरैजसो अवस्थामा मौलिक कृति मूलभाषामा नै सदाका लागि लुटपुटिएर रहेको हुन्छ र कालान्तरमा यो त्यसै अप्रचलित भएर लुप्त हुन पुग्छ। यस्ता कृतिका लागि पुनर्व्याख्याको आवश्यकता पर्दछ भने विदेशी भाषाबाट आएका कृतिको हकमा भने पुनर्सिर्जना गर्नुपर्ने हुन्छ ।

समयको अन्तरालसँगै अनुवाद र यसका शैली पनि क्षीण हुँदै जान सक्छन्, तर पाठको सन्देश, विषयवस्तु र मर्म भने सधैं नै स्थिर रहिरहन्छन्। ती कुरा दुर्बोध भाषामा सुषुप्त अवस्थामा रहेका हुन्छन्। यस्ता पाठको सारतत्वको समकालीन जनजिब्रोमा पुनर्व्याख्या गरिनुपर्दछ । पुनरानुवाद सदा निरन्तर रूपमा चल्ने प्रक्रिया भएकाले जहिले पनि खुला परिसरको भित्री भागमा केन्द्रित भई अनुवाद गर्नुपर्दछ। स्याभोरीले भनेझै एक समयमा अस्तित्वमा रहेका अनुवादहरू कालान्तरमा पुराना र अप्रचलित हुन्छन्। कालजयी कलाका रूपमा हरेक पुस्ताको आवश्यकता पूरा गर्न अनुवाद पुनः देखा पर्ने गर्दछ। अनुवादक एक मध्यस्थकर्ता हो र उसले समयको मागअनुसार मध्यस्थताको साधनलाई पुनर्जीवित गराउँछ। साहित्यिक कृतिको मूल सेरोफेरो भाषा हो । भाषा र साहित्य दुवै तत्वको समयानुसार क्षय हुँदै परिवर्तन भइरहने हुनाले अनुवाद पनि परिवर्तन हुने गर्दछ। यसलाई समय र परिस्थितिअनुरूप नयाँ जीवनको

आवश्यकता पर्दछ। त्यसैले फ्रेडेरिक बिल भन्दछन्–अनुवाद गर्दा कुनै कृति वा रचनाविशेषको अनुवादभन्दा पनि त्यस कृतिको मूल मर्म वा सारतत्वको अनुवादमा बढी जोड दिनुपर्दछ। उनको विचारमा कृतिको मूल ऊर्जाको अनुवाद यसरी नै हुनुपर्दछ भनी किटान गर्न सकिंदैन। उनी अगाडि भन्दछन्-अनुवाद आफैमा एक सर्वोत्कृष्ट प्रक्रिया हो, जसद्वारा मौखिक अभिव्यक्तिमा अन्तर्निहित मूल भावनालाई सिधै स्थानान्तरण तथा निरन्तरता दिन सकिन्छ। साहित्यिक कृतिमा यस्ता मानवीय भावनाहरू अति नै सङ्गठित रूपमा रहेका हुन्छन् र यस्ता कृतिहरू सधैं एउटा संस्कृतिबाट अर्को संस्कृतिमा स्वतःस्फूर्त रूपमा आफैँ धकेलिइरहेका हुन्छन्।

भाषा र कलामा अन्तर्निहित ऊर्जाले पुनव्याख्याको गतिशील प्रक्रियालाई अगाडि बढाइरहेको हुन्छ। बाहिरी रूपमा कसले कुन कृति कसरी अनुवाद गर्छ भन्ने कुरा विद्यमान राजनीतिक, आर्थिक र सांस्कृतिक पक्षहरूमा निर्भर रहन्छ । डेरिडाले अनुवादको भाषिक उपयोगिताको पक्षमा बोलेका छन् । उनका अनुसार अनुबाद एक सौहार्दपूर्ण परिपूरक प्रक्रिया हो, जसमा एक भाषाले आफूसँग नभएका कुराहरू अर्को भाषाबाट लिने गर्दछ। यस्तो सौहार्दपूर्ण दोहोरो लेनदेनले भाषाको विकासमा सहयोग पुग्दछ। अनुवाद प्रक्रियासँग सम्बन्धित अन्य तत्वमध्ये सांस्कृतिक तत्वलाई एक महत्वपूर्ण शक्तिको रूपमा लिने गरिन्छ। राफेलको विचारमा सांस्कृतिक एकाकीपन कुनै पनि समाजका लागि अहितकारी हुन्छ। समाजलाई यस जोखिमबाट बचाउनका लागि अनुवादकले सिर्जनात्मक रचनामार्फत अन्य समाजसँग सम्पर्क स्थापना गराउनुपर्दछ।

त्यसैले आत्मसन्तुष्टिका लागि, अरूलाई चिन्नका लागि र आफू पनि चिनिनका लागि एउटै भाषाभित्र तथा दुई भाषाबीच पुनरानुवाद निरन्तर रूपमा चलि नै रहन्छ। राफेलका शब्दमा भन्नुपर्दा यो दुवै पक्षका लागि सफल अनुवादको दण्ड र पुरस्कार हो । निष्कर्षमा के भन्न सकिन्छ भने, अनुवाद अनादि–अनन्त चलिरहने क्रियाकलाप हो र अनुवादको सैद्धान्तिक पक्षले अनुवाद अभ्यासलाई निरन्तरता दिने गर्दछ, तर बुझ्नुपर्ने कुरा के छ भने अनुवादको कुनै एउटा मात्र निश्चित सिद्धान्त छैन।

नोबेल पुरस्कार प्राप्त प्रसिद्ध बङ्गालीभाषी भारतीय कवि रवीन्द्रनाथ टैगोरको कृति गीताञ्जलीका दुईभन्दा बढी अनुवाद देखिए। उनले त बङ्गालीमा लेखी अङ्ग्रेजीमा आफैं अनुवाद गरेका थिए। अनुवादक परिचय कोशमा समेटिएका अनुवादकले कुन भाषाबाट अनुवाद गरे भन्ने तथ्य अस्पष्ट छ । अनिरुद्ध भन्ने प्रविष्टि (पृ. २२) मा ‘धर्मचक्र सूत्र ...विशाषा चरित्रजस्ता अनूदित कृतिहरू प्रकाशित छन्’ लेखिएको छ तर स्रोत भाषा खुलाइएको छैन। त्यसै गरी छविलाल उपाध्याय (७०) मा गुरुपुत्रको स्रोत भाषा उल्लेख गरिएको छैन। यसरी स्रोत भाषा नखुलाई अनूदित कृतिबाट पुनः अनुवाद गरिँदा पाठकले पहिलो अनुवादकै संस्कृतिको बाहुल्यसँग परिचित हुने सम्भावना अधिक हुन्छ ।

९.साहित्यिक अनुवादको प्रकृति र चुनौती

कुनै पनि पाठलाई एउटाबाट अर्को भाषामा अनुवाद गर्दा ती दुई भाषाबीच सन्तुलन कायम गर्नु अत्यावश्यक हुन्छ। अनुवादको क्रममा समतुल्यता (equivalence) लाई अत्यधिक महत्त्व दिइन्छ, तर पूर्ण समतुल्यता भने कुनै भाषामा कहिल्यै सम्भव हुँदैन। व्यावहारिक रूपमा हेर्दा, पूर्ण समतुल्यता प्राप्त गर्ने लक्ष्य अनावश्यक रूपमा जटिल र अप्राप्य हुन सक्छ। यही कारणले ह्यालिडेले अनुवादलाई दुई भाषाबीचको सन्निकटता कायम गर्ने प्रयासको रूपमा परिभाषित गरेका छन्। दार्शनिक दृष्टिकोणबाट हेर्दा अनुवाद भाषामा व्यक्त सन्देशलाई एक संस्कृतिबाट अर्को संस्कृतिमा स्थानान्तरण गर्ने र त्यसको निरन्तरता दिने मानवीय चाहनाको अभिव्यक्ति हो।

सङ्क्षेपमा भन्नुपर्दा, अनुवादलाई विधा, प्रयोजन, प्रयोग हुने माध्यम, लक्षित पाठक, भाषा र दर्शन आदिका सन्दर्भमा विभिन्न तरिकाले परिभाषित गर्न सकिन्छ। साहित्यिक अनुवाद, विशेषतः काव्यिक अनुवाद, भाषाविज्ञहरूको आलोचनाको केन्द्रमा परेको थियो, किनभने उनीहरूले साहित्यिक भाषालाई 'विचलनयुक्त' र 'वस्तुनिष्ठता–विहीन' ठानेका थिए। यसकारण लामो समयसम्म साहित्यिक भाषा भाषाविज्ञानको विधाभित्र समेटिन सकेन। तर युरेल वेनरिखजस्ता समालोचकहरूले अर्थवैज्ञानिक सिद्धान्तहरूले साहित्यिक भाषाको समग्र पक्ष समेट्न नसक्ने भएकाले यस क्षेत्रमा नयाँ दृष्टिकोणको आवश्यकता औंल्याए।

साहित्यिक अनुवादमा, विशेषतः काव्यिक अनुवादमा, लेखकद्वारा सिर्जित भाव, शैली, लय र संरचनालाई लक्षित भाषामा पुनः सिर्जना गर्नु मुख्य चुनौती हो। अनुवादक र समालोचकबीचको भिन्नता उल्लेखनीय छ—जहाँ समालोचक लेखक र पाठकबीच मध्यस्थता गर्छन् भने अनुवादक नयाँ भाषामा समतुल्य कृति सिर्जना गर्छन्। यसरी, साहित्यिक अनुवाद मौलिक कृतिमा अन्तर्निहित यथार्थताको कलात्मक प्रतिविम्ब हो। तर पूर्ण प्रतिरूप सम्भव नहुने भएकाले सधैं सन्निकटता नै लक्ष्य हुनुपर्छ।

अन्य अनुवाद प्रकारहरूको तुलनामा साहित्यिक अनुवाद उच्च कोटीको र कठिनतम मानिन्छ। एक लोकप्रिय भनाइ अनुसार—साहित्यिक अनुवाद सिद्धान्तले प्राविधिक अनुवाद सिद्धान्तलाई समेट्न सक्छ, तर यसको उल्टो प्रक्रिया भने सम्भव हुँदैन। यही कारणले समालोचकहरूले साहित्यिक अनुवादका लागि अलग र विशिष्ट सिद्धान्तको आवश्यकता औंल्याएका छन्। लिफेभरका अनुसार सन् १९७० को दशकसम्म पनि साहित्यिक अनुवाद अस्पष्ट र विषयपरक अवधारणाहरूमा सीमित थियो। पछिल्लो तीन दशकदेखि मात्र यसलाई एक स्वतन्त्र विधा र सृजनशील अभ्यासको रूपमा ग्रहण गर्न थालिएको हो।

साहित्यिक अनुवादमा सौन्दर्यपरक मूल्यको विशेष महत्त्व रहन्छ। अनुवादकले मूल कृतिको शैली, भावना र प्रयोगार्थक पक्षलाई पनि ध्यानमा राख्नुपर्छ। कतिपय शब्दहरूको अर्थ पाठको सन्दर्भमा

मात्र स्पष्ट हुन्छ, जसको अर्थ शाब्दिक नभई गहिरो, भावनात्मक, र सांस्कृतिक हुन्छ। यस्तो अवस्थामा भाषिक अर्थभन्दा पनि प्रयोगजन्य व्याख्या महत्त्वपूर्ण हुन्छ।

१०. भाषिक, सांस्कृतिक र राजनीतिक पक्ष

डेरिडा भन्छन्—अनुवाद एक सौहार्दपूर्ण परिपूरक प्रक्रिया हो, जसमा एक भाषा अर्को भाषासँगको अन्तरक्रियाबाट आफूलाई समृद्ध बनाउँछ। अनुवादले भाषाको विकास मात्र होइन, संस्कृतिको आदान–प्रदानमा पनि उल्लेखनीय भूमिका खेल्दछ। राफेलका अनुसार, सांस्कृतिक एकाकीपन समाजको लागि हानिकारक छ, र त्यसबाट बच्न अनुवाद अत्यन्त जरुरी हुन्छ।

व्यावहारिक पक्ष र कमजोरीहरू

१. अनुवाद गरिएको कृतिको स्रोत वा लक्ष्य भाषा खुलाइएको छैन।
२. केही प्रविष्टिमा सम्पर्क जानकारी, प्रकाशन मिति, वा प्रकाशकको नाम छैन।
३. अनूदित कृतिको शीर्षक लक्ष्य भाषामा नहुँदा पाठक अन्योलमा पर्छन्।
४. अनुवादकले कुन भाषाबाट अनुवाद गरे भन्ने जानकारी अस्पष्ट रहेको हुन्छ।
५. अनुवादक परिचय कोशको संरचना--उक्त कोश ९ वटा शीर्षकअन्तर्गत विभाजित छ।

प्रमुख शीर्षकहरू:

१. एक अनुवादक संलग्न भएका कृतिहरू
२. एकभन्दा बढी अनुवादक संलग्न कृतिहरू
३. स्रोत भाषा नखुलेका कृतिहरू
४. लक्ष्य भाषा अस्पष्ट भएका कृतिहरू
५. सहअनुवादका कृति

१२.सार

नेपाली उपन्यास साहित्यको सुरुआत आदर्शोन्मुख यथार्थवादबाट भएको मानिन्छ। दानबहादुर शाहको ‘रूपमती’ उपन्यासले आधुनिक नेपाली उपन्यासको आधारशिला राख्यो। १९३४ देखि १९५८ सम्म आदर्शवादी र स्वच्छन्दतावादी प्रवृत्तिले नेपाली उपन्यासमा गहिरो प्रभाव पारे। त्यसपछि पारिजातको ‘शिरिषको फूल’ र इन्द्रबहादुर राईको ‘आज रमिता छ’ जस्ता कृतिहरूले नेपाली उपन्यासलाई आधुनिक मोडतर्फ अघि बढाए। लैनसिंह बाङ्गदेलले समाजवादी यथार्थको माध्यमबाट नेपाली समाजका विविध पक्षहरू उजागर गरे। २०२० सालपछि मनोविश्लेषणात्मक तथा आत्मविश्लेषणात्मक उपन्यासहरूको प्रवृत्ति देखा पर्‍यो। समकालीन उपन्यासहरूमा यथार्थ, अस्तित्व, राजनीतिक चेतना र मनोविज्ञानका पाटाहरू समावेश छन्। साथै, भाषाशैली, शिल्प, संरचना, विम्ब र प्रतीकको प्रयोगमा पनि विविधता देखिन्छ। २०४६ सालपछिका उपन्यासहरूमा राष्ट्रिय चेतना, सीमा,

प्रवास, अस्मिता र विश्वीयताका मुद्दाहरू प्रमुख बनिरहेका छन्। समग्रमा, नेपाली उपन्यास साहित्यले नेपाली समाजको यथार्थ, परिवर्तनशीलता र सम्भावनाहरूलाई उजागर गर्दै आएको छ।

११.केही नमूना प्रश्नहरूः

१. अनुवाद अध्ययन पदावलीको उत्पत्ति र विकासलाई आन्द्रेइ लिफेभर र जेम्स होम्जका विचारको सन्दर्भमा कसरी व्याख्या गर्न सकिन्छ?

२. न्युमार्क, नाइडा, विल्स, ब्रिस्लिन, र श्रीवास्तव आदिले अनुवादको परिभाषा कसरी गरेका छन् र तिनीहरूको दृष्टिकोणबीच के–के समानता र भिन्नता पाइन्छ?

३. काव्यिक अनुवाद अन्य प्रकारका अनुवादभन्दा किन कठिन र जटिल मानिन्छ? उदाहरणसहित स्पष्ट पार्नुहोस्।

४. अनुवादले भाषिक, सांस्कृतिक र दार्शनिक दृष्टिले मानव समाजलाई के–के योगदान पुर्याएको छ? ऐतिहासिक दृष्टान्तहरू समावेश गरी वर्णन गर्नुहोस्।

५. साहित्यिक भाषाको प्रयोगलाई भाषाविज्ञानले प्रारम्भमा किन तिरस्कार गर्यो? समालोचकहरूले यसप्रति कसरी पुनर्विचार गरे?

६. अनुवादको क्रममा 'समतुल्यता' कति महत्वपूर्ण छ र पूर्ण समतुल्यता किन सम्भव नहुने भनिएको छ? यसमा ह्यालिडे र बेलिटका तर्कहरूलाई समावेश गर्नुहोस्।

७. अनुवाद प्रक्रियामा अनुवादकलाई के–कस्ता सृजनात्मक स्वतन्त्रता दिइन्छ र किन? बेलिट र डड्ली फिटका विचारका आधारमा स्पष्ट गर्नुहोस्।

८. अनुवाद अध्ययनलाई 'अनुवादकको सुनौलो युग' किन भनिएको छ? समकालीन साहित्यकारहरूको अनुवाद कार्यका उदाहरणद्वारा उत्तर दिनुहोस्।

९. नवअनुवादको आवश्यकता किन देखिन्छ? समय, स्थान र सामाजिक सन्दर्भको परिप्रेक्ष्यमा व्याख्या गर्नुहोस्।

१०. अनुवादले विश्वसाहित्यको विकासमा खेलेको भूमिकालाई कसरी मूल्याङ्कन गर्न सकिन्छ? अनुवादकको कर्तव्य, स्रोत भाषा र लक्षित भाषाबीचको सम्बन्ध सन्दर्भमा स्पष्ट गर्नुहोस्।

प्रश्न ९:ओक्टाभिओ पाजका अनुसार, अनुवादलाई एक नयाँ सिर्जना मानिन्छ। यस दृष्टिकोणलाई तपाईं कसरी व्याख्या गर्नुहुन्छ? अनुवादलाई मौलिक कृति मान्न सकिन्छ भन्ने विचारसँग तपाईंको सहमति वा असहमतिका कारण के हुन्?

प्रश्न १०:अनुवादको दार्शनिक पक्षमा स्याभोरीको भनाइ अनुसार, पुरानो अनुवादको स्थानमा नयाँ अनुवाद आवश्यक पर्न सक्छ। यस सन्दर्भमा अनुवादकको भूमिका के हो र समय र समाजका बीच अनुवादले कसरी पुलको काम गर्दछ?

१२. थप अध्ययनका लागि सन्दर्भ-सामग्री

1. **Holmes, James** (1988). *Translation Studies*. London: Routledge.
2. **Nida, Eugene & Taber, Charles** (1969). *The Theory and Practice of Translation*. Leiden: Brill.
3. **Venuti, Lawrence** (1995). *The Translator's Invisibility: A History of Translation*. London: Routledge.
4. **Reiss, Katharina** (1971). *The Science of Translation*. Tubingen: Gunter Narr Verlag.
5. **Ricoeur, Paul** (2006). *On Translation*. London: Routledge.
6. **Nida, Eugene A.** (1964). *Towards a Science of Translating*. Leiden: Brill.
7. **Millán, Carmen & Bartrina, Francesca** (2013). *The Routledge Handbook of Translation Studies*. London: Routledge.
8. अधिकारि, बलराम,“अनुवाद प्रणाली।” नेपाल प्रज्ञा–प्रतिष्ठान, कमलादीमा प्रकाशित अनुसन्धान प्रतिवेदन, २०७०।

-------------------------------x--------------------------------------

एकाइ ४

नेपाली अनुवादको इतिहास र प्राथमिक चरणको अनुवाद

१. प्रस्तावना

नेपाली साहित्यको विकासक्रममा अनुवादले एउटा महत्वपूर्ण स्थान ओगटेको छ। नेपाली भाषामा देखापरेका प्रारम्भिक चरणका अनुवादहरूको इतिहास र त्यसको विकासको अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ। विशेषतः डा. माधव प्रसाद पोखरेलको प्रमुख सम्पादकत्वमा प्रकाशित '*जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास* को दोस्रो खण्ड (विसं १९७६) बाट साभार गरी प्रसङ्गहरू सन्दर्भ सामग्रीका रूपमा समेटिएका छन्।

यस खण्डमा विद्यार्थीहरूले जान्नैपर्ने आधारभूत ऐतिहासिक तथ्यहरूलाई हुबहु वा संक्षिप्तीकृत रूपमा समावेश गरिएको छ, जसले नेपाली अनुवाद परम्पराको विकासक्रम बुझ्न सघाउ पुऱ्याउँछ। यहाँ तिथिमिति विक्रम संवत प्रयोग बएको छ यसलाई इस्वीमा बुज्न ५७ घटाउँदा हुन्छ।

२. उद्देश्य

नेपाली भाषा र साहित्य अध्ययन गर्ने विद्यार्थीहरूका लागि नेपाली अनुवादको इतिहासको जानकारी अनिवार्य ठानिएको छ। तर यो इतिहास अत्यन्त विस्तृत, बहुपरिप्रेक्ष्यीय र कालानुक्रमिक भएकोले यस सामग्रीमा मुख्यतः प्रारम्भिक काल अर्थात् संस्कृत स्रोतको प्रभावमा विकसित भएको पाली तथा संस्कृत ग्रन्थहरूको अनुवाद परम्परालाई केन्द्रमा राखिएको छ।

यसबाट विद्यार्थीहरूले नेपालमा अनुवाद परम्पराको आरम्भ, त्यसका प्रमुख स्रोत भाषा, शैलीगत प्रवृत्ति, अनुवादकहरूको भूमिका र त्यसको ऐतिहासिक प्रभावका बारेमा प्रारम्भिक सैद्धान्तिक आधार तयार गर्न सकून् भन्ने मुख्य उद्देश्य राखिएको छ।

विस्तारमा कुरा गरिने विषयहरू:

१.प्रारम्भिक अनुवादको सन्दर्भ र पृष्ठभूमि – नेपालीमा अनुवाद किन र कसरी सुरु भयो भन्ने ऐतिहासिक पृष्ठभूमि।

२. स्रोत भाषाहरूको पहिचान – संस्कृत र अङ्ग्रेजीको प्रारम्भिक प्रभाव।

३. अनुवादको विधा र प्रवृत्ति – धार्मिक, साहित्यिक, औषधोपचार, नीति–दर्शन, काव्य आदिको अनुवाद।

४. महत्त्वपूर्ण अनुवादक र कृतिहरू – भानुभक्त, शिववल्लभ उपाध्याय, जयदेवकृत गीतगोविन्द आदिको अनुवाद विवरण।

५. अनुवाद र अनुसृजनाको अन्तर – प्रारम्भिक चरणमा देखा परेको सिर्जनात्मक परिष्करणको अभ्यास।

६. अनुवादको सामाजिक–धार्मिक प्रयोजन – धर्मप्रचार, ज्ञानवृद्धि र नैतिक शिक्षाका लागि अनुवादको प्रयोग।

यस शैक्षिक सामग्रीले नेपाली अनुवाद साहित्यको आधार तयार गर्ने प्रयत्न गर्छ। विद्यार्थीहरूले यस माध्यमबाट प्रारम्भिक नेपाली अनुवाद परम्पराको ऐतिहासिक महत्व र त्यसको समसामयिक सन्दर्भमा सम्बन्ध स्थापना गर्न सक्नेछन्।

नेपालमा अनुवादले लामो परम्परा बोकेको छ, तर यस क्षेत्रको इतिहास भने झण्डै शून्यजस्तै देखिन्छ। यहाँ अनुवाद परम्पराभित्रले चलिआएको अनुवाद कार्यलाई बुझिन्छ, अर्कोतर्फ अनुवाद इतिहासभित्रले अनुवाद कार्यहरूको लिखित अभिलेखकरणलाई बुझिन्छ।

नेपालमा अनुवाद कार्यको प्रारम्भ कहिलेदेखि भयो भन्ने यकिनका साथ भन्न सकिने अवस्था भने छैन। अनुवादको आरम्भबिन्दुको अनुमानका लागि नेपाली भाषाको उत्पत्ति, विस्तार र यस भाषाको अन्य भाषासँगको सम्पर्कको सहारा लिनु पर्ने हुन्छ। परापूर्वकालदेखि नै आय, भोटभाषा, डोटेली, अपभ्रंश जस्ता विविध परिवारका भाषाहरूको प्रयोग हुँदै आएको यस बहुभाषिक भूमिमा मौखिक अनुवाद दैनिक जीवनको अभिन्न अङ्गका रूपमा रहेको थियो भन्ने अनुमान लगाउन सकिन्छ। आज पनि यो अन्तरभाषिक कार्यव्यापार कायम नै छ। एउटै व्यक्तिले दुई–तीन भाषाको प्रयोग गर्ने, दोभाषेको माध्यमबाट भिन्न भाषीहरूसँग विचार आदानप्रदान गर्ने र बोलचालका दुई वा सोभन्दा बढी भाषाका शब्दहरू मिश्रण गर्ने अवस्थालाई नेपाली समाजको सामान्य भाषिक कार्यव्यवहारका रूपमा लिन सकिन्छ। यसको तात्पर्य, बहुभाषिकतासँगै नेपाली समाजमा अनुवादको व्युत्पत्ति भएको मान्न सकिन्छ। ऐतिहासिक विश्लेषणका लागि लेख्य सामग्रीहरूको सहयोग लिनु पर्ने हुँदा यस

अध्ययनमा मौखिक अनुवादलाई समेटिएको छैन। यसको तात्पर्य, यहाँ अनुवाद अन्तर्गत लेख्य माध्यम हुँदै आएको अन्तरभाषिक प्रक्रिया मात्र समेटिएको छ।

३. नेपाली अनुवादको काल निर्धारणको समस्या

नेपालमा अनुवाद कहिलेदेखि सुरु भयो भन्ने निश्चित गर्न नसकिनुका पछाडि धेरै कारणहरू छन्। यीमध्ये प्रमुख कारणहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ:

२.१.१ अनूदित कृति या मौलिक कृति?

नेपालमा अनुवाद र मौलिक लेखनबीचको विभाजन धुमिल छ। कतिपय अवस्थामा अनूदित कृतिहरूले मौलिक लेखनकै पहिचान र प्रतिष्ठा पाएका छन्। उदाहरणका लागि, भानुभक्तकृत रामायणलाई लिन सकिन्छ। सामान्य पाठकका लागि आजभोलि भानुभक्त आचार्य रामायणका रचयिता हुन्। यसको अर्थ, नेपाली रामायण संस्कृतको अयोध्याकाण्डको अनुवाद भए पनि मौलिक रचना हो। रामायणले भानुभक्तलाई अनुवादक नभई मौलिक कविका रूपमा चिनाएको छ। तर समालोचक टानासं सार्तो भन्ने भानुभक्तको रामायण अनुवाद मात्र हो भन्ने तर्क अझै चलिरहेको छ। भानुभक्तले रामायणमार्फत आजसम्म कायम रहेको सशक्त पहिचान र स्थानलाई टानासं समालोचकले यसरि चुनौती दिएका छन्, ‘‘रामायण भानुभक्तको मौलिक कृति होइन, अनुवाद मात्र हो। साधारण वा असाधारण जे भए पनि अनुवादलाई पनि मौलिक लेखकको तुलनामा उच्च स्थान दिनु कठिन नै हुन्छ।’’ (२०५०, पृ. १३)

२.१.२ अनुवादमा अनुसरण भएको विधि

अनुवादमा अनुसरण भएको विधिले पनि अनुवाद र मौलिक लेखनबीचको भेद धुमिल बनाएको छ। अर्कै भाषामा लेखिएको विषयवस्तुलाई आधार मानेर आफ्नै परिवेशमा अनुकूलन गरिएको कृतिलाई अनुवादमा कि मौलिक लेखन भनेर के भन्ने भन्ने विषयमा आ-आफ्ना तर्क छन्। पहलमानसिंह स्वारको ‘अटलबहादुर’ नाटक यसको एउटा उदाहरण हो। इतिहास शिरोमणि बाबुराम आचार्य र समालोचक इन्द्रचन्द्र शाहीले स्वारको यस नाटकलाई अनुवादका रूपमा प्रस्तुत गरेका छन्। बाबुराम आचार्यको विचारमा यो नाटक अंग्रेज नाटककार विलियम शेक्सपियरको चर्चित नाटक ‘हेम्लेट’ को भावानुवाद हो। समालोचक इन्द्रचन्द्र शाहीले पनि ‘अटलबहादुर’ नाटकलाई अनुवादको दर्जा दिँदै यस्तो विचार प्रकट गरेका छन्, ‘‘अटलबहादुरमा मौलिकताको छाप एकदमै छैन। यसको

कथानक डेनमार्कका राजकुमार हेम्लेटको कथासँग मिल्दोजुल्दो छ।" (२०५०, पृ. १९) अर्कोतर्फ समालोचक टानासं सार्तो भने आचार्य र शाही दुवैका विचारसँग पूर्णतः असहमत छन्। उनी भन्छन्, "नाटक लेख्ने पद्धति पाश्चात्य प्रणालीलाई आधार मानिए पनि 'अटलबहादुर' नेपाली साहित्यको अमूल्य निधि हो। यो नेपाली भाषामा लेखिएको पहिलो प्रयोगात्मक र मौलिक नाटक हो।" (२०५०, पृ. १७)

यस किसिमको मतभेदले अनुवादलाई मौलिक लेखनबाट अलग्याउन कठिन बनाएको छ।

३.१ प्रकाशित मिति तथा उल्लिखित प्रमाणको अभाव

कतिपय अनूदित कृतिमा अनुवादको मिति उल्लेख छैन। उल्लिखित मितिमा पनि एकरूपता देखिँदैन। 'भारतवर्ष', 'खण्डखाद्यक', 'मुक्ता रत्न', 'गीतगोविन्द' जस्ता कृतिहरूको अनुवाद मिति फरक फरक ठहरिएको पाइन्छ। उदाहरणको रूपमा, दयाराम थापाले 'भारतवर्ष' को अनुवाद सन् १४५७ मा भएको अनुमान गरेका छन् (२०६३, पृ. ११७), भने बालकृष्ण पोखरेलले १३९० तिरको समयलाई मानेका छन् (२०६२, पृ. ६९)। त्यसैगरी, खण्डखाद्यकको अनुवादकाल कसैले १४५० पूर्व (पोखरेल), कसैले १६६८ (थापा) भनेका छन्।

३.२. नेपाली साहित्यको इतिहासमा अस्पष्टता

सामान्यतः अनुवादको इतिहास मौलिक लेखनको इतिहाससँगै सुरु भई अगाडि बढेको हुन्छ। तर नेपालमा साहित्यको इतिहास विस्तृत र व्यवस्थित भइसकेको छैन। काल विभाजन, आधार, कालगत लेखनका मूल प्रवृत्ति आदिबारे अझै स्पष्ट राय छैन। यसै कारणले अनुवादको इतिहास लेखन कार्य कठिन भएको छ।

३.२ अनुवाद अध्ययन र अनुसन्धानको अभाव

नेपालमा अनुवादको अध्ययन–अनुसन्धान प्रारम्भिक चरणमै रहेको छ। विश्वविद्यालयहरूमा अनुवादको क्षेत्रमा अनुसन्धान हुन थालेको करिब डेढ दशक मात्र भएको छ। हालसम्म भएका अनुसन्धानहरू समकालीन ढाँचामा मात्र छन्। ऐतिहासिक पक्षलाई समेटेर कुनै अनुसन्धान भएको देखिँदैन। अनूदित कृतिहरूको तथ्याङ्क राख्ने कुनै निकायको स्थापना पनि भएको छैन। एकातर्फ

अध्ययन अनुसन्धानको अभाव, अर्कोतर्फ अनुवादको व्यवस्थित तथ्याङ्क समेत नहुनु अनुवादको इतिहास लेखन कार्यलाई चुनौतीपूर्ण बनाएको छ।

४. नेपालमा अनुवादको ऐतिहासिक सर्वेक्षण

नेपालीमा अनुवादको इतिहास आरम्भ कहिलेबाट भएको हो भनेर पहिलोपटक माधवलाल कमाछाय र ईश्वरमान रिजालकारले सन् १८५५ लाई आरम्भ बिन्दु मानेका छन्। कमाछाय र रिजालकारद्वारा सम्पादित *अनुवाद स्रोतसञ्चय* (२०५८) ले सन् १८५५ मा अनूदित 'हास्यकदर्पण'लाई नेपालमा अनुवाद भई आएको पहिलो साहित्यिक कृतिका रूपमा प्रस्तुत गरेको छ। सम्पादकद्वयले नेपालमा उपलब्ध भएको पहिलो साहित्यिक कृतिको अनुवाद मितिलाई आधार मानेका छन्।

'हास्यकदर्पण'को अनुवादपूर्व नै संस्कृत वाङ्मयबाट साहित्यिक र साहित्यिक महत्त्वका कृतिहरूको अनुवाद भएको देखिन्छ। यस्ता कृतिहरूको अनुवादको जगमा नै नेपालमा अनुवाद र नेपाली साहित्यको विकास भएको हुनाले, नेपालमा अनुवादको इतिहास खोतल्न *हास्यकदर्पण* भन्दा अगाडि जानु आवश्यक देखिन्छ।

नेपालमा अनुवादको आरम्भ बिन्दु पहिल्याउने प्रयत्नमा गोविन्दराज भट्टराई १३०७ सालसम्म पुगेका छन्। भट्टराईले आफ्नो विधिवत अनुसन्धानमा नेपालमा अनुवादको इतिहासलाई व्यवस्थित गर्न प्रयास गरेका छन्। उनले अनुवादको करिब ७०० वर्ष लामो समयसीमा निर्धारण गरेका छन्। यस कालखण्डलाई उनले निम्न तीन चरणमा विभाजन गरेका छन्:

१. प्रारम्भिक काल (१३०७–१९२३)

२. विकास काल (१९२४–२००७)

३. वर्तमान काल (२००८–)

गोविन्दराज भट्टराईको अध्ययनमा नेपाली भाषा र साहित्यको विकास, नेपाली साहित्यमा देखिएका प्रवृत्तिगत परिवर्तनहरू र राजनीतिक परिर्वतनलाई मुख्य आधार बनाइएको छ। वर्तमान काल अन्तर्गत २००८ सालदेखि २०५४ सालसम्मको समयलाई समेटिएको छ। यसको अर्थ उनको अनुसन्धानमा २०५४ पछिको नेपालमा अनुवादका गतिविधिहरूको उल्लेख गरिएको छैन।

पछिल्ला १८ वर्षमा नेपालमा अनुवादको क्षेत्रमा परिमाणात्मक र गुणात्मक दुवै प्रकारले परिवर्तन भएको छ। नेपालमा अनुवादको सैद्धान्तिक र व्यवहारिक दुवै क्षेत्रमा उल्लेखनीय विस्तार भएको छ।

बलराम अधिकारीले नेपाल प्रज्ञा–प्रतिष्ठान अन्तर्गत सम्पन्न गरेको अनुसन्धान *अनुवाद सैद्धान्त* (२०७०) ले भट्टराईको यही काल विभाजनलाई मुख्य आधार मानेर नेपालमा अनुवाद इतिहासलाई पुनः संरचना गरेका छन्:

१. प्रारम्भिक काल (१३९०–१९२३)

२. विकास काल (१९२४–२००७)

३. आधुनिक काल (२००८–२०५८)

४. समसामयिक काल (२०५९–)

यो काल विभाजन विस्तृत र प्रचलनमा आएको देखिन्छ। यद्यपि १३०७ लाई प्रारम्भिक कालको आरम्भ बिन्दु मान्नु यथेष्ठ देखिँदैन। यस मितिमा न त कुनै कृति नेपालमा अनुवाद भई आएको देखिन्छ, न त अनुवादको क्षेत्रमा कुनै महत्त्वपूर्ण घटना घटेको देखिन्छ। अतः यस अनुसन्धानमा *भारतवर्ष* अनुवाद भएको समयावधिलाई नेपालमा अनुवादको थालनी बिन्दुको रूपमा लिइएको छ। *भारतवर्ष* को अनुवाद मितिमा पनि मतभेद छन्, तथापि बालकृष्ण पोखरेलको अनुसन्धानले १३९० सालको आसपासमा यस कृतिको अनुवाद भएको जनाएको छ। त्यसैले यही मितिलाई आधार मानिएको छ।

अनुवादका यी चार चरणको निर्धारण गर्दा नेपालमा भाषा र साहित्यको विकासक्रम र राजनीतिक परिर्वतनलाई मुख्य आधार मानिएको छ। अनूदित पाठको प्रकृति, अनुवादको प्रयोजन, संलग्न स्रोत भाषा, अनुवादात्मक प्रवृत्ति आदिलाई केन्द्रमा राखी प्रत्येक चरणको प्रवृत्तिगत विश्लेषण गरिएको छ।

५. प्रारम्भिक काल

नेपालमा भाषाको लेखनको आरम्भ अभिलेखहरुमार्फत भएको हो। प्राचीन नेपालमा उपलब्ध कुन अभिलेखलाई सबैभन्दा पुरानो मान्ने भन्ने विषयमा आ–आफ्नै मत रहिआएको छ। उदाहरणका लागि—दामुपालको १०३८ सालको शिलालेख, वामुखड्काको ११५१ सालको अभिलेख, अशोक चालको १३१२ सालको ताम्रपत्र, १३९३ को आपाढराज पुण्यमल्ल रायको ताम्रपत्र, र १४१३ को

जुम्लाको कनकपत्र आदिलाई नेपाली भाषामा उपलब्ध प्रमुख प्राचीन अभिलेखका रूपमा लिन सकिन्छ। यी प्राचीन अभिलेखहरू अन्य भाषाका अनुवाद होइनन्।

प्राचीन अभिलेखकालमा कुनै पनि अभिलेखमा अनुवाद भएको देखिँदैन। त्यसैले प्रथम अभिलेखदेखि शास्त्र निर्माणको थालनी नभएसम्मको अवधि ‘प्राचीन अभिलेखकाल’ अन्तर्गत राख्न सकिन्छ। नेपालको अनुवाद परम्पराको थालनी प्राचीन अभिलेखकालको अन्त्यतिर वा शास्त्रीय लेखनकालको सुरुवात (सन् १५५० तिर) बाट भएको देखिन्छ। *भारतवर्ष* लाई नेपालमा अनूदित पहिलो कृतिका रूपमा लिइन्छ। संस्कृत भाषामा लिखित यस कृतिको अनुवादको मिति यकिन गर्न सकिएको छैन। यसको अनुवादक पनि अज्ञात नै छन्।

श्रीचन्द्रशेखर शर्मा, भट्टराई र घटराज भट्टराईका अनुसार *भारतवर्ष* को दोस्रोपटक अनुवाद सन् १८३६ मा भएको देखिन्छ, जसका अनुवादक लक्ष्मीपति पाण्डे हुन्।

भारतवर्ष को अनुवादबाट सुरु भएको प्रारम्भिक कालको प्रवाह सन् १९२० तिर आएर परिवर्तन नभएको पाइन्छ। करिब पाँच सय वर्षको यस अवधिमा भएका अनुवादहरूको सङ्ख्या हेर्दा प्रारम्भिक काल तुलनात्मक रूपमा शिथिल देखिन्छ। तथापि, नेपालमा अनुवाद परम्पराको जरो यसै कालमा गडिएको हुनाले, यो काल उल्लेख नगरी नेपालमा अनुवादको ऐतिहासिक परिचर्चा अपूरो रहन्छ।

श्रीहरिवल्लभ उपाध्याय, भानुभक्त आचार्यजस्ता सर्जक–अनुवादकहरू यसै कालमा उदाएका हुन्। यद्यपि साङ्ख्यिक र साहित्यिक दृष्टिले यो काल सशक्त देखिँदैन तापनि यस कालका अनुवादहरूका आफ्नै ऐतिहासिक महत्व छन्। यस सन्दर्भमा शर्मा र भट्टराईले भनेका छन्—“संस्कृततर्फको झुकावका कारण नेपालमा साहित्य रच्ने कार्य उतारचढावयुक्त रह्यो। व्यवहारपरक शास्त्रीय कृतिहरूको अनुवाद पक्कै भएको मान्न सकिन्छ।” (२०६१, पृ. ७)

यस कालका अनुवाद प्रवृत्तिबारे चर्चा गर्दा तत्कालीन राजनीतिक, भाषिक र साहित्यिक पृष्ठभूमिको उल्लेख गर्नुपर्छ।

नेपाल राज्यको एकीकरण यस कालको सबैभन्दा महत्त्वपूर्ण राजनीतिक उपलब्धि हो। यसको प्रभाव हिमालदेखि तराईसम्मका सबै भाषाहरूमा परेको देखिन्छ। एकीकरणपूर्व नेपाली भाषा जातीय वा क्षेत्रीय भाषाको रूपमा रहेको थियो। खस, पर्वते, गोर्खाली आदि नामले चिनिने भाषाले एकीकरणपश्चात ‘राष्ट्रिय भाषा’ को दर्जा पायो। यस भाषाले राज्यको संरक्षण पायो र राष्ट्रियस्तरबाट

यसको समृद्धिका लागि विभिन्न पहलहरू हुन थाले। भाषाको संवर्द्धन, साहित्यको विस्तार र व्यवहारपरक ज्ञानको संग्रहमा मौलिक लेखन र अनुवाद दुवै कार्य समान रूपमा अघि बढ्न थाले।

अनुवादका लागि संस्कृत वाङ्मय मुख्य स्रोतका रूपमा रहेको थियो। संस्कृतबाट साहित्यिक र व्यवहारिक दुवै खालका शास्त्रहरूको अनुवाद हुने गर्थ्यो।

५.१ साहित्यिकेतर अनुवाद

प्रारम्भिक कालका अनुवाद विशेष गरी साहित्यिकेतर शास्त्रहरूमा केन्द्रित थिए। शर्मा र भट्टराई (२०६१) ले साहित्यिकेतर कृतिहरूलाई दोस्रो कोटिमा र साहित्यिक कृतिहरूलाई पहिलो कोटिमा राखेका छन्। उनीहरूका अनुसार, यस्ता कृतिहरूको "मुख्य चासो शासन, ज्योतिष, औषधि, दर्शन, धर्म, आचार–विचार वा नियम–निषेधसँग सम्बन्धित हुन्छ।" यस्ता शास्त्रहरूले तत्कालीन समाजको व्यवहारिक आवश्यकताहरू पूर्ति गर्ने प्रयोजन राख्थे।

उदाहरणका लागि—प्रथम अनूदित शास्त्र *भारतवर्ष* ज्योतिषशास्त्रसँग सम्बन्धित छ। यसमा मूल संस्कृत र नेपाली अनुवाद सँगसँगै दिइएको छ (शर्मा र श्रेष्ठ, २०६४, पृ. ९)।

त्यसपछिका अनुवादित प्रमुख ज्योतिष ग्रन्थहरूमा 'खण्डखाद्यक' (अनुवादक अज्ञात, सन् १६४८), 'षडुदयान्त' (सन् १६४८), 'पञ्चपत्तरलिखे' (सन् १६६८) पर्दछन्। त्यसैगरी, औषधसम्बन्धी ग्रन्थहरूमा 'बाज परेस्ता' (सन् १७०० तिर), 'लक्षणसागर' (जस्वन्तसिंह, सन् १७४९), 'चिकित्साविशारद' (वाणीवलास ज्योतिषविद्, सन् १७७३), 'अर्जुन र मञ्जरी' (गङ्गावर्धन श्रेष्ठ, सन् १८०९; अनुवाद लीलानाथबर, सन् १८२१) आदिका अनुवाद पाइन्छन्।

आचार, विचार, नीतिशास्त्र र दर्शनसँग सम्बन्धित कृतिहरूमा 'नृपनीति', 'धर्मवेदान्त', 'राजधर्म', 'चाणक्यसारसङ्ग्रह' आदिको नाम लिन सकिन्छ।

यी सबै कृतिहरू संस्कृतबाट अनूदित हुन् र यी प्रायः धर्म, औषध, ज्योतिष तथा नीतिशास्त्रसँग सम्बन्धित छन्। यसबाट नेपालका जनसमुदायले अनुवाद कार्यलाई व्यवहारिक ज्ञानको साधनका रूपमा उपयोग गरेको देखिन्छ।

५.२ साहित्यिक अनुवाद

नेपालमा साहित्यिक अनुवादको थालनी धेरै पछिमात्र भयो। *भारतवर्ष* अनुवाद भएको लगभग ३०० वर्षपछि साहित्यिक रूपले महत्त्वपूर्ण मानिने पहिलो कृति *महाभारत* को *विराट पर्व* नेपालीमा अनुश्रुत भएर लेखिएको पाइन्छ। यसलाई कवि, नाटककार, आख्यानकार श्रीहरिवल्लभ उपाध्यायले सन् १८२७ मा नेपालीमा सिर्जना गरेका थिए। यस कृतिलाई श्रेष्ठ र शर्माले नेपाली भाषाको पहिलो कथात्मक कृति मानेका छन्। उनीहरूका अनुसार, यही कृतिबाट नेपालको उपन्यास लेखनको इतिहास सुरु भएको मान्न सकिन्छ (२०६४, पृ. ७०, ९९)।

त्यस्तै, *हास्यकदर्पण*, *हितोपदेश–मित्रलाभ*, *शृङ्गार सौन्दर्य गाथा*, *रामायण* आदिका अनुवादित कृतिहरू यस कालका महत्त्वपूर्ण साहित्यिक अनुवाद मानिन्छन्। यस्ता अनूदित शास्त्रहरूले नेपालमा गद्य र पद्य लेखनको थालनी र विकासमा उल्लेखनीय भूमिका खेलेका छन्।

प्रारम्भिक कालमा संस्कृतबाट नेपालीमा अनूदित साहित्यिक शास्त्रहरू

क्र.सं.	शास्त्र/कृति	अनुवादक	अनुमानित मिति
1	महाभारत विराट पर्व	श्रीहरिवल्लभ उपाध्याय	१८२७
2	तक्षक नागको कथा	अज्ञात	१८३१ तिर
3	हितोपदेश - मित्रलाभ	भानुदत्त	१८३३
4	लक्ष्मीधर्म र संवाद	रामभक्त पाण्डे (रे)	१८५१
5	हास्यकदर्पण	श्रीहरिवल्लभ उपाध्याय	१८५५ तिर
6	बेतालपञ्चविंशति	गौरिशंकर शर्मा	१८५५
7	महातत्त्व मुद्रा कथाहा	लक्ष्मीनारायण जोशी	१८५८
8	पञ्चाविंशति बेताल	अमृतानन्द	१८६० को दशक
9	षट्सप्ततिपुत्र लीलाका कथाहा	अज्ञात	१८६० को दशक
10	स्वप्नासको कथाहा	अज्ञात	१८६० को अन्त्यतिर
11	स्वप्नासको कथा	अज्ञात	१८७० को पूर्वार्ध

12	दशकुमार चरित्र	वाणभट्ट	१८७५
13	व्यथान्तक कथाहा	अज्ञात	१८७८
14	महाभारत गदापर्व	विजयानन्द	१८८६
15	गीतगोविन्द	हरिनारायण व्याकरण	१८८८
16	गीतगोविन्द	योगानन्द अङ्गबगरे	१८८८ तिर
17	श्रृङ्गार सौन्दर्य गाथा	सुदर्शनानन्द बाउना	
18	मुक्तारत्न	भवानन्द	१८९० को आरम्भदेखि
19	महाभारत उद्योगपर्व	भवानन्द	
20	मार्कण्डेय पुराण (संक्षिप्त अध्याय)	भवानन्द	
21	हितोपदेश - मित्रलाभ	भवानन्द	
22	आत्मबोध	भवानन्द	
23	रामायण	भानुभक्त आचार्य	१८९८–१९१०
24	वृत्तवर्णनिका	जमादार उत्पतिसिंह चाल	१९१८
25	रामगीताभाषा	भानुभक्त आचार्य	१९२५

यस मध्ये केही अनूदित कृतिका बारेमा टिप्पणी गर्नु सान्दर्भिक देखिन्छ। शिववल्लभ उपाध्यायको ‘महाभारत विराट पर्व’ कृतिको ऐतिहासिक महत्त्व छ। यसै स्थितिका आधारमा अनुवादक उपाध्याय “प्रथम गद्यायनकार” बनेका छन् (शर्मा र भट्टराई, २०६१, पृ. ५०)। उनको अर्को अनूदित कृति ‘हास्यकदम्ब’ दुई पक्षबाट महत्वपूर्ण देखिन्छ।

पहिलो, शिववल्लभ उपाध्याय यस कृतिका लेखक र अनुवादक दुवै हुन्। लेखक स्वयंद्वारा अनुवाद भएकाले यसको भाषा संस्कृत मूलको जस्तै मिठासपूर्ण छ भन्ने संकेत पोखरेलले गरेका छन् (२०६२,

पृ. ३३६)। दोस्रो, संस्कृतको मूल कृति नाटकको रूपमा भए तापनि यसलाई नेपालीमा कथाको संरचनामा ढालिएको छ। अनुवादमा विधागत परिवर्तनको यो एउटा उपयुक्त नमुना हो।

नेपाली वाङ्मयमा यस कृतिको स्थानका सन्दर्भमा पोखरेलको टिप्पणी मननीय छ, उनको 'हास्यकदम्ब' मा नेपाली भाषाको चमत्कार र सामर्थ्य स्पष्ट देखिएको छ। 'हास्यकदम्ब'को उपयोगिता सर्वकालीन र अमर छ (२०४८, पृ. १०७)।

भानुभक्तको अनुवाद 'हितोपदेशे मित्रलाभ' प्रारम्भिक चरणको नेपाली गद्यायनको उत्कृष्ट नमुना हो। यस अनुवादकका बारेका विस्तृत जानकारीहरू उपलब्ध हुन सकेका छैनन्। यो अनूदित ग्रन्थ अनुवाद प्रवृत्तिका दृष्टिले महत्वपूर्ण छ। पोखरेलले यो अनुवाद साहित्यसेवाका लागि भन्दा पनि आर्थिक उपार्जनका उद्देश्यले गरिएको ठान्दै टिप्पणी गरेका छन्।

यस सन्दर्भमा उनले अगाडि लेखेका छन्, "भानुभक्तले सन् १८३३ मा धन प्राप्तिका लागि 'मित्रलाभ'को अनुवाद गरेका हुन्। कुनै मनपरेकी दुलहीलाई रिझाएर भानुभक्त धनको लाभ गर्न चाहन्थे" (पोखरेल, २०६२, पृ. ३२८)।

बारौँ शताब्दीका कवि जयदेवको कालजयी काव्य 'गीतगोविन्द'लाई झण्डै एकै समयमा दुई व्यक्तिले नेपालीमा अनुवाद गरे। यस कृतिलाई हरिनारायण शास्त्रीले र अंबरसिंह योगीले १८८८ को आसपासमा अनुवाद गरेका हुन्।

यी दुई अनूदित कृतिको तुलना गर्दा प्रारम्भमा पोखरेलले हरिनारायण शास्त्रीको अनुवादको शैली घुमाउरो र कठिन भए तापनि अंबरसिंह योगीको अनुवादभन्दा लयदार भएको टिप्पणी गरेका छन् (२०६२, पृ. ३४५)।

जयदेवकृत 'गीतगोविन्द' भारतीय उपमहाद्वीपका सबैजसो भाषाहरूका साथै अंग्रेजी, जर्मनजस्ता भाषाहरूमा पनि अनुवाद भई विश्वभर फैलिएको छ।

यस कृतिको अनुवादले उक्त समयमा नेपाली विद्वान्हरूको भारतीय शास्त्रीय कृतिप्रति अनुरागलाई संकेत गर्दछ। यसै कृतिको अनुवादबाट नेपालीमा बहुअनुवाद परम्पराको थालनी भएको मान्न सकिन्छ।

सोही कृति १९५१, १९५५, २०५५, २०५९ र २०६३ मा विभिन्न शीर्षकहरूमा अनुवाद भई नेपाली भाषामा आएको छ। ती अनुवादहरूको चर्चा आउँदा शीर्षकहरूलाई कालक्रम अनुसार गरिने छ।

नेपाली अनुवाद साहित्यमा 'रामायण'ले विशेष स्थान ओगटेको छ। अनुसृजनाको उत्कृष्ट नमुनाका रूपमा रहेको यस कृतिले अनुसृजक भानुभक्तलाई मौलिक कविको रूपमा प्रसिद्ध दिलायो। समालोचक सुवेदी र श्रेष्ठका अनुसार भानुभक्तले ११ वर्ष लगाएर यस कृतिको अनुसृजना गरेका हुन् (२०६७, पृ. ७)।

'रामायण'का सन्दर्भमा दयाराम श्रेष्ठ र मोहनराज शर्माको बुझाइ यस्तै छ, "यसको महत्वपूर्ण कृति 'रामायण' संस्कृतको 'अध्यात्म रामायण'मा आधारित भए तापनि यसले समाजको आवश्यकतालाई बुझेर यसको मौलिक समायोजन गरेका छन्" (२०६४, पृ. ३७)।

वि.सं. १८७० को दशकदेखि अंग्रेजी भाषा नेपाली अनुवादको स्रोतका रूपमा देखापरेको हो। 'तन आहान' (१८७६) लाई यसको उदाहरणका रूपमा लिन सकिन्छ। सुकुमार शर्मा (२०५९) र दयाराम श्रेष्ठ (२०६५) ले यो आहानहरू अंग्रेजीबाट अनुवाद भएको मानेका छन्।

व्याकरणविद् जे. एल. ईटनले आफ्ना मित्र साउथलाई यो तन आहान नेपालीमा अनुवाद गर्न लगाएका थिए। यसमध्ये अनूदित आहानको एक सानो अंश यस प्रकार रहेको छ :

एउटा मानिस राजा छेउ फरियाद गर्न गयो। कस्तो फरियाद गर्यो भने, "घरमा मानिस सधैं आइकन म मेरो सेवागर्न आएको देख्छ, तर म भने तिनीलाई कहिल्यै देख्न पाउँदिन। कुन हो कुन हो। तपाईंको न्यायको आस राखेर तिनीलाई सभामा तान्न खोजेको हुँ।"

त्यसपछि राजाले उसलाई एउटा अत्तर भरेको सिसी दिँदै आदेश गरे — "यो सिसी तिमी आफ्नो सेवागर्नेलाई सोपेर कसैलाई नदेऊ।"

त्यो मानिसले त्यसै गर्यो। राजाले पहरेदारलाई भने — "कससँग वासना आयो भने उसलाई समातेर ल्याऊ।" (पोखरेल, २०६२, पृ. २३७)

मुन्सी 'तीन आहान' को नेपाली अनुवादको अनुवादमा अनुसरण भएको प्रकृति र यसको गुणस्तरका सन्दर्भमा पोखरेलले यस्तो टिप्पणी गरेका छन् — "यी आहानहरूका वाक्य नेपाली कसीमा

नघोटिएर बेलायती कसी घोटिएका छन्। तिनलाई पक्का भाषा नजाने व्यक्तिद्वारा यसरी रचिएका हुन् भन्ने प्रष्टै थाहा पाइन्छ" (२०६२, पृ. ३४१)।

यस प्रकारको अनुवादलाई स्रोतभाषोन्मुख अनुवाद भन्न सकिन्छ। पोखरेलले भाषिक परिवर्तनको अभावको मुख्य दोष अनुवादकको नभई सम्पादक ईटनकै भएको संकेत गरेका छन्।

बाइबलका अनूदित कृति 'धर्मपुस्तक' (१८७८) र 'सरेरामपुर बाइबल' (१८८४) यस अवधिमा अङ्ग्रेजीबाट नेपालीमा अनुवाद भएका कृतिहरू हुन्। 'तन आहान' र 'बाइबल'को अनुवादले नेपाली अनुवादको स्रोत भाषाको सङ्ख्यामा विस्तार आउन थालेको देखिन्छ।

'बाइबल'को अनुवादले नेपाली र अङ्ग्रेजी भाषाबीचको अनुवादात्मक सम्बन्धको सुरुआत भयो। यसबाट नेपाली भाषामा अङ्ग्रेजी भाषाका विशेषगरी इसाई धर्मका धार्मिक नाम र अवधारणाहरू प्रवेश गर्न थाले।

भाषिक परिवर्तनको दृष्टान्तका लागि 'ओल्ड टेस्टामेन्ट'को नेपाली अनुवाद 'धर्मपुस्तक'को सुरुवातका केही पंक्तिहरू हेरौँ :

धर्मपुस्तक

सुसमाचार मत्तिका (संवत् १८७८)

१. अब्राहामका सन्तान दाउद र दाउदका सन्तान येशू ख्रीष्टका पूर्वजहरूको वंशावली यस प्रकार छ।
२. अब्राहामले इसहाकलाई जन्म दिए, इसहाकले याकूबलाई जन्म दिए, याकूबले यहूदालाई र उनका
३. भाइहरूलाई जन्म दिए। यहूदाले फारस र जेरहलाई तामारबाट जन्म दिए, फारसले हेचरोनलाई जन्म दिए।
४. हेचरोनले रामलाई जन्म दिए, रामले अमीनादावलाई जन्म दिए, अमीनादावले नाहशोनलाई जन्म दिए।
५. नाहशोनले साल्मोनलाई जन्म दिए, साल्मोनले राहाबबाट बोआजलाई जन्म दिए, बोआजले रूथबाट ओबेदलाई जन्म दिए।
६. ओबेदले यिशैलाई जन्म दिए, त्यसपछि यिशैले राजा दाउदलाई जन्म दिए। दाउदले ऊरियाको पत्नीबाट सुलैमानलाई जन्म दिए।
(स्रोत: पोखरेल, २०६२, पृ. २४२)

यस अनुवादमा मूलतः शब्द सापटी र शाब्दिक अनुवादको अनुसरण गरिएको छ। अब्राहाम, इसहाक, याकूब, यहूदा, फारसजस्ता अङ्ग्रेजीका धार्मिक नामहरू सिधै नेपालीमा प्रयोग गरिएको छ भने, "सन्तान", "ख्रीष्ट" र "वंशावली"जस्ता शब्दहरू भने मूल स्थितिमा प्रत्यक्ष शाब्दिक अनुवाद हुन्। वाक्य संरचनामा अङ्ग्रेजी मूल कृतिको प्रभाव झल्किन्छ।

'बाइबल' को अनुवादसँगै अङ्ग्रेजी भाषासँगको अनुवादात्मक सम्बन्धले नेपाली अनुवाद कार्यको नयाँ आयामको सुरुआत गऱ्यो र यसले दिशागत परिवर्तनको संकेत पनि दियो। तथापि, यो आयामले मौलिक उचाइ पाउन सकेन, किनभने प्रारम्भिक कालमा अङ्ग्रेजीले स्रोत भाषाको रूपमा आफ्नो प्रभुत्व जमाउन सकेन।

नेपालमा 'बाइबल' अनुवाद गर्नुको मुख्य उद्देश्य इसाई धर्मको प्रचारप्रसार गर्नु थियो। नेपाली भाषामा अनूदित 'बाइबल'को लक्षित पाठकवर्ग भारतमा रहेका नेपाली समुदाय थिए, त्यसैले यसको अनुवाद पनि भारतको भूगोलमा गरिएको थियो। नेपालमा इसाई धर्मावलम्बीहरूको कुनै सामूहिक उपस्थिति नहुँदा नेपाली भाषाको 'बाइबल'ले विशिष्ट प्रभाव जमाउन सकेन।

नेपालको भूगोलमा कार्यरत अनुवादकहरूले धर्म, संस्कृति, दर्शन र साहित्यका मूल भाषा संस्कृतलाई नै प्रमुख स्रोत बनाए।

५.३ प्रारम्भिक कालका प्रमुख प्रवृत्तिहरू

प्रारम्भिक कालका प्रमुख प्रवृत्तिहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ:

५.३.१ अनुवादको प्रवाह

अनुवादको यो चरण एकल दिशात्मक प्रकृतिको थियो। अनुवादको प्रवाहलाई हेर्दा सबैजसो अनुवाद संस्कृतबाट भएका थिए। अङ्ग्रेजी भाषाको पनि केही प्रयोग देखिए तापनि यस भाषाबाट लेखिएका ग्रन्थहरूको अनुवादले खासै स्थान बनाउन सकेन। त्यस समयको नेपाली साहित्यले आफ्नो मातृभाषा संस्कृतलाई नै प्रमुख स्रोतको रूपमा स्वीकार गरेको पाइन्छ।

प्रारम्भिक चरणमा नेपालतर्फको यस प्रकारको एकल दिशात्मक प्रवाहलाई स्वाभाविक मानिन्छ। अनुवादको यस प्रवाहलाई इभन-जोहर (ई. १९७८) को बहु प्रणाली (Polysystem) सैद्धान्तिक दृष्टिकोणले नवभाषाको वाङ्मय विकासको पहिलो चरणको रूपमा अध्ययन गरिएको छ।

यस सैद्धान्तिक दृष्टिले हरेक भाषाले सुरुमा अनुवादमार्फत सम्बन्धित मूल भाषाको वाङ्मयलाई आफ्नै भाषामा समाहित गर्ने गर्छ भन्ने मान्यता प्रस्तुत गरिएको छ। संस्कृतबाट नेपालतर्फको अनुवादलाई हेर्दा यो मान्यता सन्दर्भसंगत देखिन्छ।

५.३.२ लक्ष्यमुखी अनुवाद

विकासक्रमका विद्वान्हरूले स्रोत भाषा (संस्कृत) र लक्ष्य भाषा (नेपाली) बीचको सम्बन्ध लक्ष्यमुखी देखिएको बताएका छन्। पुरानो भाषाबाट नयाँ भाषातर्फको अनुवादलाई लक्ष्यमुखी अनुवादका रूपमा व्याख्या गर्न सकिन्छ।

नेपाली वाङ्मयको उदय नै लक्ष्यमुखी अनुवादबाट भएको हो। सुरुका दिनहरूमा नेपाली भाषाले संस्कृतजस्ता पुराना र समृद्ध मातृ भाषाका ग्रन्थहरूलाई आफ्ना वाङ्मयको आधारस्तम्भका रूपमा प्रयोग गरेको थियो।

संस्कृत र नेपालीबीचको अनुवाद सम्बन्धमा दयाराम श्रेष्ठले यस्तो टिप्पणी गरेका छन्— *"प्रारम्भिक कालको नेपाली वाङ्मय संस्कृत वाङ्मयकै वंशक्रमबाट विकसित भएको हुँदा साहित्यइतिहासको आदिकाल पूरै संस्कृतको अनुवादबाट आरम्भ भएको पाइन्छ। नेपाली गद्य वा गद्यायनको यो प्रारम्भिक काललाई अनुवाद काल भन्नु उपयुक्त हुने देखिन्छ।"* (२०६५, पृ. ११८)

५.३.३ स्रोत ग्रन्थहरूको प्रकृति

यस चरणमा साहित्यिक र साहित्येतर दुबै प्रकारका ग्रन्थहरू नेपालीमा अनुवाद भए। साहित्येतरतर्फ ज्योतिष (जस्तै– भावगत, भास्कराचार्यीय), दर्शन (जस्तै– आत्मबोध), राजनीतिशास्त्र (जस्तै– राजधर्म), तान्त्रिक र लोकोपयोगी तथा घरेलु चिकित्सासम्बन्धी ग्रन्थहरूको अनुवाद गरिएको पाइन्छ।

साहित्यतर्फ भने आख्यान (जस्तै– हास्यकदम्ब, हितोपदेश, मृच्छकटिक, दशकुमार चरित्र, महाभारतका सबै पर्वहरू, मार्कण्डेय पुराण), विशिष्ट काव्य (जस्तै– गीतगोविन्द), धार्मिक आख्यान (जस्तै– अध्यात्म रामायण, बाइबल) तथा पौराणिक ग्रन्थहरूको अनुवाद गरियो।

यी ग्रन्थहरू हेर्दा यस चरणको अनुवादमा विषयगत विविधता रहेको स्पष्ट देखिन्छ।

५.३.४ स्रोत भाषा

यस कालमा भएका अधिकांश अनूदित कृतिहरूको स्रोत भाषा संस्कृत नै थियो। संस्कृतबाहेक अङ्ग्रेजी भाषाको केही प्रयोग देखापरे पनि यसको प्रभाव तुलनात्मक रूपमा कम थियो। गोविन्दराज भट्टराईले उल्लेख गरेअनुसार यो बाहेक अवध, भोजपुर, उदीसा जस्ता उत्तर भारतमा बोलिने स्थानीय भाषाबाट केही लोकसाहित्यको पनि अनुवाद भएको हुनसक्ने संकेत गरिएको छ (इ. १९९९, पृ. ६२)।

तर प्रारम्भिक कालमा ती भाषाका ग्रन्थहरू नेपालीमा अनुवाद भएको ठोस प्रमाण भेटिएको छैन।

५.३.५ अनुवाद 'सोचेको' कार्यको रूपमा

यस चरणमा अनुवादलाई सोचविचार गरेर गरिने कार्यको रूपमा लिइएको देखिन्छ। व्यवहारिक ज्ञानप्रदान, नैतिक शिक्षादान, धार्मिक प्रचारप्रसार तथा साहित्यको उन्नतिसँगै केही हदसम्म आर्थिक उपार्जनको माध्यमका रूपमा पनि अनुवाद गरिएको थियो।

यसरी नै यस कालमा अनुवादले राष्ट्रको तर्फबाट पनि विशिष्ट प्रयोजन पाएको स्पष्ट पोखरेलले उल्लेख गरेका छन्:

"प्रिथ्वीनारायण शाहले आजको विशाल नेपाल निर्माण गर्न पाएपछि नेपाली साहित्य विकसित गर्नतर्फ लागे। तिनका सहयोगी रणबहादुर, गौरीशंकर र उनका समकालीनहरूले यसको संरक्षण गरे। भिमसेन थापा र उनका भाइ–भतिजाहरूले यस भाषामा विभिन्न ग्रन्थहरूको अनुवाद गराए।"

यसले देखाउँछ कि नेपालमा भाषा–साहित्यको जग बसाल्नमा मौलिक लेखनभन्दा पनि अनुवादले सशक्त आधारभूमिको निर्माण गरेको थियो।

५.३.६ अनुवाद र अनुसृजनाको सम्बन्ध

प्रारम्भिक कालमा अनुवाद र अनुसृजना दुबै प्रक्रियामार्फत अन्य भाषाका पाठहरू नेपालीमा प्रवेश गराइएका थिए। अनुवाद गर्दा सकेसम्म स्रोत पाठको अनुसरण गरिन्थ्यो जसले गर्दा अनूदित पाठलाई यसको स्रोतसँग सजिलै तुलना गर्न सकिन्थ्यो। 'धर्मपुस्तक' र 'सेरेरामपुर बाइबल' त्यस्ता उदाहरणहरू हुन्।

तर, अनुसृजना गर्दा अनुसृजकले आफ्ना रुचि र लक्षित भाषाभाषीको आवश्यकताअनुसार स्रोत पाठमा थपघट तथा फेरबदल गरिरहेका हुन्थे।

फलस्वरूप, अनुसृजित पाठलाई यसको मूल पाठसँग समानान्तर रूपमा तुलना गर्न कठिन पर्छ। अनुसृजित पाठमा अनुसृजकको सिर्जनात्मक पक्षले बढी स्थान पाउँछ। 'भानुभक्तीय रामायण' अनुसृजनाको एक उत्कृष्ट नमुना हो।

प्रश्नहरू-

१. नेपाली अनुवादको इतिहाससम्बन्धी सामग्री कुन ग्रन्थको सन्दर्भबाट लिइएको हो?

२. विद्यार्थीहरूका लागि प्राथमिक अनुवादको इतिहास किन आवश्यक ठानिएको छ?

३. यस पाठमा मुख्यरूपमा कुन कालको अनुवाद परम्परालाई केन्द्रमा राखिएको छ?

४. अनुवादको इतिहास अध्ययन गर्दा विद्यार्थीहरूले के–के कुरा बुझ्न सक्छन्?

५. अनुवाद परम्पराको विकासक्रममा प्रारम्भिक स्रोत भाषा कुन–कुन थिए?

थप अध्ययनका लागि सन्दर्भ सामग्री

१. पोखरेल, डा माधव प्रसाद, प्रधान सम्पादक, जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास, दोस्रो ठेली, पाटन, विसं २०७६

२. अकेला, गङ्गाप्रसाद। "वर्तमान युगमा नेपालको राष्ट्रभाषा मैथिलीमा अनुवादको स्थिति, चुनौती र आवश्यकता।" नेपाल प्रज्ञा–प्रतिष्ठानद्वारा आयोजित कार्यशालामा प्रस्तुत कार्यपत्र, २०६८।

३. अधिकारि, प्रताप। (अनु.) *हिमदेश*। काठमाडौं: साझा प्रकाशन, २०४५।

४. अधिकारि, बलराम। "साहित्यिक अनुवादका प्रवृत्ति र विविधता।" कमलादी: नेपाल प्रज्ञा–प्रतिष्ठानद्वारा आयोजित अनुवादसम्बन्धी अन्तर्राष्ट्रिय विचार गोष्ठीमा प्रस्तुत कार्यपत्र, २०६७।

५. अधिकारि, बलराम। "अनुवाद प्रणाली।" नेपाल प्रज्ञा–प्रतिष्ठान, कमलादीमा प्रकाशित अनुसन्धान प्रतिवेदन, २०७०।

६. अधिकारि, बलराम। *अनुवाद प्रणाली र प्रयोग*। काठमाडौं: प्रथम प्रकाशन, २०७१।

७. अधिकारि, बलराम (अनु.) *अनुवाद अध्ययन परिचय* (दोस्रो संस्करण)। काठमाडौं: रत्न पुस्तक भण्डार, २०७२।

८. अधिकारि, हेमराज। *भाषा शिक्षण: केही परिप्रेक्ष्य तथा प्रवृत्ति*। काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०६७।

९. अंक, गोपाल र गुप्ता, इन्द्रसेन। "भोजपुरमा अनुवाद साहित्यको वर्तमान स्थिति: एक अभिमुखीकरण।" कमलादी: नेपाल प्रज्ञा–प्रतिष्ठानद्वारा आयोजित कार्यशालामा प्रस्तुत कार्यपत्र, २०६८।

१०.अमात्य, ओमचरण। (अनु.) *इल्याड*। काठमाडौं: साझा प्रकाशन, २०५५।

११.इस्माइल। *आफन्तका कथा*। (अनु.) बाचाचार्य, चूडामणि, २०४९।

१२.उपाध्याय, खेमराज। *हर्ष–चरित्र*। कमलादी: नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, २०२२।

१३.उपाध्याय, चूडामणि। *जीवनका बाटामा*। असम: असम नेपाली साहित्य सभा, २०१३।

१४.उपाध्याय, भूमिकान्त। "बङ्गला भाषाबाट नेपालीमा अनुवाद गरिएका रचनाहरू।" *वाङ्मय*, (२०४९), अङ्क ६, पृ. ३९–६०।

१५.कमाचाचर्य, माधवलाल र रिजाल, ईश्वरमान। (सम्पा.) *अनुवाद स्थिति–सूचना*। काठमाडौं: नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, २०५९।

१६.कोइराला, तारानाथप्रसाद। (अनु.) *विद्यार्थीहरूका लागि* (दोश्रो संस्करण)। काठमाडौं: ओरियन्टल पब्लिकेशन, २०७०।

१७.कोइराला, तारानाथप्रसाद। (अनु.) *चिठ्ठी लेखा*। काठमाडौं: ओरियन्टल प्रकाशन, २०७१।

१८.कोइराला, शरण। "गोरखापत्र सेवाका पाँच वर्ष।" रेगे, शिव; भट्टराई, शिवप्रसाद; भट्टराई, जयदेव (सम्पा.) *गोरखापत्रको इतिहास*। (२०६७), पृ. १४३–१४४।

१९.ढुंगाना, यमबहादुर। "विश्वसाहित्यबाट नेपालीमा अनूदित कृतिहरू : एक परिचर्चा।" नेपाल प्रज्ञा–प्रतिष्ठान तथा चेतना संरक्षण प्रतिष्ठान विराटनगरको तत्त्वावधानमा आयोजित संगोष्ठीमा प्रस्तुत कार्यपत्र, २०६८।

२०. खनाल, अजयभट्ट। (अनु.) "सपनाका व्यापारी र एनिमल फाम।" *शिक्षक*, (२०७१) वर्ष ७, विशेष अङ्क, पृ. ७९।

२१. खारलिङ, ड्यानियल। (अनु.) *चिन्ताश्रृङ्खला*। कमलादी: नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान, २०२९।

२२. घिमिरे, झमक। *जीवन काँडा कि फूल*। काठमाडौं: ओरियन्टल पब्लिकेशन, २०६७।

२३. घिमिरे, रोचक। "गोरखापत्रमा साहित्यिक प्रकाशन क्रियाकलाप।" रेगे, शिव; भट्टराई, शिवप्रसाद; भट्टराई, जयदेव (सम्पा.) *गोरखापत्रको इतिहास*। (२०६७), पृ. १०३–१०७।

२४. छेत्री, ज्ञानबहादुर। "भूमिका।" चूडामणि उपाध्याय (अनु.) *जीवनका बाटामा*। असम: असम नेपाली साहित्य सभा, (२०१३), पृ. ७–१६।

-----------------------------------x---